ISBN 978-9937-0-1126-6

# आदिवासी अधिकार हननका घटनाहरू




नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह

(लाहुर्निप)

# आदिवासी अधिकार हननका घटनाहरू

**संकलन**
दुर्गामणि राई (याम्फू)
अमिता राई
मनोज राई

**सम्पादन**
शान्ति कुमारी राई
दिनेश कुमार घले
शंकर लिम्बू
भिम राई
टहल थामी

**नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह**
**(लाहुर्निप)**

**प्रकाशक**
नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अनामनगर, काठमाडौं, पो.ब. नं.: ११११७९, काठमाडौं
फोनः +९७७ ०१ ४२६८५१०
इमेलः lahurnip.nepal@gmail.com वेबसाइटः www.lahurnip.org

सर्वाधिकार © लाहुर्निप, सन् २०१६

प्रथम प्रकाशन सन् २०१६

**आवरण सज्जा कम्प्युटर लेआउट**
यति इन्टरप्राइजेज
मो.: ९८५१०८४३९३
इमेलः yetienter2016@gmail.com

**मुद्रण**
हिसी अफसेट प्रिण्टर्स प्रा.लि.
जमल, काठमाडौं
फोन नं: ०१-४२२६४१६

ISBN: 978-9937-0-1126-6

# प्रकाशकीय

विदितै छ, नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) आदिवासीको मानव अधिकारका क्षेत्रमा काम गर्छ। एकातिर, आदिवासीहरू दैनिकजसो विकासका नाममा हुने गरेका विभिन्न प्रकारका भौतिक संरचान निर्माणबाट प्रताडित हुने गरेका छन् भने अर्को तर्फ उनीहरूको मानव अधिकारको अवस्था नाजुक बनिरहेको छ। प्रस्तुत पुस्तकमा समाविष्ट १५वटा मानव अधिकार हननका घटनाहरू तिनैमध्येका प्रतिनिधिमूलक घटनाहरू हुन्।

यस पुस्तकमा समावेश मानव अधिकार हननका घटनहरू विभिन्न क्षेत्र र परिवेशमा भएका हुन्। विशेषतः जलविद्युत परियोजना, भूमि तथा प्राकृतिक स्रोत अतिक्रमण, साँस्कृतिक तथा धार्मिक अतिक्रमणलगायतका मानव अधिकार हननका घटनाहरू यस पुस्तकमा समावेश गरिएका छन्। त्यसको अलावा आदिवासीहरूको अधिकारमा नकारात्मक असर पार्ने किसिमका व्यापारिक प्रयोजनका लागि निर्माण तथा संचालन हुने भौतिक संचनाका घटनाहरू पनि यस पुस्तकमा समावेश छन्।

नेपाल सरकारले सहमति जनाएको तथा अनुमोदन गरेको आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९लगायतका मानव अधिकारका अन्तर्राष्ट्रिय मानव अधिकारका दस्तावेजहरू व्यवहारमा कार्यान्वयन नहुनु आफैंमा विडम्बनाको कुरा हो।

विश्वका अन्य मुलुकहरूमा झैं नेपालमा पनि ठूला-ठूला विकास निर्माणहरू आदिवासी भूमि तथा भू-क्षेत्रमा हुने गरेका छन् । तर, लामो समयदेखि उनीहरूको रेखदेख र संचालनमा रहेका भूमि, प्राकृतिक स्रोतमाथिको अधिकार संरक्षणमा राज्य लागेको घटना बिरलै छन् र उनीहरू सधैँ विकास विरोधीका रुपमा चित्रित हुने गरेका छन् । वास्तवमा आदिवासीहरू कहिल्यै विकास विरोधी भएनन् र हुँदैनन् पनि । दीगो विकास सधैँ उनीहरूको चासोको विषय हुने गरेको छ । त्यसका लागि उनीहरू विकास प्रक्रियामा स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior and Informed Consent-FPIC) तथा स्वनिर्णित विकासको पक्षमा उभिने गरेका छन् ।

नेपाल तथा संसारका विभिन्न अध्ययनबाट पनि के प्रष्ट हुन्छ भने आदिवासीहरूको सहभागितामा भएका विकासहरू दीगो तथा वातावरणमैत्री हुने गरेका छन् ।

नेपालको सन्दर्भमा पनि आदिवासी तथा स्थानीय समुदायको सहभागितामा हुने विकास निर्माणहरू दीगो तथा प्रभावकारी बनेका दृष्टान्तहरू धेरै छन् । तर, राज्य तथा विकासका नाममा परियोजना संचालन गर्नेहरू अदूरदर्शी र नाफामुखी मात्र भएका कारण धेरै आदिवासी तथा स्थानीय समुदायले विकासको नाममा विनाश र पीडा भोगिरहेका छन् ।

त्यस्ता दर्दनाक मानव अधिकार विरुद्ध भएका घटनाहरूको दस्तावेजीकरण गरी यथार्थता सबै सामु ल्याउने कोशिस लाहुर्निपले गरेको छ । यस पुस्तकमा समावेश भएका मानव अधिकार हननका घटनाहरूले नीति निर्माता, लगानीकर्ता, मानव अधिकारकर्मी, अध्ययन अनुसन्धानकर्ता तथा अभियन्ताहरूको आँखा खोल्ने छ र मानव अधिकार हनन जस्ता जघन्य घटनाहरू विरुद्धमा आवाज उठ्ने छ भन्ने लाहुर्निपले अपेक्षा गरेको छ ।

साथै यस पुस्तक प्रकाशनमा सहयोग गर्ने International Work Group for Indigneous Affairs (IWGIA) प्रति धन्यवाद ज्ञपन गरिन्छ ।

अन्तमा यस पुस्तकमा समावेश घटनाहरू संकलन तथा प्रकाशनमा महत्वपूर्ण योगदान गर्ने लाहुर्निप आवद्ध आदिवासी मानव अधिकार प्रतिरक्षकहरू, कार्यसमितिका सदस्यहरू तथा कर्मचारीहरूप्रति धन्यवाद ज्ञापन गरिन्छ ।

शान्ति कुमारी राई
अध्यक्ष

# विषय सूची

विकास र आदिवासी........................................................ १
ढोरपाटन शिकार आरक्ष र सेना परिचालन............................ १०
खिम्ती-ढल्केबर विद्युत प्रसारण लाइन परियोजना..................... १९
धिमालको पवित्र भूमिमाथि अतिक्रमण.................................... ३४
सन्थाल जातिको धर्म संस्कृतिमाथि अतिक्रमण.......................... ४३
थारुको ऐतिहासिक पवित्र स्थल कुपामाथि अतिक्रमण................ ४९
गैरन्यायिक हत्या, ताप्लेजुङ.................................................. ५५
गैरन्यायिक हत्या तथा प्राकृतिक स्रोतमाथिको अधिकार हनन....... ६१
जब्दी छाला प्रशोधन उद्योग.................................................. ६८
राष्ट्रिय मानव अधिकार आयोगमा गैरसंवैधानिक नियुक्ति............ ७४
धरान-चतारा-गाइघाट-कटारी-सिन्धुली-हेटौंडा सडक परियोजना... ८०
डंग्राहा फोहोर व्यवस्थापन क्षेत्र निर्माण...................................... ८५
साँस्कृतिक तथा पुरातात्विक क्षेत्र अतिक्रमण................................ ९१
थारु तथा मुसहरको धार्मिक तथा सांस्कृतिक क्षेत्र अतिक्रमण........ ९७
स्थानीय निकायमा बजेट दुरुपयोग......................................... १०४
आदिवासीमाथि प्रहरी दमन, पाँचथर....................................... ११२

अनुसूचीहरू
अनुसूची १ अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९
आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९......................... ११९
अनुसूची २ आदिवासी जनजाति अधिकारसम्बन्धी
संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र.............................................. १४१

# विकास र आदिवासी

**भूमिका**

प्रस्तुत पुस्तकमा १५ वटा आदिवासी मानव अधिकार हननका घटनाहरू समावेश गरिएका छन्। समावेश आदिवासी मानव अधिकार हनन सम्बन्धी घटनाहरू अधिकांश आदिवासीहरूको भूमि, प्राकृतिक स्रोतसाधनसँग सम्बन्धित रहेका छन ।

विकासका नाममा आदिवासीहरूको भूमिमा निर्माण हुने विभिन्न भौतिक संरचना निर्माणका कारण आदिवासीहरू भूमिहीन बन्ने क्रम बढी रहेको छ ।

**विकास र आदिवासी**

विकासको अवधारणाका समय अनुसार परिवर्तन भएको पाइन्छ। शास्त्रीय अर्थशास्त्रीहरू वृद्धिलाई विकासको सूचक ठान्थे । संरचनाको वृद्धि तथा कूल गार्हस्थ्य उत्पादन (GDP) वृद्धि मात्र विकासको सूचक ठान्ने शास्त्रीय सोंच तथा विचारमा परिवर्तन आएको छ। मानिसहरूको जीवनस्तर तथा दीगो विकासको अवधारणा पछिल्लो समयमा सबैको चासो तथा चिन्ताको विषय भएको छ ।

सन् १९८० को दशकदेखि विकास प्रक्रियामा आदिवासीहरूको सहभागिताका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा मान्यता पाउन थाल्यो । यसरी मान्यता पाउनेमा ब्रुन्डल्याण्ड प्रतिवेदन, १९८७ र पछि सन् १९९२ को रियो सम्मेलनको निश्कर्षलगायत आदिवासीसँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरूको भूमिका महत्वपूर्ण छ । ब्रुण्डल्यान्ड प्रतिवेदनले आदिवासीहरूको सम्बन्धमा यस्तो भन्छः

These communities are the repositories of vast accumulations of traditional knowledge and experience that link humanity with its ancient origins … It is a terrible irony that as formal development reaches more deeply into rain forests, deserts and other isolated environments, it tends to destroy the only cultures that have proved able to thrive in these environments … Hence the recognition of traditional rights must go hand in hand with measures to protect the local institutions that enforce responsibility in resource use. And this recognition must also give local communities a decisive voice in the decisions about resource use in their area.[1]

विकास प्रक्रियमा आदिवासी तथा स्थानीय समुदायहरूको सहभागिता महत्वपूर्ण हुने कुरा विभिन्न अध्ययनहरूबाट पुष्टि भएको छ ।

**भूमि तथा प्राकृतिक स्रोत र आदिवासी अधिकार**

भूमिसँग आदिवासीहरूको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। आदिवासीहरूको लागि भूमि केवल उत्पादनको साधन मात्र होइन, भूमिसँग उनीहरूको आध्यात्मिक तथा जीवनपद्धति जोडिएको हुन्छ । सो विषयमा मार्टिनेज कोबो आफ्नो प्रतिवेदनमा लेख्छन्:

It must be understood that for indigenous populations, land does not represent simply a possession or means of production. It is not a commodity that can be appropriated, but a physical element that must be enjoyed freely. It is also essential to understand the special and profoundly spiritual relationship of indigenous peoples with mother Earth as basic to their existence and to all their beliefs, customs, traditions and culture.[2]

---

1 Brundtland Report (4 August 1987) UN doc A/42/427, P. 119.

2 José R. Martinez Cobo, Study of the Problem of Discrimination Against Indigenous Populations (30 September 1983) UN doc E/CN.4/Sub.2/1983/21/Add.8

अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ ले आदिवासीहरूको सन्दर्भमा भूमि भनिने शब्दले सम्बन्धित जनताले ओगटेका वा अन्य किसिमले प्रयोग गरेका क्षेत्रहरूको समग्र पर्यावरणलाई समेट्ने भू-क्षेत्रको अवधारणा समेतलाई जनाउनेछ[3] भनेको छ ।

आदिवासीहरूको भूमि तथा सो क्षेत्रमा उनीहरूले संरक्षण गरिरहेका प्राकृतिक स्रोतहरूमाथिको उनीहरूको अधिकार संरक्षित गर्ने दायित्व राज्यको हो । आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले आदिवासी जनजातिसँग उनीहरूले परम्परादेखि नै आफ्नो स्वामित्वमा राखेका, कब्जा गरेका वा अन्य किसिमबाट प्रयोग गर्दै आएको वा हासिल गरेको भूमि, क्षेत्र तथा संसाधनहरूमाथिको अधिकार छ[4] भनेको छ । त्यस्तै अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ ले सम्बन्धित जनताका भूमि सम्बन्धी प्राकृतिक स्रोतहरूको अधिकारलाई विशेष रुपमा सुरक्षित गरिनेछ[5] भनी कानूनी व्यवस्था गरेको छ । UNDRIP कै अर्को धारा भन्छ-आदिवासी जनजातिसँग परम्परादेखि नै उनीहरूले आफ्नो स्वामित्वमा राखेका वा अन्य किसिमबाट कब्जा गरी प्रयोग गर्दै आएको भूमि, क्षेत्र, पानी र तटवर्तीय समुद्र तथा अन्य संसाधनसँगको उनीहरूको पृथक आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने तथा यस सम्बन्धमा भावी पुस्ताप्रतिको आफ्नो उत्तरदायित्व बहन गर्ने अधिकार छ ।[6]

नेपालको सन्दर्भमा विकास निर्माणका नाममा आदिवासीहरूको भूमि अतिक्रमणले तीब्रता पाएको छ । उनीहरूको परम्परागत भूमि विकास निर्माणका लागि अधिग्रहरण गर्नुपूर्व उनीहरूसँग कुनै पनि परामर्श तथा

---

[3] ILO Convention 169, Art. 13.2.

[4] UNDRIP, धारा २६(१)

[5] अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९, धारा १५(१)

[6] UNDRIP, धारा २५

सूचना समेत दिने नगरिएको अवस्था छ । यस पुस्तकमा समावेश अधिकांश घटनाहरू आदिवासीहरूको भूमि तथा सो क्षेत्रको प्राकृतिक स्रोतसाधनसँग सम्बन्धित रहेका छन् । यसको अर्थ उनीहरूको परम्परागत भूमिमाथिको अतिक्रम तथा उनीहरूको भूमिमाथिको अधिकारहरू खोसिने क्रम बढ्दो छ ।

**आदिवासीहरूको स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी** (Free, Prior and Informed Consent-FPIC) **को अधिकार हनन**

विकास निर्माणका नाममा संचालित अधिकांश परियोजनाहरूले आदिवासीहरूको स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free, Prior and Informed Consent-FPIC) को अधिकार हनन गरेको पाइएको छ । आफूलाई प्रभाव पार्ने परियोजनाहरूका बारे सूचना पाउने अधिकार आदिवासीहरूसँग सुनिश्चित रहेको छ ।

आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रले आदिवासी जनजातिलाई प्रभाव पार्ने कानूनी वा प्रशासनिक उपायहरू अवलम्बन वा कार्यान्वयन गर्नुपूर्व राज्यहरूले आदिवासी जनजातिको स्वतन्त्र, पूर्व र सूचित मञ्जुरी प्राप्त गर्न सम्बन्धित आदिवासी जनजातिका आफ्नै प्रतिनिधिमूलक संस्थाहरूमार्फत् उनीहरूसँग असल नियतपूर्वक परामर्श र सहयोग गर्नेछन्[7] भनी उनीहरूको सूचना तथा परामर्श सम्बन्धी अधिकरको सुनिश्चितता गरेको छ । त्यस्तै नेपालको संविधानले समेत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक छन्[8] भनेको छ । तर नेपालमा संचालित विकास परियोजनाहरू उनीहरूको अधिकारका सवालमा संवेदनशील नबनेका

[7] UNDRIP, धारा १९
[8] नेपालको संविधान, धारा २७

कारण परियोजना स्थलमा द्वन्द्वको स्थिति देखा पर्ने गरेको छ। खिम्ती-ढल्केबर विद्युत प्रसारण लाइन परियोजनामा आदिवासी तथा स्थानीय समुदायहरूलाई परियोजनाको बारे सूचना नदिएको र उनीहरूसँग परामर्श नगरेको कारण लामो समयसम्म परियोजना अघि बढ्न सकेको छैन। सो परियोजनासँग सो क्षेत्रका आदिवासी तथा स्थानीय समुदायहरूले सूचना माग्दा तथा उनीहरूको अधिकारका लागि आवाज उठाउँदा पटक-पटक प्रहरीसँग झडप परेको उदाहरणहरू रहेका छन्। विकासका नाममा आदिवासीहरूको सम्पत्तिमाथिको अधिकार हनन भएका छन्। नेपालको संविधान[9]ले जनताको सम्पत्तिको अधिकार सुनिश्चित गरेको छ। तर, सो संवैधानिक प्रावधानसमेत पालना राज्यले गरेको देखिँदैन।

## धार्मिक तथा साँस्कृतिक अधिकार

नेपालको संविधान[10]ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने मौलिक हकको व्यवस्था गरेको छ। त्यस्तै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६[11] ले प्रत्येक व्यक्तिका साँस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकारलाई सुनिश्चित गरेको छ।

## अन्तर्राष्ट्रिय लगानी र आदिवासी अधिकार

अन्तर्राष्ट्रिय लगानीकर्ताहरूले आदिवासीहरूको भूमि तथा क्षेत्रमा संचालन हुने विकास निर्माण सम्बन्धी परियोजनाहरूमा लगानी गर्दा उनीहरूको अधिकार तथा सहभागितामा ध्यान दिनु पर्छ। अन्तर अमेरीकी बैंकले आदिवासहरूको विकास प्रक्रियामा आदिवासीहरूको सहभागी वृद्धिका लागि नीति बनाएको छ।

---

[9] ऐ.ऐ, धारा २५ (१)

[10] ऐ.ऐ, धारा ३२(२)

[11] ICESCR, धारा १५

अन्तर्राष्ट्रिय लगानी कर्ताहरूले आदिवासीहरूको भूमिमा विकास परियोजनाहरूमा लगानी गर्दा उनीहरूमाथि पर्ने प्रभावका बारे ध्यन दिनु आवश्यक छ । त्यसका साथै उनीहरूको अधिकार संरक्षण तथा उनीहरूमाथि पर्ने प्रभाव न्यूनीकरण उनीहरूको सहभागितामा गर्नुपर्ने हुन्छ । नेपालका सन्दर्भमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू विश्व बैंक, एसियाली विकास बैंक लगायतकाहरूले सो विषयमा चासो लिएको जस्तो देखिए तापनि कार्यान्वयन पक्ष कमजोर रहेको छ र आदिवासीहरूको अधिकार हनन तथा उनीहरूको अधिकारमा नकारात्मक असर पार्ने प्रकारको क्रियाकलापहरू रोकिएको छैन ।

नेपालमा लगानी गरिरहेका माथि उल्लिखित ठूला अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको आदिवासी सम्बन्धी छुट्टै नीतिहरू रहेका छन् । तर विकास परियोजनाहरूले ती नीति पालना गरेको पाइदैन ।

| क.सं. | घटना | जिल्ला | मानव अधिकार हननको प्रकार |
|---|---|---|---|
| १. | ढोरपाटन शिकार आरक्ष र सेना परिचालन | बाग्लुङ, रुकुम, म्याग्दी, रोल्पा र प्यूठान | • धार्मिक तथा साँस्कृतिक अधिकार ।<br>• भूमिमाथिको अधिकार ।<br>• पहिचानको अधिकार ।<br>• विकास र सहभागिताको अधिकार ।<br>• स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior-and Informed Consent-FPIC) को अधिकार । |
| २. | खिम्ती-ढल्केबर विद्युत प्रसारण लाइन परियोजना | सिन्धुली | • सामाजिक, धार्मिक तथा साँस्कृतिक अधिकार ।<br>• भूमिमाथिको अधिकार ।<br>• पहिचानको अधिकार ।<br>• विकास र सहभागिताको अधिकार ।<br>• स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free, Prior-and Informed Consent-FPIC) को अधिकार । |
| ३. | धिमालको पवित्र भूमिमाथि अतिक्रमण | मोरङ | • धार्मिक तथा साँस्कृतिक अधिकार ।<br>• भूमिमाथिको अधिकार ।<br>• पहिचानको अधिकार ।<br>• स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior-and Informed Consent-FPIC) को अधिकार । |

| | | | |
|---|---|---|---|
| ४. | सन्थाल जातिको धर्म संस्कृतिमाथि अतिक्रमण | मोरङ | ● धार्मिक अधिकार ।<br>● साँस्कृतिक अधिकार । |
| ५. | थारुको ऐतिहासिक पवित्र स्थल कुपामाथि अतिक्रमण | सुनसरी | ● धार्मिक तथा साँस्कृतिक अधिकार ।<br>● पहिचानको अधिकार । |
| ६. | गैरन्यायिक हत्य | ताप्लेजुङ | ● बाँच्न पाउने अधिकारको हनन ।<br>● धार्मिक तथा साँस्कृतिक अधिकार हनन् । |
| ७. | गैरन्यायिक हत्या तथा प्राकृतिक स्रोतमाथिको अधिकार हनन | डोल्पा | ● बाँच्न पाउने अधिकारको हनन ।<br>● परम्परागत भूमिमाथि अतिक्रमण । |
| ८. | जब्दी छाला प्रशोधन उद्योग | बर्दिया | ● आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार ।<br>● स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior Informed Consent-FPIC)को अधिकार ।<br>● भूमिमाथिको अधिकार ।<br>● स्वच्छ वातावरणको अधिकार । |
| ९. | राष्ट्रिय मानव अधिकार आयोगमा गैरसंवैधानिक नियुक्ति | नेपाल | ● समानताको अधिकार ।<br>● सहभागिताको अधिकार । |
| १०. | धरान-चतारा-गाइघाट-कटारी-सिन्धुली-हेटौडा सडक परियोजना | सिन्धुली | ● आर्थिक, सामाजिक र नागरिक अधिकार । |

| | | | |
|---|---|---|---|
| ११. | डंग्राहा फोहोर व्यवस्थापन क्षेत्र निर्माण | मोरङ | ● स्वतन्त्र, पूर्व जानकारीसहितको मन्जुरी (Free, Prior and-Informed Consent-FPIC) को अधिकार ।<br>● सामाजिक तथा साँस्कृतिक अधिकार ।<br>● भूमि सम्बन्धी अधिकार । |
| १२. | साँस्कृतिक तथा पुरातात्वि क्षेत्र अतिक्रमण | काठमाडौं | ● धार्मिक तथा साँस्कृतिक अधिकार ।<br>● पहिचानको अधिकार । |
| १३. | थारु तथा मुसहरको धार्मिक तथा साँस्कृतिक क्षेत्र अतिक्रमण | सुनसरी | ● धार्मिक तथा साँस्कृतिक अधिकार ।<br>● भूमिमाथिको अधिकार ।<br>● पहिचानको अधिकार । |
| १४. | स्थानीय निकायमा बजेट दुरुपयोग | तेह्रथुम | ● सहभागिताको अधिकार । |
| १५. | आदिवासीमाथि प्रहरी दमन | पाँचथर | ● सम्मानपूर्वक बाँच्न पाउने हक ।<br>● स्वतन्त्रताको हक ।<br>● विकास र सहभागिताको अधिकार ।<br>● स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free, Prior and-Informed Consent) को अधिकार ।<br>● शान्तिपूर्वक बाँच्न पाउने हक । |

# ढोरपाटन शिकार आरक्ष र सेना परिचालन

१. **घटना विवरण**

क. **मानव अधिकार हननको प्रकार**

- धार्मिक तथा साँस्कृतिक अधिकार
- भूमिमाथिको अधिकार
- पहिचानको अधिकार
- विकास र सहभागिताको अधिकार
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior and Informed Consent-FPIC) को अधिकार

ख. **घटना भएको मिति र समय**

- मिति: २०६९ साल

ग. **घटना भएको स्थान**

जिल्ला: ५ जिल्ला (बाग्लुङ, रुकुम, म्याग्दी, रोल्पा र प्यूठान)

गाविस: माथि उल्लिखित जिल्लाका ३९ गाविस

२. **पीडित(हरू)को विवरण**

क. **पीडित(हरू)को नाम थर**

- जातीय/आदिवासी समूह: मगर, गुरुङ, छन्त्याल, थकाली तथा अन्य समुदायहरू
- संस्थागत आवद्धता: विभिन्न सामाजिक संघसंस्थाहरूमा आवद्ध रहेको

**ख. पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थानः रुकुम, म्याग्दी, बाग्लुङ, रोल्पा र प्यूठान
- समुदायमा कूल प्रभावितहरूको संख्याः अन्दाजी १००,०००
- प्रभावित पुरुषको संख्याः अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाको संख्याः अन्दाजी ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्याः अन्दाजी २० प्रतिशत
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरूः मगर, गुरुङ, छन्त्याल, थकाली तथा अन्य समुदाय ।

**आदिवासी नेताहरूको नाम**

**नाम**ः सामुहिक नेतृत्व

**समुदायका सदस्यहरूको मुख्य पेशा**ः कृषि र परम्परागत पेशा जस्तै शिकार, जडिबुटी संकलन आदि ।

**३. पीडकको विवरण**

- प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं।
- रक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं ।
- ढोरपाटन शिकार आरक्ष, ढोरपाटन, बाग्लुङ ।

## ४. घटनाको विवरण

### क. घटनाको पृष्ठभूमि

**घटनासँग सम्बन्धित सूचना**

ढोरपाटन शिकार आरक्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम २०३९ सालमा स्थापना गरिएको हो । मगरलगायतका आदिवासीहरूको पुर्ख्यौली भूमिमा स्थापना गरिएको यस आरक्षले बाग्लुङ जिल्लाको ४ गाविस, रुकुम जिल्लाको ७ गाविस र म्याग्दी जिल्लाको ३ गाविस गरी जम्मा १४ गाविसको भू-भाग ओगटेको छ *(हे. तालीका १)*।[1]



नागरिक

Monday, 19 August 2013, सोमबार, ३ भदौ २०७०

ढोरपाटन र मकालु वरुणमा चोरी सिकारी रोक्न सेना खटिने

[1] २०७१ चैत्र २ गते प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई ढोरपाटन शिकार आरक्ष पीडित संघर्ष समितिले बुझाएको ज्ञापन पत्र ।

आरक्ष स्थापना पूर्व त्यहाँका आदिवासीहरूले त्यस क्षेत्रको जंगल, जैविक विविधताको संरक्षण, व्यवस्थापन र प्रयोग गरिआएका थिए । तर, हाल आएर आरक्ष प्रशासनले त्यहाँका आदिवासी तथा स्थानीय समुदायले परापूर्वकालदेखि उपभोग गर्दै आएको प्राकृतिक स्रोतसाधन प्रयोग तथा उपभोग गर्नबाट रोक लगाएको छ[2], जसका कारण उनीहरूको परम्परागत जीविकोपार्जन पद्धतिमा बाधा पुगेको छ । साथै धार्मिक तथा साँस्कृतिक क्रियाकलाप गर्नसमेत सो क्षेत्रमा बन्देज लगाइएको अवस्था छ । आरक्ष क्षेत्रका प्रभावित समुदायका सदस्यहरूलाई विभिन्न मुद्दा लगाई दुःख दिने काम राज्य पक्षबाट भइरहेको प्रभावितहरूको भनाई रहेको छ ।[3]

हाल आएर मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ अनुसार सो जिल्ला तथा गाविससहित थप २ जिल्लाका गाविसहरू मध्यवर्ती क्षेत्र विकासको नाममा कब्जा गर्न थालिएको छ । यस अनुसार बाग्लुङ जिल्लाको ९ गाविस, रुकुम जिल्लाको १३ गाविस र म्याग्दी जिल्लाको ६ गाविस प्रभावित हुन्छन् । त्यस्तै रोल्पा जिल्लाको ६ गाविस र प्यूठान जिल्लाको ५ गाविस गरी ५जिल्लाका जम्मा ३९ गाविस सो मध्यवर्ती क्षेत्रबाट प्रभावित हुन्छन्*(हे. तालीका १)* ।[4]

नेपाल पक्ष राष्ट्र भइसकेको अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रत्याभूत गरेको आत्मनिर्णयको अधिकार, भूमि र प्राकृतिक

---

[2] २०७० भदौ ७ गते पीडितहरूले राष्ट्रिय मानव अधिकार आयोगमा चढाएको निवेदन पत्र ।

[3] २०६९ चैत्र १८ गते प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई ढोरपाटन शिकार आरक्ष पीडित संघर्ष समितिले बुझाएको ज्ञापनपत्र ।

[4] २०७२ साल चैत्र १६ गते प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई ढोरपाटन शिकार आरक्ष पीडित संघर्ष समितिले बुझाएको ज्ञापनपत्र ।

स्रोतसाधनमाथिको अग्राधिकार, स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior and Informed Consent-FPIC) को अधिकार, विकास प्रक्रियामा सहभागिताको अधिकारलगायत उल्लंघन गरी जबरजस्ती एकलौटी ढंगबाट नेपाल सरकारले आरक्ष सुरक्षाको नाममा नेपाली सेनाको क्याम्प स्थापना गर्ने निर्णय गरी सो क्षेत्रका आदिवासीहरू मगर, गुरुङ, छन्त्याल, थकाली, नेवार, कुमालको परम्परागत भूमि अतिक्रमण गरी उनीहरूलाई विस्थापनमा पार्न खोजिएको छ । यस आरक्षबाट उल्लिखित आदिवासी समुदाय मात्र नभई सो क्षेत्रमा बसोवास गर्ने गरीब खस-आर्य र दलित समुदाय पनि प्रभावित छन् ।

आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ को धारा ३० को उपधारा (१)मा आदिवासीहरूको भूमिमा कुनै पनि सैनिक गतिविधिहरू गर्न नमिल्ने, सार्वजनिक हित हुने प्रमाणित हुने सन्दर्भमा वा आदिवासीहरूले स्वतन्त्र रुपमा मञ्जुरी दिएको अवस्थामा मात्र यस्तो गतिविधि सञ्चालन गर्न मिल्छ भन्ने उल्लेख छ । सो धाराको उपधारा (२) मा स्पष्टसँग आदिवासीहरूको भूमि सैनिक प्रयोजनको निम्ति प्रयोग गर्नु अगावै उनीहरूको प्रतिनिधिमूलक संस्थाहरूसँग उपयुक्त प्रक्रियामार्फत अर्थपूर्ण परामर्श गर्नुपर्ने प्रावधान छ । तर सो प्रावधानलाई उल्लंघन गर्दै राष्ट्रिय सेनाको दुरुपयोग गरी आदिवासी भूमिलाई अतिक्रमण गरिएको छ । आरक्षको संरक्षण र विकासको नाममा गरिएका आदिवासी विरोधी गतिविधिको विरोधमा ढोरपाटन शिकार आरक्ष पीडित संघर्ष समितिले २०६९ सालदेखि निरन्तर रुपमा आवाज उठाउँदै आएको छ ।

**घटना घट्नुका सम्भावित कारणहरू**

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ आदिवासी जनजाति अधिकार मैत्री नहुनु ।
- नेपाल सरकारले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९

र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ लाई कार्यान्वयन नगर्नु ।

- आदिवासीको सामुहिक अधिकारलाई मानव अधिकारको रुपमा स्वीकार नगर्नु ।
- प्रभावित समुदायका सदस्यहरूलाई आफ्नो सामुहिक अधिकारबारेमा स्पष्ट जानकारी नहुनु ।

**तलीका नं. १: शिकार आरक्ष तथा मध्यवर्ती क्षेत्रबाट प्रभावित जिल्ला तथा गाविसहरू**

| क्र.सं. | | शिकार आरक्ष प्रभावित जिल्ला तथा गाविसहरू | | मध्यवर्ती क्षेत्र प्रभावित जिल्ला तथा गाविसहरू | |
|---|---|---|---|---|---|
| | जिल्ला | गाविसहरूको नाम | गाविस संख्या | गाविसहरूको नाम | गाविस संख्या |
| १. | बाग्लुङ | निसी, बोबाङ, अधिकारी चौर र बोङ्गा दोभान | ४ | निसी, बोबाङ, अधिकारी चौर, बोङ्गा दोभान, देवीस्थान, खुङ्गा, बोहोरा गाउँ, तमान र राजकुट रन्मा मैकोट, तकसेरा, | ९ |
| २ | रुकुम | रन्मा मैकोट, तकसेरा, हुकम, काक्री, जाङ, कोल र राङ्सी | ७ | हुकम, काक्री, जाङ, कोल, राङसी, काडा, महत, सिस्ने, प्वाङ, आठबीसकोट र चुन्बाङ | १३ |
| ३ | म्याग्दी | मना, लुला र गुर्जा | ३ | मना, लुला, गुर्जा, मोदी, मोरङ र ताकम | ६ |
| ४ | रोल्पा | | | गाम, सेरम, उवा, थबाङ, सिउरीपाङ र हरजाङ | ६ |
| ५ | प्यूठान | | | अर्खा, खरा, रजबारा, स्याउलीवाङ र खबाङ | ५ |
| जम्मा | ५ | | १४ | | ३९ |

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ले आदिवासीको अधिकारलाई प्रतिविम्वित गर्न नसक्नु ।

५. **घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- परम्परागत भूमिमाथिको अधिकारबाट बन्चित हुनु ।
- धार्मिक तथा साँस्कृतिक अधिकारबाट बन्चित हुनु ।
- परम्परागत पेशा तथा जीविकोपार्जनबाट बन्चित हुनु ।
- प्रभावित समुदायको विस्थापन र पराम्परागत ज्ञान र शीपको लोप हुनु ।
- आदिवासीहरूको पहिचानमा संकट पैदा हुनु ।

६. **प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- पीडित संघर्ष समितिले प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, ढोरपाटन शिकार आरक्षको कार्यालय, ढोरपाटन बाग्लुङलगायत १७ विभिन्न निकायहरूमा सेनाको बेस क्याम्प खडा गर्ने सरकारको निर्णय बदर गर्न माग गर्दै विभिन्न समयमा ज्ञापनपत्र बुझाएको ।
- प्रभावित गाविसहरूमा विभिन्न चेतनामूलक तथा विरोधका कार्यक्रमहरू संचालन गर्दै आइरहेको ।
- २०७२ चैत्र १२ गतेदेखि पीडितहरू धर्नामा बसिरहेका छन् ।

७. **नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायता: समुदाय तथा संघर्ष समितिका सदस्यहरूलाई नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल

समूह (लाहुर्निप)ले कानूनी परामर्श प्रदान गरेको ।

- प्रभावित क्षेत्रका आदिवासी तथा स्थानीय समुदायहरूले राष्ट्रिय मानव अधिकार आयोगमा अधिकार स्थापनाको लागि विभिन्न समयमा उजुरी पेश गरेको ।

## ८. सरकारले चालेका कदमहरू

- प्रभावित समुदायहरूको मागप्रति सम्बन्धित निकायबाट कुनै सुनुवाई भएको छैन ।

## ९. मुद्दामा कारवाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू

मुद्दा अघि बढेपछि प्रभावित क्षेत्रका समुदायहरू संगठित हुने क्रममा छन् । प्रभावित समुदायका प्रतिनिधिहरूले अधिकार रक्षाका लागि विभिन्न निकायहरूसँग छलफल तथा परामर्श गर्नुका साथै ज्ञापनपत्र बुझाउने काम गरेका छन् । साथै संघर्ष समितिको पहलमा स्थानीय तहमा आदिवासी अधिकारका सवालमा जनचेतनामूलक कार्यक्रमहरू निरन्तर रुपमा सञ्चालन भइरहेका छन् ।

## १०. सिफारिशहरू

- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र, २००७ले प्रत्याभूत गरेको अधिकारलाई व्यवहारमा कार्यान्वयन गरिनुपर्ने ।
- ढोरपाटन शिकार आरक्षलाई सामुदायिक स्व-व्यवस्थापनमा हस्तान्तरण गरिनुपर्ने ।
- ढोरपाटन शिकार आरक्षको सुरक्षाको नाममा नेपाली सेनाको बेस क्याम्प स्थापना गर्ने सरकारी निर्णय खारेज गरिनुपर्ने ।

**११. पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम

| | |
|---|---|
| नाम: | दुर्गामणि राई (याम्फू) |
| पद: | कार्यक्रम संयोजक |
| जिल्ला: | काठमाडौं |
| संस्था: | नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) |
| मिति: | २०७२ फागुन |

# खिम्ती–ढल्केबर विद्युत प्रसारण लाईन परियोजना र मानव अधिकार हनन

१. **घटना विवरण**

क. **मानव अधिकार हननको प्रकार**

- सामाजिक, धार्मिक तथा साँस्कृतिक अधिकार
- भूमिमाथिको अधिकार
- पहिचानको अधिकार
- विकास र सहभागिताको अधिकार
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior and Informed Consent) को अधिकार

ख. **घटना भएको मिति र समय**

- मिति: सन् २००६

ग. **घटना भएको स्थान**

- जिल्ला: सिन्धुली
- गाविस: भीमेश्वर, रतनचुरा, जलकन्या, भद्रकाली, रानीचुरी गाविस र कमलामाई नगरपालिका

२. **पीडित(हरू)को विवरण**

क. **पीडित(हरू)को नाम थर**

- जातीय/आदिवासी समूह: मगर, तामाङ, भुजेल, नेवार, माझीलगायतका समुदाय ।
- संस्थागत आबद्धता: प्राय: आ-आफ्नो जातीय संस्थाहरूमा आबद्ध रहेका छन् ।

**पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान: भीमेश्वर, रतनचुरा, जलकन्या, भद्रकाली, रानीचुरी गाविस र कमलामाई नगरपालिका ।
- समुदायमा कूल प्रभावितहरूको संख्या: ४,४१५
- प्रभावित पुरुषहरूको संख्या: २,०७४
- प्रभावित महिलाहरूको संख्या: २,३४१
- प्रभावित बालबालिकाहरूको संख्या: १,५८९

**आदिवासी नेताहरूको नाम**

**नाम**: छैन

- **समुदायका सदस्यहरूको मुख्य पेशा**: कृषि, ज्याला मजदुरी आदि

३. **पीडकको विवरण**

- प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।
- गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- उर्जा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- जलस्रोत मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, बबरमहल, काठमाडौं ।
- नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय, रत्नपार्क, काठमाडौं ।
- खिम्ती-ढल्केबर २२० केभी विद्युत प्रसारण लाईन परियोजना तथा परियोजना प्रमुख, नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय, काठमाडौं ।

- प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, सिन्धुली ।
- उपनिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, बबरमहल, काठमाडौं ।
- जिल्ला सिन्धुली, भीमेश्वर गाविस तथा तत्कालीन सचिव, भीमेश्वर गाविस वडा नं. ९ माथिल्लो बेशी बस्ने अनन्तराज देवकोटा ।
- जिल्ला सिन्धुली, रतनचुरा गाविस तथा तत्कालीन गाविस सचिव क.न.पा. वडा नं. ७ मित्रचोक बस्ने नारायणबहादुर थापा ।
- जिल्ला सिन्धुली जलकन्या गाविस तथा तत्कालीन गाविस सचिव रामबाबु कार्की ।
- जिल्ला सिन्धुली रानीचुरी गाविस तथा तत्कालीन गाविस सचिव मुकुन्द दाहाल ।
- जिल्ला सिन्धुली, कमलामाई नगरपालिकाका कार्यकारी अधिकृत दामोदर भण्डारी ।
- सशस्त्र प्रहरी बेस क्याम्प, सिन्धुली ।
- जिल्ला प्रहरी कार्यालय, सिन्धुली ।

## ४. घटनाको विवरण

### क. घटनाको पृष्ठभूमि

**घटनासँग सम्बन्धित सूचना**

खिम्ती-ढल्केबर २२० केभी प्रसारण लाईन दोलखा जिल्लाको शहरे गाविसको किर्नेटारबाट प्रारम्भ भई रामेछाप जिल्लाको तामाकोशी नदी क्षेत्रका ६वटा गाविस हुँदै सिन्धुली जिल्लाको खुर्कोट, सिन्धुगढी, महाभारत शृंखला पार गरी कमलामाई नगरपालिका क्षेत्रको मध्यभाग हुँदै रानीचुरी खण्डबाट महोत्तरी जिल्लाको गौरीबास र धनुषा जिल्लाको तुलसीचौडा, बेगडावर र अन्तिममा ढल्केबर सब स्टेशनमा पुगी समाप्त हुन्छ । आयोजनाले

दोलाखाको १, रामेछापको ६, सिन्धुलीको ५ गाविस तथा १ नगरपालिका र महोत्तरीको ३ गाविसलाई प्रभाव पार्दछ *(हे. तालीका २)*।[5]

करीब ७३ की.मी. लम्बाई रहेको यस प्रसारण लाईन  परियोजनाको १५ मिटर दायाँ र १५ मिटर बायाँको प्रसारण लाईन  अधिकार क्षेत्र (Right-of-Way) हुनेछ । एउटा टावर निर्माणको लागि १२.५ मिटर x १२.५ मिटर जमीनको आवश्यकता पर्दछ । यस आयोजना अन्तर्गत निर्माण हुने जम्मा १८८ टावरमध्ये दोलखामा १, रामेछापमा ५२, सिन्धुलीमा ८२, महोत्तरीमा १२ र धनुषामा ४१ पर्दछन् । सो परियोजना विश्व बैंकको आर्थिक सहयोगमा नेपाल विद्युत प्राधिकरणले सञ्चालन गरेको हो ।[6]



◀ प्रहरीको कुटाइबाट घाइते भएकी किशोरी

प्रस्तावित तामाकोशी जल विद्युत र त्यस क्षेत्रमा बग्ने अन्य नदी खोलाबाट भविष्यमा उत्पादन गरिने विद्युत शक्तिलाई राष्ट्रिय प्रसारण लाईनमा जडान गर्न यो परियोजनाको थालनी गरिएको हो ।

यस प्रसारण लाईनमा खिम्ती र भोटेकोशी जल विद्युत आयोजनाबाट उत्पादित विद्युत भार जोड्ने लक्ष्य

---

[5] Environmental Impact Assessment Report of Khimti-Dhalkebar 220 kV Transmission Line Project, May 2015, page-ii.

[6] खिम्ती-ढल्केबर २२० केभी प्रसारण लाईन, जोखिम समुदाय विकास योजना प्रतिवेदन, नेपाल विद्युत प्राधिकरण ।

लिइएको छ । उल्लिखित परियोजनाहरूबाट उत्पादित विद्युत निरन्तर रुपमा भारत लैजानुका साथै पूर्वी नेपालको जिल्लाहरूलाई विद्युत उपलब्ध गराउन सहयोग पुऱ्याउने यस परियोजनाको लक्ष्य रहेको कुरा वातावरण प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख छ । सन् २००२मा ठेक्का प्रक्रियाबाट शुरु गरिएको यो आयोजना सन् २००६बाट निर्माण आरम्भ गरिएको हो । सन् २००९मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर, प्रभावितहरूलाई सहभागिता नगराई परियोजना कार्यान्वयन गर्न खोजिएको कारण सन् २०१६ सम्ममा पनि आयोजनाले पूर्णता पाउन सकेको छैन ।[7]

परियोजना कार्यान्वयनको क्रममा विश्व बैंकको सामाजिक सुरक्षा नीति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गरी प्रभावित समुदायहरूलाई



प्रहरीको कुटाइबाट हात भाँचिएकी महिला


[7] http://esamata.com/2016/news.

सूचना नदिनुका साथै उनीहरूसँग परामर्शसमेत नगरिएको स्पष्ट छ । सो क्षेत्रका आदिवासी तथा स्थानीय समुदायहरूको अनुसार सर्भेका क्रममा परियोजनाले मोबाइलको टावर बनाउने, सुनकोशी पानी ल्याई सिन्धुलीमा पानीको अभाव कम गर्ने भन्दै गलत सूचना दिएको थियो । यस परियोजनाले विद्यालय भवनहरू, घरहरू, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक स्थलहरूलाई समेत प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ ।

परियोजनाको ३० मिटरको मार्गधिकार (Right-of-Way) ले कृषि उत्पादनमा हानि पुऱ्याउने, स्वास्थ्यका हिसाबले प्रसारण लाईनको वरिपरि आवतजावत गर्न नमिल्ने विज्ञहरूको भनाई रहेको छ । उल्लिखित प्रभावहरूको विरोध गर्दै सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं ४, ७, १० र ११, भद्रकाली गाविस वडा नं २ र रतनचुरा गाविस वडा नं. १ र २ का प्रभावित आदिवासी (९५ प्रतिशत[8]) तथा स्थानीय समुदायहरू निरन्तर विरोधमा रहेका छन् ।

शहर उन्मुख सो क्षेत्रको जग्गाको भाउमा गिरावट आउने, बिक्री वितरण नहने र बैंकले समेत जग्गा धितोका रुपमा नलिने समस्या सो क्षेत्रका आदिवासी तथा स्थानीय समुदायहरूले भोगिरहेका छन् । पुस्तौंदेखि सो क्षेत्रमा बसोवास गर्दै आएका आदिवासी तथा स्थानीयहरू परियोजनाका कारण विस्थापनमा पर्ने विज्ञहरूको भनाई छ । त्यो क्षेत्रका आदिवासी तथा स्थानीय समुदायहरूको विरोधका कारण आयोजनाको कामहरू हाललाई स्थगन भएको अवस्था छ ।

[8] Report and Recommendation, The Inception Panel, 24 October 2013.



# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

च.नं. ८०६
प.सं.

मिति : २०७२।१।२४

श्री खिम्ति ढल्केबर २२० के.भि. विद्युत प्रसारण लाइन पीडित संघर्ष समिति,
सिन्धुली ।

विषय :- आयोगको निर्णय सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थलगत अनुगमन गरी मानव अधिकार रक्षा गरी दिनु हुन भनी मिति २०७०।१०।२४ गते आयोगमा त्यस समितिबाट प्राप्त निवेदन उपर आयोगबाट विभिन्न मितिमा अनुगमन तथा सरोकारवालाहरूसँग छलफल समेत गरी आयोगको मिति २०७२ साल चैत्र १८ गतेको बैठकबाट नेपाल सरकारलाई तपशिल बमोजिमको सिफारिस गर्ने निर्णय भएको हुँदा राष्ट्रिय मानव अधिकार आयोग उजूरी तथा कारवाही सम्बन्धी निर्देशिका २०६९ को ४० नम्बर बमोजिम यस आयोगको निर्णय त्यस समितिको जानकारीको लागि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

**आयोगको निर्णय :**
खिम्ति ढल्केवर २२० के.भि. प्रसारणलाईन निर्माणको क्रममा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका वडा नं. ६ लगायत त्यहाँका आदिवासी जनजाती तथा स्थानीय समुदायसँग परामर्श र सार्वजनिक सुनवाई नगरी तथा पूर्व सूचना तथा मन्जुरी नलिई कार्य अघि बढाई मानव अधिकारको गम्भीर उल्लंघन भएको हुँदा अनुगमन गरी मानव अधिकार रक्षा गरीदिनु हुन भन्दै मिति २०७०।१०।२४ मा विधुत प्रसारण लाईन पीडित संघर्ष समितिको तर्फबाट निवेदन परी आयोगबाट उच्चस्तरीय अनुगमनको आधारमा स्थानीयस्तरमा संघर्ष समिति, आयोजना प्रमुख र स्थानीय प्रशासनका साथै केन्द्रीय स्तरमा नेपाल विधुत प्राधिकरण, भौतिक योजना तथा निर्माण मन्त्रालय लगायत र पीडित पक्षविच छलफल हुँदा आयोजनाले जग्गा अधिग्रहण गर्दा छुट भएका जग्गाधनिहरुको नाम समावेश गर्न, मुआवजा लिन बाँकी रहेका वा छुट भएकाहरुलाई समेत मुआवजा उपलब्ध गराइदिन, आदिवासी जनजाती लगायतका धार्मिक मठमन्दिर, विधालय क्षेत्रभित्र विद्युतका पोल नपर्ने, यदी पर्नेभए उक्त स्थानमा वैकल्पिक उपाय अवलम्बन गरी नेपाल सरकार भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०६९।५।२० को निर्णय तथा च.नं. २२१ को पत्र अनुसार फिडर रोडको निर्माण काम तत्काल अगाडी बढाउन र विवादित रहेका बाँकी सातवटा पोलहरु (खम्वा) निर्माणको कार्यलाई कानून बमोजिम साथसाथै अगाडी बढाउन (झण्डै ९० प्रतिशत काम सम्पन्न भैसकेको स्थितिमा बाँकी १० प्रतिशत काम सम्पन्नगरी विकाश निर्माणको कामलाई निरन्तरता दिन) नेपाल सरकारलाई सिफारिससाथ लेखी पठाउने निर्णय गरियो ।

(वीर बहादुर बुढा मगर)
मानव अधिकार अधिकृत

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org

◀ राष्ट्रिय महिला आयोगले नेपाल सरकारको नाममा जारी गरेको शिफारिश पत्र

आयोजनाका लागि आवश्यक पर्ने जम्मा १८८ टावरमध्ये १८१ टावर निर्माण भइसकेका छन् । ७ वटा निर्माण हुन बाँकी रहेका छन् ।[9] सन् २०१२ को नोभेम्बरमा नेपाल सरकारले अवरुद्ध परियोजनालाई सुचारु गर्न अन्दाजी २५० को हाराहारीमा सशस्त्र प्रहरी परिचालन गरेको थियो । त्यसैगरी अप्रिल २०१३ मा परियोजनाका कर्मचारीहरूले प्रहरी प्रशासनको आडमा स्थानीयमाथि कुटपीट तथा दुर्व्यवहार गर्दै परियोजना सूचारु गर्न खोजेका थिए, तर सफल हुन सकेनन् ।[10]

[9] खिम्ती-ढल्केबर २२० केभी प्रसारण लाईन, जोखिम समुदाय विकास योजना प्रतिवेदन, नेपाल विद्युत प्राधिकरण ।

[10] Urgent Action:Calling on Government of Nepal to Prevent Violence in Khimti-Dhalkebar 220KV Transmission Line Project, February 2016.

प्रभावित समुदायहरूले मानव अधिकार उल्लंघनको विरोधमा १० जुलाई २०१३ मा विश्व बैंकमा उजुरी दिए। विश्व बैंकको उजुरी सुन्ने निकाय (Inspection Panel)ले विस्तृत अध्ययन गरी परियोजना कार्यान्वयनका क्रममा धेरै सुरक्षा नीतिहरूको उल्लंघन भएको निष्कर्ष निकालेको छ। सो निकायको प्रतिवेदन अनुसार सो क्षेत्रका प्रभावित समुदायहरूलाई परियोजनका सम्बन्धमा सूचना तथा जानकारी नदिएको, समयमा मुआब्जा नदिएको लगायतका “गल्ती” भएको र सो “सच्याएर” मात्र परियोजनाको कामहरू अघि बढाउनु पर्ने सिफारिश गरेको छ।

साथै १०३ जना पीडितहरूले परियोजनाको दीगोपन र मानव अधिकार रक्षाको निम्ति सर्वोच्च अदालतमा रीट निवेदन समेत दिएका छन्।

**तालीका २: खिम्ती–ढल्केबर विद्युत प्रसारण लाईन परियोजना प्रभावित जिल्ला, गाविस तथा नगरपालिकाहरू**

| **क्र.सं.** | **जिल्ला** | **गाविस/नगरपालिका** | **गाविस/ नपा संख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १. | दोलखा | शहरे | १ | |
| २. | रामेछाप | गेलु, खिम्ती, तिलपुङ, कठजोर, मन्थली र भलुवाजोर | ६ | |
| ३. | सिन्धुली | भीमेश्वर, रतनचुरा, जलकन्या, भद्रकाली, रानीचुरी गाविस र कमलामाई नगरपालिका | ६ | ५ गाविस र १ नपा |
| ४. | महोत्तरी | तुलसीबाहुनमारा, वेगडाबर र ढल्केबर | ३ | |
| **जम्मा** | ४ | | १६ | |

संघर्ष समितिको विरोधका कारण सिन्धुलीलाई लोडसेडिङ मूक्त जिल्ला घोषणा गरिएको छ, आदिवासीको सामुहिक अधिकार हननको विषयलाई अन्तर्राष्ट्रियकरण गरिएको छ र परियोजनाले मुआवजा वितरण प्रक्रियालाई पनि ध्यान दिन थालेको छ। प्रभावित समुदायहरू विकास विरोधी होइनन्, उनीहरू दीगो विकासको पक्षमा छन्। अधिकारसहितको विकासको पक्षमा छन्। विकास प्रक्रियामा सहभागिता र प्रतिनिधित्व उनीहरूको माग रहिआएको छ। समुदायहरू विभिन्न सरोकारवालाहरूसँग वार्ताको माध्यमद्वारा समस्याको समाधान गर्न चाहन्छन्।[11] विवादित ३.८५ कि.मी. मानववस्ती माथिको प्रसारण लाईन डाईभर्सन गरिनुपर्छ भन्ने प्रमुख माग प्रभावितहरूको रहेको छ। तर, परियोजनाले प्रसारण लाईन डाइभर्सन गर्न नसकिने भन्दै फिडर रोडको अवधारणा ल्याएको छ। शतप्रतिशत मुआवजाको व्यवस्था गर्ने भनिए तापनि मुआवजा वितरण प्रक्रियामा प्रभावितको सहभागिता नगराई बिनाआधार हचुवाको भरमा मुआवजा वितरण कार्य शुरु गरिएको छ।

केहीले मुआवजा लिएका छन्। मुआवजा लिनेहरूका अनुसार उनीहरूले बुझेको मुआवजा खुशीले नभई प्रशासनको करकाप तथा डरका कारण लिएका हुन्। तर यसरी मुआवजा लिनेहरूले खुशी र सहमतिमा लिएको प्रशासनको दाबी रहेको छ।

सरकारले २०७२ फागुनमा जारी गरेको उर्जा संकट निवारण कार्ययोजनामा विवादित प्रसारण लाईनको काम अगाडि बढाउन सुरक्षाकर्मीसमेत परिचालन गर्न सकिने प्रावधान समावेश गरेको छ। साथै उर्जामन्त्रीले पटक-पटक

---

[11] २०७२ फागुन १२ गते पीडित संघर्ष समितिले राष्ट्रिय मानव अधिकार आयोगमा चढाएको निवेदनपत्र।



सशस्त्र प्रहरी क्याम्प खडा गरी परियोजनाको काम शुचारु

प्रहरी बल प्रयोग गरेरै भए पनि अधुरो काम पूरा गर्ने भनी सार्वजनिक वक्तव्य दिने गरेको कारण स्थानीय जनता त्रसित र आक्रोशित बनेका छन् ।

पछिल्लो समय वार्ताका माध्यमबाट समस्याको समाधान गर्न राष्ट्रिय मानव अधिकार आयोगले मध्यस्थताको काम गरिरहेको भए तापनि पीडितहरू विश्वस्त हुन नसकिरहेको अवस्थामा २०७२ चैत्र १८ को आयोगको निर्णय भन्दै परियोजनाको काम अगाडि बढाउन नेपाल सरकारको नाममा पत्राचार गरेपछि स्थानीयहरू विरोधमा उत्रिए । चैत्र २८ गते स्थानीयहरू विरोधमा उत्रिएपछि स्थानीय प्रशासनले सशस्त्र प्रहरी परिचालन गरेको छ । छाप्रो बनाएर धर्नामा बसेका स्थानीहरूमाथि प्रहरी धरपकड हुँदा संघर्ष समितिका ६ जना पक्राउ परे भने ९ जना घाइते समेत भए । पक्राउ परेकाहरूलाई ३० घण्टापछि चैत्र २९ गते बेलुका रिहा गरिएको छ । परियोजना स्थल ठूलीटारमा हाल सशस्त्र प्रहरीको क्याम्प खडा गरी प्रहरी सुरक्षा अगाडि बढाइएको छ ।

**घटना घट्नुका सम्भावित कारणहरू**

- आदिवासीको अधिकारलाई मानव अधिकारको रुपमा स्वीकार नगरिनु ।
- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ लाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न नचाहनु ।
- परियोजनाले आदिवासी र स्थानीय समुदायहरूको अधिकार नजरअन्दाज गर्नु ।




◄ शान्तिपूर्ण धर्नाका क्रममा प्रहरी हस्तक्षेप

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- विद्युत ऐन तथा जग्गा प्राप्ति ऐनले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ मा भएका आदिवासीहरूको भूमिमाथिको अधिकार सम्बन्धी व्यवस्थालाई आत्मसात गर्न नसक्नु ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- प्रभावित आदिवासी तथा स्थानीय समुदायहरू आफ्नो परम्परागत भूमिबाट विस्थापित हुनुपर्ने ।
- धर्म, संस्कृति लोप भई पहिचान जोखिममा पर्ने ।

- जीविकोपार्जनमा असर पर्ने ।
- शिक्षा तथा स्वास्थ्यमा असर पर्ने ।
- स्वच्छ वातावरणको अधिकारबाट वन्चित हुनुपर्ने ।

६. **प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- पीडितहरूले राष्ट्रिय मानव अधिकार आयोग, नेपाल स्थित विश्व बैंकको कार्यालय, जिल्ला प्रशासन, परियोजना तथा प्रधानमन्त्रीको कार्यालयलगायत अन्य प्रमुख सरोकारवाला निकायहरूलाई आफ्ना मागबारे निरन्तर ध्यानाकर्षण गराई न्यायिक निकासको निम्ति आग्रह गरिरहेका छन् ।
- प्रभावित समुदायले १० जुलाई २०१३ मा विश्व बैंकमा उजुरी दिएका छन् ।
- प्रभावितहरूको अधिकार रक्षाका लागि २०६९ पौषमा सर्वोच्च अदालतमा रीट निवेदन दिइएको छ ।
- पीडित समुदायहरूले निरन्तर विरोधका कार्यक्रमहरू संचालन गरिरहेका छन् ।
- आदिवासी अधिकारका अभियानहरू निरन्तर संचालन भइरहेका छन् ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सम्बन्धित सरोकारवाला निकायहरूले परियोजना संचालनको नाममा गरेको भ्रस्टाचारको विरुद्धमा पटक-पटक उजुरी दिइएको छ ।

## ७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू

- कानूनी सहायता: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) र एकाउण्टिबिलिटी काउन्सिल (Accountability Counsel) ले मानव अधिकार हननको अनुगमन गरी पीडितहरूलाई निरन्तर कानूनी परामर्श उपलब्ध गराउँदै आएको छ । साथै सम्बन्धित सरोकारवाला निकायहरू समक्ष समस्याको न्यायोचित र शान्तिपूर्ण समाधानका लागि सुझाव दिदैं आएको छ ।
- विकास र आदिवासी अधिकारका सम्बन्धमा लाहुर्निपले विभिन्न चेतनामूलक कार्यक्रमहरू संचालन गर्दै आएको छ ।
- पछिल्लो समय राष्ट्रिय मानव अधिकार आयोगले वार्ताका लागि मध्यस्थता गरिरहेको भए तापनि निष्कर्षमा पुग्न सकिरहेको छैन ।

## ८. सरकारले चालेका कदमहरू

- सरकारका पक्षबाट हालसम्म समस्याको शान्तिपूर्ण समाधानका लागि कुनै पहल भएको छैन ।
- फिडर रोड (Feeder Road) को अवधारणा अन्तर्गत मुआवजा वितरणको प्रक्रियाले स्थानीयहरूको बीचमा फाटो ल्याउनुका साथै अन्यौलता पैदा गरेको छ । सो प्रक्रिया बिनाआधार हचुवाको भरमा गरिएको छ ।
- २०७२ फागुनमा जारी उर्जा संकट निवारण कार्ययोजनामा सुरक्षाकर्मी परिचालनसमेत गर्न सकिने प्रावधान राखिएको कारण जनतामा त्रासदी छाएको छ ।

## ९. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू

- सर्वोच्च अदालतमा परेको रीट निवेदन विचाराधीन अवस्थामा रहेको छ ।

## १०. सिफारिशहरू

- कमलामाई नपा वडा नं. ७ बर्देउटार, माझ्कीटार, ठूलीटार सम्मको ३.८५ की.मी. प्रसारण लाईन डाइभर्सन गरिनुपर्ने ।
- डाइभर्सन सम्भव नभए फिडर रोडको सर्भे गरेको तरिकाले पुनः सर्भे गर्नुपर्ने र रोड सरल रेखामा सम्भव भएकोले पुनः रोडले लिने जग्गा कित्ताकाट गरी सार्वजनिक गरिनुपर्ने ।
- बाँकी रहेका टुक्रा जग्गाहरू पुनः अधिग्रहण गरिनुपर्ने ।
- रतनचुरा गाविस वडा नं. १ र २, भद्रकाली गाविस १, २ र ३ र रानीचुरी गाविस वडा नं. १ तथा कमलामाई नपा वडा नं. ७, बुका डाँडा, वडा नं. ४ सानो करकरे, वडा नं. १० क्षेत्रको ३० मिटर मार्गाधिकारभित्रको जग्गाको स्थानीय चलनचल्तीको मूल्यको आधारमा मुआवजाको व्यवस्था गरिनुपर्ने ।
- परियोजनाले कमाउने लाभको १० देखि १५ प्रतिशत २५०/२५० मिटरभित्रका प्रभावितलाई उपलब्ध गराउनुपर्ने ।
- स्वास्थ्य, सुरक्षाको ग्यारेन्टी गरिनुपर्ने ।
- स्वीस सिन्धुली विद्यालय र प्राकृतिक मानव विकास केन्द्रलाई व्यवस्थित गरिनुपर्ने ।
- धार्मिक तथा ऐतिहासिक स्थलहरूको संरक्षणको प्रतिबद्धता लिखित रुपमा हुनुपर्ने ।

- सो प्रसारण लाईनबाट प्रसार हुने विद्युत भारत नलगी नेपालमै खपत गरिनुपर्ने ।
- Village Community Development Programme (VCDP) कार्यक्रम पीडित समुदायबाटै सञ्चालन गरिनुपर्ने ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नामः

नामः

संस्थाः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

पदः

# धिमालको पवित्र भूमिमाथि अतिक्रमण

**१. घटना विवरण**

**क. मानव अधिकार हननको प्रकार**

- धार्मिक तथा साँस्कृतिक अधिकार
- भूमिमाथिको अधिकार
- पहिचानको अधिकार
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior and Informed Consent) को अधिकार

**ख. घटना भएको मिति र समय**

- मितिः २०७२ साल पौष ९ गते
- समयः दिनको १२ बजे

**ग. घटना भएको स्थान**

- जिल्लाः मोरङ
- गाविसः केरौन
- वडा नंः ४
- टोलः कारीकोशी (कालीकोशी)

**२. पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थरः**

- जातीय/आदिवासी समूहः धिमाल
- संस्थागत आबद्धताः विभिन्न सामाजिक संघसंस्थाहरूमा आवद्ध भएको ।

**पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान: केरौन गाविस वडा नं. ४, कालीकोशी टोल र बयरवन गाविस वडा नं. ३, मोरङ
- समुदाय: धिमाल
- समुदायमा कूल प्रभावितहरूको संख्या: अन्दाजी १,०००
- प्रभावित पुरुषको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्या: अन्दाजी २० प्रतिशत
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: धिमाल, थारु, घले, सन्थाल, राई आदि ।

**आदिवासी नेताहरूको नाम**

**नाम**:

- **समुदायका सदस्यहरूको मुख्य पेशा**: कृषि र परम्परागत पेशा जस्तै शिकार, जडिबुटी संकलन आदि ।

३. **पीडकको विवरण**

क. पीडक(हरू)को नाम, पद:

- नाम, थर: कविराज गुरुङ, र धनबहादुर विष्ट, संरक्षक, सिमसार संरक्षण समिति
- ठेगाना: बयरवन गाविस, मोरङ

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकाय:

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख:

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण: सिमसार संरक्षण समिति, बयरवन गाविस, मोरङ ।

## ४. घटनाको विवरण

### क. घटनाको पृष्ठभूमि

**घटनासँग सम्बन्धित सूचना**



धिमालहरूको पवित्र स्थलमा अतिक्रमणपछि बनाइएको हिन्दू मन्दिर

मोरङ जिल्लाको पूर्व पश्चिम राजमार्गमा पर्ने कानेपोखरीबाट झण्डै ३ किलोमिटर दक्षिणमा रहेको केरौन र बयरवन गाविसस्थित घलेटार र डुम्ब्रीघाटको शिरानमा एक पानीको स्रोत छ, जसबाट हजारौं बिगाहा जमीन सिंचित गर्न सम्भव भएको कुरा स्थानीयहरू बताउँछन्। आफ्नो थातथलोमा रहेको सो पानीको स्रोतलाई आदिवासी धिमालहरूले आदिमकालमा काधेझोरा भन्ने गर्दथे। पछि अपभ्रंश भएर कारेकाशी हुँदै कालीकोशी भएको भनाई धिमाल समुदायका बूढापाकाहरूको रहेको छ।[12] अर्को भनाई अनुसार कालीकोशी शब्दको प्रयोग हुनु अगाडि यहाँका

---

[12]धिमाल जातिको ऐतिहासिक थातथलोमा श्रीमद्भागवत महापुराण, राष्ट्रिय समाचार पत्र, २०७१ माघ ६, वर्ष १२, अंक २३८, पृ.३।

आदिवासी धिमाल समुदायले खाने गरेको एक प्रकारको साग, जसलाई धिमाल भाषामा (कार्नी) र मुन्टा (कुसी) भनिन्छ, पाइने भएको हुँदा कालान्तरमा कारिकुशी तथा कालीकोशी नाम रहन गयो । धिमाल जातिको बसोवास रहेको सो खोला छेउछाउमा अवस्थित गाउँलाई कार्नी कुसी (कालीकोशी) भनेर चिनिन्छ ।[13]

कालीकोशीमा धिमाल जातिले सातकन्या (सालीआमाई, जलाआमाई, धनआमाई, ज्ञानआमाई, टुकुनीआमाई, डिङडिङआमाई, ढालेआमाई) को पूजा गरी थम्वरसिंह थानको निर्माण गरेका हुन् । सो थानमा हरेक वर्ष प्रकृति पूजक धिमालहरूले कुनै रोग नलागोस्, प्रकृतिले शक्ति दिउन्, अन्नपात प्रशस्त फलोस्, आत्मनिर्भर बन्न सकौं, दुश्मन नलागून् र शत्रुलाई पराजय गर्न सकौं भनी पूजा गर्ने गर्छन् । सो थान (परम्परागत ग्रामथान) सम्पूर्ण धिमालहरूको आध्यात्मिकता र पहिचानसँग गाँसिएको छ ।

औलो उन्मूलनपछि २०२८ सालदेखि झोडा फँडानीको क्रममा भोजपुर, धनकुटा, इलाम, पाँचथर, ताप्लेजुङ, खोटाङ, चितवनलगायतका जिल्लाहरूबाट बसाईं सरिआएका अन्य जाति, समुदायहरूले धिमालहरूको परम्परागत भूमिमा वस्ती बसाउन थाले । फलस्वरुप धिमाल जाति उनीहरूको आदिमभूमिमा अल्पसंख्यक बन्न पुग्यो । करीब ४ बिगाहामा रहेको सो पवित्र स्थल हाल वस्ती विस्तारका कारण १ बिगाहामा सीमित हुन पुगेको छ ।

सिमसार संरक्षण समितिले २०७१ सालमा सो क्षेत्रको संरक्षण र सम्वर्द्धनका लागि भन्दै प्रत्येक समुदायका सदस्यहरूबाट ५०१ रुपैयाँ उठाई माघेमेलासमेत सञ्चालन गरेको थियो । संरक्षणको नाममा भएको गतिविधिलाई शुरुमा कसैले पनि विरोध गरेका थिएनन् । अभियानलाई आदिवासीहरूले पनि

---

[13] २०७१ माघ २ गते नेपाल आदिवासीजनजाति महासंघ, गाउँ समन्वय परिषद्, बयरवन र केरौन, मोरङले सिमसार संरक्षण समितिलाई बुझाएको शुभकामनापत्र ।

झाँकीसहित रकम संकलनमा सहयोग गरे । तर, मेलाबाट उठेको पैसाले दुर्गा र नारायणको मूर्ति ग्रामथानमा राख्ने समितिका सदस्यहरूको योजनाप्रति धिमाल समुदायका सदस्यहरूले विरोध जनाए । धिमालहरूको आध्यात्मिक भूमिको अतिक्रमण गरी धिमाल समुदायको आस्था र पहिचानलाई मेट्न पाइँदैन भनी उनीहरूले विरोध गरे, मूर्ति राखिएन । तर, विस्तारै धिमाललगायतका आदिवासीहरूलाई समितिबाट हटाउने, छलफलमा नबोलाउने र कार्यक्रमहरूमा सहभागी नगराउने क्रम बढ्यो ।

२०७२ सालको माघे संक्रान्तिको दिन सिमसार संरक्षण समितिले पर्यटन प्रवर्द्धनका लागि भन्दै दिनबन्धु पोखरेलको प्रवचनमा श्रीमद्भागवत सप्ताह पुराण लगाई रकम संकलन गर्ने कार्य गर्‍यो। नेपाल आदिवासी जनजाति महासंघ र धिमाल समुदायलाई जानकारी समेत गराइएन । सहभागी गराइएन ।

पर्यटन प्रवर्द्धनका नाममा नेपाल सरकारबाट प्राप्त रकम र सप्ताहबाट उठेको रकम सार्वजनिक नगरी एकलौटी ढंगबाट धिमाल समुदायको ग्रामथान हटाई लक्ष्मी, सरस्वती र दूर्गाको मूर्ती स्थापना गरियो । दिनबन्धुको बाबुको नामबाट एन.पी.फाउन्डेशन नामक संस्था खोली सो कार्यलाई अगाडि बढाउन समिति लागि परेको देखिन्छ ।

२०७२ माघ १ गते धिमाल समुदायका सदस्यहरू ग्रामथानमा आफ्नो परम्परा अनुसार पूजा गर्न जाँदा संरक्षण समितिले स्थानीय प्रशासनको आडमा पूजा सामग्रीहरू माटोको घैंटो सात (सातकन्याको प्रतीक) र फूलघोडा (कागजको घोडा) फालिदिनुका साथै प्रवेश गर्न समेत दिएनन् ।

धिमाल समुदायको धार्मिक, साँस्कृतिक, पहिचान र अस्तित्वसँग जोडिएको सो ऐतिहासिक भूमिमा उनीहरूको सहमति, परामर्श, मञ्जुरी र सहभागिता बिना सिमसार संरक्षणको नाममा हिन्दू धर्मको प्रवर्द्धन गर्ने काम भएको

छ। धिमालहरूको परम्परागत भूमि र संस्कृतिमाथि अतिक्रमण गरी पहिचानलाई समाप्त पर्ने प्रयास भइरहेको छ।

हाल सो स्थानमा हिन्दू धर्म देवी, देवताको फोटो, मूर्ति, झण्डा, त्रिशुल राखी दैनिक पूजाका लागि बाहुन पुरोहित राखिएको छ, र धिमालहरूलाई उनीहरूको पवित्र स्थलमा प्रवेश तथा पूजाआजा गर्नबाट बन्चित गरिएको अवस्था छ।

**घटना घट्नुका सम्भावित कारणहरू**

- आदिवासी धिमालहरूको ऐतिहासिक भूमिमा अन्य समुदायहरूको बसाईं सराई र जनसंख्या वृद्धि।
- सम्बन्धित निकायले ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षणमा उचित ध्यान नदिनु।
- धिमालको भूमिलाई राज्यले मान्यता नदिनु।
- राज्यले अप्रत्यक्ष रुपमा हिन्दू धर्मको प्रवर्द्धनको नीति लिनु।
- आदिवासीको सामुहिक अधिकारलाई मानव अधिकारको रुपमा स्वीकार नगर्नु।

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- नेपालको संविधानले हिन्दू धर्मको मात्र प्रवर्द्धनको संवैधानिक व्यवस्था गरेको

## ५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव

- धिमाल समुदायको पराम्परागत भूमिमाथिको सम्बन्धबाट बन्चित हुने, जसले उनीहरूको धार्मिक साँस्कृतिक परम्परामा असर पर्ने र लोप हुने।
- धिमाल समुदायको धर्म, संस्कृति लोप भई पहिचान जोखिममा पर्ने।

- सामुहिकताको भावनामा असर पर्ने ।
- धिमाल समुदायको परामपरागत ज्ञान र शीपको लोप हुने ।
- सामाजिक सद्भावमा खलल पैदा हुने ।

**प्रभावित समुदायमा परेको प्रभावहरू**

- धिमाल समुदायको धर्म, संस्कृति र परम्परा संकटमा परेको छ ।
- धिमाल समुदायको पहिचान र धार्मिक तथा साँस्कृतिक भूमिमाथिको अधिकार जोखिममा परेको छ ।

६. **प्रभावित**(हरू) **र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- ग्रामथान रहेको दुई गाविसमा बहुमतमा रहेका आदिवासीहरूले ऐतिहासिक तथा आध्यात्मिक स्थल अतिक्रमण नगरियोस् भनी सिमसार संरक्षण समितिमा पत्र बुझाएका छन् । तर कुनै सुनुवाई नगरी एकलौटी रुपमा समिति धार्मिक हस्तक्षेप र अतिक्रमणमा अगाडि बढेको छ ।
- राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिइएको छ । साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि पीडितहरूले उजुरी दिएका छन् ।

७. **नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायता: समुदायका सदस्यहरूलाई नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी परामर्श प्रदान गरिरहेको छ ।
- अभियान र वकालत: सो पवित्र क्षेत्रको संरक्षणको लागि कानूनी परामर्श अनुसार अभियान सञ्चालन गर्ने धारणा समुदायका

अगुवाहरूले बनाएका छन् ।

- स्थानीय आदिवासी मानव अधिकार प्रतिरक्षकहरूले सो क्षेत्रको निरन्त अनुगमन गरिरहेका छन् ।

८. **सरकारले चालेका कदमहरू**

- सरकारी निकायहरूको तर्फबाट अहिलेसम्म कुनै पनि प्रकारको प्रतिक्रियाहरू तथा पीडितहरूको अधिकर संरक्षणको लागि कदमहरू चलेका छैनन् ।
- सिमसार संरक्षण तथा पर्यटनको नाममा नेपाल सरकारले सो अक्रिमणको काममा बजेट निकाशा गरी हिन्दू धर्म संरक्षणमा सहयोग गरेको पीडितहरूको भनाई रहेको छ ।

९. **मुद्दामा कारवाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

हालसम्म सम्बन्धित निकायहरूबाट कुनै पनि प्रकारको प्रतिक्रियाहरू बाहिर आएका छैनन् ।

१०. **सिफारिशहरू**

- घटनाको सत्य तथ्य छानवीन गरी दोषीलाई कारबाही र ऐतिहासिक ग्रामथानलाई यथावत राखी पीडित समुदायलाई न्याय दिलाइयोस् ।
- संरक्षण, पर्यटन तथा सप्ताह आदिको नाममा धिमाल आदिवासीको आध्यात्मिक/ऐतिहासिक भूमिमाथि भएको धार्मिक हस्तक्षेप, अतिक्रमण तथा कब्जा रोकी दोषीलाई कारबाही गरियोस् ।
- धिमाल आदिवासीको धार्मिक तथा साँस्कृतिक अधिकारको सम्मान गरी पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चित गरियोस् ।

- धर्मका नाममा भएको अतिक्रमण बन्द गरी सामाजिक सद्भाव र पहिचानका आधारहरूलाई सम्मान र संरक्षण गरियोस् ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम:

नाम: देवराज चौधरी

पद: क्षेत्रीय आदिवासी मानव अधिकार प्रतिरक्षक

जिल्ला: मोरङ

संस्था: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# सन्थाल जातिको धर्म संस्कृतिमाथि अतिक्रमण

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- धार्मिक अधिकार
- साँस्कृतिक अधिकार

ख. घटना भएको मिति र समय

- मिति: २०७२ माघ १ गते
- समय: दिनको २ बजे

ग. घटना भएको स्थान

- जिल्ला: मोरङ
- गाविस: केरौन
- वडा नं: ४
- टोल: कारीकोशी (कालीकोशी)

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थर**

- डेल्के मुर्मु, बोका मुर्मु, कान्छा कर्मकार, शिशिर, मरण्डी, विजय मरण्डीलगायत १८जना सन्थाल समुदायका सदस्यहरू ( नाबालकहरू समेत)।
- लिंग: पुरुष
- उमेर: १२ देखि ४५ वर्षका
- पेशा: कृषि तथा शिकार
- वैवाहिक अवस्था:
- जातीय/आदिवासी समूह: सन्थाल

- संस्थागत आबद्धता (यदि कुनै भए): नेपाल सन्थाल आदिवासी उत्थान संघ ।

**पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान:  केरौन गाविस, वडा नं. ४, मोरङ
- समुदायमा कूल प्रभावितहरूको संख्या: अन्दाजी १६,०००
- प्रभावित पुरुषको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्या: अन्दाजी २० प्रतिशत
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: सन्थाल, धिमाल, माझी, थारु, राजवंशी तथा अन्य गैरआदिवासी समुदायहरू

**आदिवासी नेताहरूको नाम**

- भोजवीर माझी, अध्यक्ष नेपाल माझी उत्थान संघ, जिल्ला समिति मोरङ र अध्यक्ष, नेपल आदिवासी जनजाति महासंघ गाउँ समन्वय परिषद्, केरौन गाविस ।
- टाला टुढु, अध्यक्ष, नेपाल सन्थाल आदिवासी उत्थान संघ, मोरङ ।
- समुदायका सदस्यहरूको मुख्य पेशा: कृषि, ज्याला मजदुरी र शिकार ।

३. **पीडकको विवरण**

क. पीडक(हरू)को नाम, पद:

- नाम, थर: रमेश बस्नेत
- पद: प्रहरी निरीक्षक
- ठेगाना: इलाका प्रहरी कार्यालय, पथरी, मोरङ
- सम्पर्क नं.:
- ईमेल:
- फ्याक्स:

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकाय:
इलाका प्रहरी कार्यालय, पथरी ।

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख: रमेश बस्नेत

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण:
इलाका प्रहरी कार्यालय, पथरी ।

**४. घटनाको विवरण**

**क. घटनाको पृष्ठभूमि**

**घटनासँग सम्बन्धित सूचना**

सन्थाल नेपालको अति सीमान्तकृत आदिवासी जनजाति समुदाय अन्तर्गत पर्दछ ।[14] राष्ट्रिय जनगणना, २०११को तथ्यांक अनुसार सन्थाल जातिको जनसंख्या ५१,७३५ रहेको छ । सन्थालहरूको परम्परागत थातथलो मोरङ, सुनसरी, झापालगायतका जिल्लामा पर्दछ । आफ्नो परम्परा, धर्म, संस्कृति र चालचलनलाई यस समुदायले हालसम्म पनि अभ्यास र अंगीकार गर्दै आएको छ । प्रकृतिपूजक यो समुदायले मनाउने विभिन्न चाडपर्वहरूमध्ये सोहरी एक हो । यो पर्व पौष महिनाको अन्त्यदेखि माघ महिनाभरी मनाइन्छ ।[15] यसै अवसरमा मुल्मी प्रणाली अन्तर्गत भूमि पूजा गरेर समुदायका सदस्यहरूले शिकार खेल्ने गर्दछन् । आफ्नो परम्परा अनुसार २०७२ पौष २९ गते केरौन होक्लाबारी र बयरवनका सन्थालहरूले खेतमा शिकार गरी ६वटा वन बिरालो मारेका थिए ।

सोही शिकारको विषयलाई लिएर इलाका प्रहरी कार्यालय पथरीका प्रहरी निरीक्षक रमेश बस्नेतको नेतृत्वमा आएको टोलीले १८जना सन्थाल

[14] http://www.nefin.org.np/list/Categorization-of-Indigenous-People-based-on-development-/5/956

[15] http://www.ncard.org.np/categorydetail/satar-santhal.html

समुदायका सदस्यहरूलाई हिंडिरहेको अवस्थामा बाटोबाट पक्राउ गऱ्यो । शिकारका लागि प्रतिबन्धित जनावर चरीबाघ मारेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको थियो । आदिवासी अधिकारकर्मी भोजवीर माझी र देवराज चौधरीको संयुक्त पहलमा पक्राउ परेकाहरूलाई छुटाउने काम भयो ।

यस घटनाले १८ जना व्यक्तिहरूलाई मात्र पीडा दिएको छैन, बरु समग्र सन्थाल समुदायको धार्मिक तथा साँस्कृतिक अधिकारसमेत हनन गरेको छ र उनीहरूको संस्कृतिलाई अपराधीकरण गर्ने काम भएको छ । आदिवासी समुदायको अधिकार र पहिचानलाई राज्यले संरक्षण र सम्वर्द्धन गर्नुको साटो उनीहरूको धर्म, संस्कृतिलाई नै समाप्त पारी पहिचानविहीन बनाउन राज्य लागेको देखिएको छ ।

**घटना घट्नुका सम्भावित कारणहरू**

- आदिवासी सन्थालहरू आफ्नो अधिकारको बारेमा सीमित मात्रामा जानकार हुनु ।
- राज्यले अदिवासीहरूको अधिकारलाई संरक्षण तथा सम्वर्द्धन नगर्नु ।
- आदिवासीहरूको जीवन पद्धतिलाई विनाश गर्ने कानूनी व्यवस्थाहरू हुनु ।

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- नेपालको संविधान र कानूनहरूले हिन्दू धर्मको मात्र सम्वर्द्धन गर्ने नीति लिनु ।

## ५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव

- शिकार खेल्ने परम्परा सन्थालहरूको परम्पराग पेशा मात्र नभई उनीहरूको संस्कृति तथा आध्यात्मिकतासँग जोडिएको हुनाले उनीहरूको धर्म संस्कृति लोप हुने खतरा छ ।
- परम्परागत ज्ञान र शीप लोप हुनसक्ने ।

६. **प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- आदिवासी अधिकारकर्मीहरूद्वारा सो विषयलाई सहजीकरण गरी पीडितहरूलाई हिरासतबाट छुटाएको ।

७. **नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायताः समुदायका सदस्यहरूलाई नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी परामर्श प्रदान गरेको ।
- आदिवासीको मानव अधिकारबारे प्रहरी प्रशासनलाई जानकारी गराइएको ।

८. **सरकारले चालेको कदमहरू**

- राष्ट्रिय मानव अधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाएका पत्रहरूको जवाफः छैन
- अदालतका निर्णयहरूः छैन
- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरूः छैन
- संसदीय समितिको सुनुवाईः छैन

९. **मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

**छैन ।**

१०. **सिफारिशहरू**

- सन्थाल आदिवासीको धार्मिक तथा साँस्कृतिक अधिकारलाई सम्मान गरी पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चित गरियोस् ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम:

| | |
|---|---|
| नाम: | देवराज चौधरी |
| पद: | क्षेत्रीय आदिवासी मानव अधिकार प्रतिरक्षक |
| जिल्ला: | मोरङ |
| संस्था: | नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) |

# थारुको ऐतिहासिक पवित्र स्थल कुपामाथि अतिक्रमण

१. **घटना विवरण**

**क. मानव अधिकार हननको प्रकार**

- धार्मिक तथा साँस्कृतिक अधिकार
- पहिचानको अधिकार

**ख. घटना भएको मिति र समय**

- मिति: २०७२ साल
- समय:

**ग. घटना भएको स्थान**

- जिल्ला: सुनसरी
- नपा/गाविस: इटहरी उपमहानगरपालिका
- वडा नं.: ५
- टोल: बयरवन

२. **पीडितहरूको विवरण**

**क. पीडित(हरू)को नाम थर:**

- जातीय/आदिवासी समूह: थारु
- संस्थागत आबद्धता: विभिन्न सामाजिक संघसंस्थाहरूमा आवद्ध रहेको

**ख. पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान: इटहरी ५ स्थित बयरवन र आसपासको क्षेत्र ।
- समुदायमा कूल प्रभावितहरूको संख्या: अन्दाजी १५ हजार

- प्रभावित पुरुषहरूको संख्या: आन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाहरूको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित बालबालिकाहरूको संख्या: अन्दाजी १५ प्रतिशत
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: थारु, राई, लिम्बू, गुरुङ आदि ।

ग. **आदिवासी नेताहरूको नाम**

- नाम: ज्योतिष कुमार चौधरी
- संस्था: ढप्कीदेवी ग्रामथान समिति
- पद: अध्यक्ष
- नाम: दर्शनलाल चौधरी
- संस्था: ढप्कीदेवी ग्रामथान समितिका धामी (पुजारी)
- समुदायका सदस्यहरूको मुख्य पेशा: खेती, सामान्य व्यापार

३. **पीडकहरूको विवरण**

क. **पीडक(हरू)को नाम, पद**

- नाम, थर: रमेश कठायत र करुणा कठायत
- ठेगाना: बयरवन, ५

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकाय: इटहरी उपमहानगरपालिकाको कार्यालय, सुनसरी ।

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख:

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण:

४.    घटनाको विवरण

क.    घटनाको पृष्ठभूमि

**घटनासँग सम्बन्धित सूचना**



जीर्ण बनेको थारु समुदायले प्रयोग गर्ने गरेको कुपा

इटहरी उपमहानगरपालिका वडा नं. ५ बयरवन टोल थारु आदिवासीहरूको ऐतिहासिक थातथलोको रुपमा चिनिन्छ । विगतमा प्रशस्त बयरको रुखहरू पाइने भएकाले सो भू-क्षेत्रलाई बयरवन भन्न थालिएको भन्ने भनाई रहेको छ ।  धेरै वर्ष पहिले आदिवासी थारुहरूले सामुहिक प्रयोगका लागि सो स्थानमा एक कुपा (इनार) बनाएका थिए । प्रकृति पूजक थारुहरूले सो कुपालाई आस्थाको रुपमा पुज्ने गर्छन् । यसका अतिरिक्त थारु समुदायका सदस्यहरूले विवाह गर्दा बेहुला बेहुलीले त्यस कुपालाई परिक्रमा गरी पारिवारिक जीवन प्रारम्भ गर्ने प्रचलन छ । त्यसकारण सो कुपा थारुहरूको

आध्यात्मिक र साँस्कृतिक पहिचानसँग जोडिएको छ। उनीहरूको जीवनयापन, आध्यात्मिकता र आस्थासँग जोडिएको छ।

तीव्र बसाईं सराइका कारण बयरवन क्षेत्रमा मानव वस्ती विस्तार हुन थाल्यो। जनसंख्या वृद्धिका कारण सो पवित्र भूमिमाथिको अतिक्रमण बढ्न थाल्यो। तथापि सो भूमिको संरक्षण गर्न ढप्कीदेवी ग्रामथान समितिले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। तर २०७२ मा कुपाछेउमा जग्गा किनी घर बनाएका रमेशकुमार कठायत र करुणा कठायतले जग्गा अतिक्रमण गरी आफ्नो जग्गाभित्र सो कुपा पारी ढलान गर्न ढुंगासमेत छापिसकेको अवस्था छ।

कुपा संरक्षणका लागि समुदायका सदस्यहरूले घेराबार हाल्न खोज्दा कठायत दम्पतीले इटहरी उपमहानगरपालिकामा निवेदन दिई सो क्षेत्रको भूमि अतिक्रमण गर्ने प्रयास गरे। ऐतिहासिक तथा साँस्कृतिक पहिचान बोकेको कुपाको संरक्षण गर्ने दायित्व उपमहानगरपालिकाको हो। तर उपमहानगरपालिकाले संरक्षण गर्नुको साटो उल्टै कुपाको जग्गा अतिक्रमण गरी अनधिकृत रुपमा आफ्नो जग्गामा गाभ्ने कठायत दम्पतीको पक्षपोषण गरेको छ। हालसम्म उपमहानगरपालिले दुईपटक पत्र काटेर कुपा संरक्षण समितिका अध्यक्ष ज्योतिषकुमार चौधरीलगायत अन्य पदाधिकारीहरूलाई नगरपालिकामा हाजिरी हुन आउनु भनी ताकेता गरिरहेको छ, जसले उनीहरू मानसिक तनाब र दवावमा रहेका छन्।

**ख. घटना घट्नुका सम्भावित कारणहरू**

- ऐतिहासिक तथा साँस्कृतिक महत्व बोकेको धरोहर संरक्षण गर्ने दायित्वबाट उपमहानगरपालिका उदासीन रहनु।
- कठायत दम्पतिलाई राजनीतिक संरक्षण प्राप्त हुनु।
- कुपा अतिक्रमणमा समुदायले सशक्त भूमिका निर्वाह गर्न नसक्नु।
- प्रभावित समुदाय आफ्नो अधिकारका बारेमा जानकार नहुनु।

ग. **घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- विभेदकारी कानून तथा नीतिहरू ।
- आदिवासीहरूको सामुहिक भूमिलाई कानूनी मान्यता नदिनु र वैधानिक रुपमा त्यस प्रकारको भूमि दर्ता गर्ने प्रावधान नहुनु ।

५. **घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

आदिवासी थारुहरूको आस्थासँग जोडिएको कुपा अतिक्रमणले उनीहरूको पहिचान, धर्म र संस्कृति लोप हुने देखिन्छ । किनभने सो ऐतिहासिक कुपा खानेपानीको स्रोतका साथै आध्यात्मिक स्थलको रुपमा समेत रहेको छ । धार्मिक तथा साँस्कृतिक धरोहरको रुपमा रहेको कुपा अतिक्रमणले थारुहरूको धार्मिक तथा साँस्कृतिक परम्परा जोखिममा पर्ने देखिन्छ । थारु समुदायको आन्तरिक सामाजिक सम्बन्धमा पनि खलल पुग्ने देखिन्छ ।

६. **प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- इटहरी उपमहानगरपालिकामा जानकारी दिइएको छ ।

७. **नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायता: छैन
- अभियान र वकालत: छैन
- भौतिक र आर्थिक सहयोग: छैन

८. **सरकारले चालेका कदमहरू**

- राष्ट्रिय मानवअधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाएका पत्रहरूको जवाफ: छैन
- अदालतका निर्णयहरू: छैन

- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरू: छैन
- संसदीय समितिको सुनुवाई: छैन

९. **मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- सम्बन्धित क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूबाट प्राप्त प्रतिक्रियाहरू: छैन

१०. **सिफारिशहरू**

- थारु जातिको सामाजिक तथा साँस्कृतिक पहिचानरुपी ऐतिहासिक कुपाको संरक्षण गरी अतिक्रमण गर्नेमाथि कारबाही गरियोस् ।
- कुपा संरक्षण कार्यलाई सहयोग प्रदान गरियोस् ।
- थारु जातिको संस्कृति तथा संस्कारलाई जीवित राख्न ढप्कीदेवी ग्रामथान समितिलाई संरक्षणको जिम्मा दिइयोस् ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

**दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्था**

| | |
|---|---|
| नाम: | गोपाल देवान |
| पद: | क्षेत्रीय आदिवासी मानव अधिकार प्रतिरक्षक |
| जिल्ला: | सुनसरी |
| संस्था: | नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) |

# गैरन्यायिक हत्या, ताप्लेजुङ

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- बाँच्न पाउने अधिकारको हनन ।
- धार्मिक तथा साँस्कृतिक अधिकार हनन ।

ख. घटना भएको मिति र समय

- मितिः २०७२ साल कार्तिक १७ गते
- समयः दिनको ३ बजे

ग. घटना भएको स्थान

- जिल्लाः ताप्लेजुङ
- गाविसः सान्थाक्रा
- वडा नं.: ६
- टोलः थेवारा

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थरः**

- नामः समीर लिम्बू
- स्थायी ठेगानाः मामांखे गाविस, खेजेनेम ३, ताप्लेजुङ
- लिङ्गः पुरुष
- वैवाहिक स्थितिः अविवाहित
- राष्ट्रियताः नेपाली
- उमेरः अन्दाजी २५ वर्ष
- पेशाः कृषि
- जातिः लिम्बू

- बोलीचालीको भाषा: लिम्बू र खस नेपाली
- धर्म: किरात
- शिक्षा: साक्षर
- संगठनको सदस्यता: किरात मूलवासी स्वतन्त्र लिम्बुवान, साधारण सदस्य

**ख. पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान:
- समुदायमा कूल प्रभावितहरूको संख्या:
- प्रभावित पुरुषको संख्या:
- प्रभावित महिलाको संख्या:
- प्रभावित बालबालिकाको संख्या:
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: लिम्बू, राई, सुनुवार, याक्खा, तामाङ, गुरुङ, शेर्पा आदि ।

**ग. आदिवासी नेताहरूको नाम:**

- समुदायका सदस्यहरूको मुख्य पेशा:

**३. पीडकको विवरण**

क. पीडक(हरू)को नाम, पद

- नाम, थर: शान्तिराज कोइराला तथा उनको निर्देशनमा खटिएका प्रहरी जवानहरू
- ठेगाना: जिल्ला प्रहरी कार्यालय, फुङलिङ, ताप्लेजुङ

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकाय: प्रहरी कार्यालय

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख: शान्तिराज कोइराला, डि.एस.पि.

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण: जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ

## ४. घटनाको विवरण

## क. घटनाको पृष्ठभूमि

**घटनासँग सम्बन्धित सूचना**

ताप्लेजुङ जिल्ला, मामांखे गाविस वडा नं ३ खेजेनेम बस्ने अन्दाजी वर्ष २५को समीर लिम्बूलाई प्रहरीद्वारा गैरन्यायिक हत्या भएको छ। मृतक समीर लिम्बू किरात मूलवासी स्वतन्त्र लिम्बुवान भन्ने संगठन आबद्ध एक सामान्य कार्यकर्ता रहेको आफन्तहरू बताउँछन्। २०७२ कार्तिक १७ गते संगठनका ५/६ जना कार्यकर्ताले ताप्लेजुङ जिल्लाको सन्थाक्रा गाविसका केही स्थानीय जनताहरूसँग आफ्नो संगठन र कार्यक्रमबारे छलफल गर्ने योजना बनाएका थिए। करीब दिनको ३ बजे सो गाविसको वडा नं ६, थेबारास्थित बलसिंह लिम्बूको घरमा खाना खाने क्रममा गस्तिमा खटिएका प्रहरीहरूले समीर लिम्बुमाथि गोली प्रहार गऱ्यो, र सोही आक्रमणमा परी उनको मृत्यु भयो। मृतकको लाश आफन्तलाई जानकारी नदिई आफ्नो संस्कार संस्कृतिसमेत गर्न नदिई, आफूखुसी ताप्लेजुङ जिल्ला अस्पतालमा पोस्टमार्टम गरी फुङलिङ बजार छेउ तक्मे चिहान डाँडामा प्रहरीद्वारा गाडिएको भन्ने पीडकको भनाई रहेको छ।

यस संगठनमा आबद्ध अन्य कार्यकर्ताहरू चन्द्रबहादुर लिम्बू, कुमार लिम्बू फोम्बो, शिव मगर, दुर्गामाया लिम्बू आदिलाई ताप्लेजुङ जिल्लामा प्रहरी हिरासतमा राखिएको छ। स्रोतका अनुसार यस संगठनका कार्यकर्तालाई प्रहरीद्वारा कुनै वारेन्ट नदिई पक्राउ गरी जेलभित्र चरम मानसिक र शारीरिक यातना दिने गरिएको छ। यस संगठनलाई दमन गर्ने उद्देश्यले सोही जिल्लाको सन्थाक्रा, युखावु, मामांखे, सावा, खोक्लिङ आदि गाविसहरूमा व्यापक प्रहरी परिचालन गरी स्थानीय जनतालाई आतंकित पार्ने काम भएको छ। गोलीगठ्ठासहित प्रवेश गरेको प्रहरीहरूको धाकधम्की, यातना र आतंकका कारण स्थानीयवासीहरू विस्थापित समेत भएका छन्।

**ताप्लेजुङमा प्रहरी र सशस्त्र समूहको भिडन्त, एकको मृत्यु**

कार्तिक १७, २०७२ प्रहरी र सशस्त्र समूहबीच मंगलबार भएको गोली हानाहानमा एक जनाको मृत्यु भएको छ । दुई जना प्रहरी घाइते भएका छन् । जिल्लाको पश्चिमी सान्थाक्रा गाविसमा भएको गोली हानाहानमा खेजेनेम गाविस-३ का समीर लिम्बू नाम गरेको नागरिकता बोकेका व्यक्तिको मृत्यु भएको प्रहरी नायब उपरिक्षक शान्तिराज कोइरालाले बताए ।

कोइरालाका अनुसार घाइते प्रहरीमध्ये एक जनाको हातमा र अर्कोको खुट्टामा चोट लागेको छ । मृतक प्रहरीले दशौं अगाडि देखि नै लगातार खोजी गरिरहेको देउमान लाबुङ (हाराहाङ) समूहमध्येका एक सदस्य भएको कोइरालाले बताए ।

मंगलबार दोभान इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक देवी फागोको नेतृत्वमा खटिएको टोली सान्थाक्रा ६ को थेवाटारमा पुग्दा उक्त समूहले फायरिङ गरेको र प्रहरीको जवाफी फायरिङमा उनको मृत्यु भएको कोइरालाले बताए । प्रहरीले घटनास्थलबाट सकेट बम, कम्ब्याट ड्रेस, ब्याट्रि र बारुद, १४ हजार नगदलगायतका सामाग्री बरामद गरेको छ । पाँच/छ जनाको समूहमा रहेका अरुको खोजी तीब्र पारिएको प्रहरीले जनाएको छ ।

किरात मूलवासी स्वतन्त्र लिम्बुवानको नाममा रहेको समूहसँग प्रहरीको दशौं अगाडि देखिनै झडप हुँदै आएको थियो । यस अघिका भिडन्त जिल्लाको उत्तरी इखाबु गाविसमा भएका थिए ।

प्रकाशित: कार्तिक १७, २०७२
Source: http://kantipur.ekantipur.com/news/2015-11-03/20151103190515.html

**५. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिइएको ।

**६. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायता: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले पीडितहरूलाई कानूनी परामर्श उपलब्ध गराएको ।
- अभियान र वकालत: छैन
- भौतिक र आर्थिक सहयोग: छैन

**७. सरकारले चालेका कदमहरू**

- राष्ट्रिय मानव अधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाएको पत्रहरूको जवाफ: छैन
- अदालतका निर्णयहरू: छैन
- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरू: छैन
- संसदीय समितिको सुनुवाई: छैन

**८. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- सम्बन्धित निकायहरूबाट हालसम्म कुनै प्रत्रिक्रिया प्राप्त भएको छैन ।

**९. सिफारिशहरू**

- सो घटनाको सत्य तथ्य छानवीन गरी दोषीलाई कारवाही र पीडितलाई उचित क्षतिपूर्ति दिइयोस् ।
- नागरिकहरूको स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरियोस् ।

- निश्चित जातिहरूलाई केन्द्रीत गरी सञ्चालन गरिएको प्रहरी दमन बन्द गरियोस् ।

१०. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

**दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम**

नाम:

पद:

जिल्ला: काठमाडौं

संस्था: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# गैरन्यायिक हत्या तथा प्राकृतिक स्रोतमाथिको अधिकार हनन

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- बाँच्न पाउने अधिकारको हनन
- परम्परागत भूमिमाथि अतिक्रमण

ख. घटना भएको मिति र समय

- मिति: २०७१ साल जेठ १९ गते
- समय: दिनको ३ बजे

ग. घटना भएको स्थान

- जिल्ला: डोल्पा
- गाविस: धो
- वडा नं.: ४

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थर:**

- नाम: छिरिङ फुर्वा गुरुङ
- स्थायी ठेगाना: धो गाविस वडा नं. ६, डोल्पा
- लिंग: पुरुष
- उमेर: अन्दाजी ३० वर्ष
- समुदाय: डोल्पो
- पेशा: कृषि/पशुपालन

**ख. पीडित(हरू)को नाम थरः**

- नामः ढन्डुप लामा
- स्थायी ठेगानाः धो गाविस वडा नं. ४, डोल्पा
- लिंगः पुरुष
- उमेरः अन्दाजी ४७ वर्ष
- समुदायः डोल्पो
- पेशाः कृषि/पशुपालन

**ग. पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थानः धो गाविस
- समुदायमा कूल प्रभावितहरूको संख्याः २४० घरपरिवार
- प्रभावित पुरुषको संख्याः अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाको संख्याः अन्दाजी ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्याः अन्दाजी २० प्रतिशत
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरूः डोल्पो र अन्य

**घ. आदिवासी नेताहरूको नामः**

- समुदायका सदस्यहरूको मुख्य पेशाः कृषि/पशुपालन

**३. पीडकको विवरण**

क. पीडक(हरू)को नाम, पदः

- नाम, थरः प्रजिअ कृष्ण प्रसाद खनाल र प्र.नि. जीवन मल्ल
- ठेगानाः जिल्ला प्रशासन कार्यालय, डोल्पा

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकायः प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय, डोल्पा

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुखः प्रमुख जिल्ला अधिकारी

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरणः


## ४. घटनाको विवरण

## क. घटनाको पृष्ठभूमि

**घटनासँग सम्बन्धित सूचना**

घटना भएको स्थान आदिवासी डोल्पोको ऐतिहासिक थातथलो हो । डोल्पो जातिले गर्ने विभिन्न परम्परागत पेशामध्ये पशुपालन, यार्चागुम्बालगायतका जडिबुटी संकलन आदि प्रमुख रहेका छन् ।


जिल्लाको उच्च भेगमा यार्चागुम्बा जस्ता जडिबुटीहरू पाइने भएका कारण संकलनका लागि विभिन्न क्षेत्रबाट मानिसहरू वर्षेनी डोल्पा आउने गर्दछन् । अनियन्त्रित र अव्यवस्थित जडिबुटी संकलनका कारण त्यहाँका खर्कहरू घाँसबिहीन भइरहेका छन् । गएको दुई वर्षमा मात्रै ५० (२०६९ र २०७०) भन्दाबढी चौंरी घाँस खान नपाई मरेको स्थानीयहरूको भनाई रहेको छ । अव्यवस्थित यार्चागुम्बा संकलनकै कारण त्यस क्षेत्रका आदिवासी तथा स्थानीय समुदायको पराम्परागत पेशा र जीवन पद्धति धरासायी बन्न पुगेको छ । सो क्षेत्रका आदिवासीहरूले यार्चागुम्बा संकलन कार्य व्यवस्थित गर्ने पहलको शुरुवात २०७१ सालमा गरेका थिए, जस अनुसार यार्चागुम्बा संकलकहरूबाट समुदायले उठाउँदै आएको सहयोगलाई व्यवस्थित गर्ने र लाङ पाटन (जुन महत्वपूर्ण चरण क्षेत्र हो)लाई यार्चागुम्बा टिप्न निषेधित क्षेत्र घोषणा गर्नेलगायतका थिए । उठेको सहयोग रकम (स्थानीय प्रशासनको सहमतिमा) स्थानीय स्तरको विकास कार्यमा लगानी गर्ने र अव्यवस्थित यार्चागुम्बा संकलनलाई व्यवस्थित गरी वातावरण संरक्षणमा पहल गर्ने सो योजनाको उद्देश्य रहेको थियो । तर, स्थानीय प्रशासन र से-फोक्सुन्डो राष्ट्रिय निकुन्ज मध्यवर्ती व्यवस्थापन समिति रोयल्टी र यार्चागुम्बा संकलनलाई व्यवस्थित बनाउन र स्थानीय जनताको यार्चागुम्बा संकलन सहभागिता चाहँदैन थिए ।




विरोधमा उत्रेका स्थानीयहरू

तश्वीर स्रोतः
www.onlinekhabar.com/2014/06/212710/#sthash.prGMGf4J.dpuf

तर, त्यहाँका आदिवासीहरूले से-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज मध्यवर्ती व्यवस्थापन समिति र स्थानीय प्रशासनको आकांक्षालाई मान्न तयार थिएनन् । २०७१ ज्येष्ठ १९ मा समितिको संयोजक मानव हमालको उजुरीमा जिल्ला प्रहरी कार्यालय डोल्पाका प्र.नि. जीवन मल्लको नेतृत्वमा सशस्त्र र जनपदका करीब ५० प्रहरी हतियारसहित डोल्पा जिल्ला धो गाविस वडा नं.४ प्रवेश गरी गाउँलेहरूलाई धरपकड गर्ने काम भयो । सोही क्रममा समुदायको विकासका लागि यार्चागुम्बा संकलकहरूबाट प्रदान गरिएको सहयोग रकम र १२ जनाको व्यक्तिगत गरी रु.८ लाख तथा स्थानीयहरूको घडी, सिक्री समेत प्रहरीले खोसेर लगेको गाउँलेहरूको भनाई छ ।



प्रहरीको कुटाइबाट घाइते स्थानीय
तश्वीर स्रोत *http://www.ucanews.com/news/himalayan-viagra-harvest-causes-trouble-in-nepal/71267*

२०७१ ज्येष्ठ २० गते प्रहरीले कब्जामा लिएको स्थानीयहरूको रकम तथा जिन्सी सामान फिर्ता माग्न जाँदा प्र.नि. जीवन मल्लले “यी भोटेहरूलाई गोली ठोक” भन्ने आदेश दिए । सो क्रममा ड्युटीमा रहेका रामप्रसाद महत, हेमराज हमाल, सशस्त्र प्र.नि जीवनकुमार मल्लसमेतले भेला भएका सर्वसाधरणमाथि अन्धाधुन्ध अश्रुग्याँस र गोली चलाए । सो घटनामा घाइते भएका धो गाविस वडा नं. ६ का ३० वर्षीय छिरिङ फुर्वा गुरुङको उपचारको क्रममा स्थानीय हेल्थ पोष्टमा मृत्यु भयो । अर्का घाइते सोही गाविस वडा नं.४ बस्ने ४७ वर्षीय ढन्डुप लामालाई उपचारको लागि हेलिकप्टरबाट काठमाडौं ल्याइयो । उनको पनि उपचारकै क्रममा ओम नर्सिङ होममा २६ गते मृत्यु भयो ।

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनरु**

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, २०२९ले आदिवासी अधिकार प्रतिबिम्बित गर्न नसक्नु ।

**५. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिइएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन दिइएको ।
- २०७१ असार २२ गते जिल्ला प्रहरी कार्यालय डोल्पामा जाहेरी दरखास्त दिइएको ।

**६. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायताः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले पीडितहरूलाई कानूनी परामर्श उपलब्ध गराएको ।
- अभियान र वकालतः छैन
- भौतिक र आर्थिक सहयोगः छैन

**७. सरकारले चालेका कदमहरू**

- राष्ट्रिय मानव अधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाइएका पत्रहरूको जवाफः छैन
- अदालतका निर्णयहरूः छैन
- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरूः छैन
- संसदीय समितिको सुनुवाइः छैन
- घटना छानवीनका लागि नेपाल सरकारले एकतर्फी रुपमा डोल्पा जिल्लाका प्रजिअको संयोजकत्वमा छानवीन समिति गठन गरेको ।

**८. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- घटनाको कारबाहीपछि मृतक एक जनाले क्षतिपूर्ति पाएको अर्कोले केही नपाएको ।

## ९. सिफारिशहरू

- आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ले प्रत्याभूत गरेको सहभागिता, सहमति र मञ्जुरी, भूमि तथा प्राकृतिक स्रोतमाथिको अधिकारलगायतका सम्पूर्ण अधिकारहरूलाई अविलम्ब कार्यान्वयन गरियोस्।
- स्थानीय प्रशासनको ज्यादतीका कारण आदिवासीको स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकार, यातना विरुद्धको अधिकार, भूमिसम्बन्धी अधिकारको उल्लंघन भएको हुँदा घटनाको निष्पक्ष छानवीन गरी दोषीमाथि कारबाही गरियोस्।
- प्रजिअ कृष्णप्रसाद खनाल र प्रहरी निरीक्षक जीवन मल्लको आदेश तथा योजनामा प्रहरी निरीक्षक रोशन शाह, से फोक्सुण्डो राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका स्थल निरीक्षक हेमराज हमाल र मानव हमालसमेतले आतंक सृजना गरी २ जनाको हत्या गरिएको हुँदा दोषीमाथि अविलम्ब कारबाही र पीडितलाई उचित क्षतिपूर्ति दिइयोस्।
- प्रहरीले जफत गरेको नगद तथा जिन्सी तुरुन्त स्थानीयहरूलाई फिर्ता गरियोस्।
- आदिवासी परम्पागत संस्थालाई मान्यता दिइयोस्।

## १०. पेश गर्ने व्यक्ति/संस्थाको विवरण

**दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम**

नाम :

पद:

जिल्ला: काठमाडौं

संस्था: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# जब्दी छाला प्रशोधन उद्योग

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार ।
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior Informed Conset-FPIC)को अधिकार ।
- भूमिमाथिको अधिकार ।
- स्वच्छ वातावरणको अधिकार ।

ख. घटना भएको मिति र समय

- मिति: २०७१ साल पौष २५ गतेदेखि

ग. घटना भएको स्थान

- जिल्ला: बर्दिया
- गाविस: धधवार
- वडा नं.: ५

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थर:**

- जातीय/आदिवासी समूह: थारुलगायतका समुदाय
- संस्थागत आबद्धता: विभिन्न सामाजिक संघसंस्थामा आवद्ध रहेको ।

**ख. पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान: गुलरिया नगरपालिका र २ गाविस (धधबार र मोहम्मदपुर)का ९ वस्तीहरू

- समुदाय: थारुलगायत मुस्लिम र दलित
- समुदायमा कूल प्रभावितहरूको संख्या: अन्दाजी ७,०००
- प्रभावित पुरुषको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाको संख्या: ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्या: अन्दाजी २८ प्रतिशत

**ग. आदिवासी नेताहरूको नाम**

**नाम**: बडघर राम बहादुर थारु र अगुवा भग्गु थारु

- **समुदायका सदस्यहरूको मुख्य पेशा**: कृषि, पशुपालन, माछा मार्ने, ज्याला मजदुरी, वैदेशिक रोजगार आदि ।

**३. पीडकको विवरण**

- जब्दी छाला प्रशोधन उद्योगका संचालक जाकिर हुसैन
- जिल्ला प्रशासन कार्यालय
- धधवार गाविस

**४. घटनाको विवरण**

**क. घटनाको पृष्ठभूमि**

**घटनासँग सम्बन्धित सूचना**

थारु आदिवासीको ऐतिहासिक थातथलो भएको बर्दिया जिल्लाको धधबार गाविस वडा नं. ५ को जब्दी घाटमा पशु छाला प्रशोधन गर्ने उद्देश्यले जब्दी छाला प्रशोधन नामक उद्योग २०७१ सालमा स्थापना भएको हो ।

घरेलु तथा साना उद्योग कार्यालय बर्दियामा सो उद्योग दर्ता गर्ने क्रममा थारुहरूको प्रतिनिधिमूलक संस्था तथा अन्य समुदायसँग कुनै परामर्श गरिएन । उद्योग सञ्चालनमा आएको खण्डमा बर्दिया जिल्लाको गुलरिया नगरपालिका र २ गाविस (धधबार र मोहम्मदपुर)का ९ गाउँ वस्तीहरूलाई प्रत्यक्ष प्रभाव पार्नेछ ।

गुलरिया नगरपालिकामा स्थापित २ पशु बधशालालगायत अन्य क्षेत्रको पशु छाला प्रशोधन गरी बिक्रीवितरण सो उद्योगको लक्ष्य रहेको स्थानीयहरू बताउँछन् । बबई नदीको किनारमा प्रशोधन कार्य गरिने हुँदा जोखिममा रहेका समुदायहरूको जीविकोपार्जन र आस्थासँग जोडिएको बबई नदी पनि दूषित भई अन्ततः उनीहरूको धार्मिक, साँस्कृतिक, आर्थिक जीवनमा समेत प्रभाव पर्ने देखिन्छ ।



धधबार गाविसले थारु आदिवासी तथा स्थानीय समुदायहरूलाई छलछाम गरी सो उद्योग दर्ता गर्न सहयोग पुऱ्याएको स्थानीयहरूको भनाई रहेको छ । २०७१ साल मंसीरदेखि उद्योग संचालकले पूर्वधार निर्माण शुरु गरेपछि मात्र प्रभावितहरूले उद्योग र यसले समुदायलाई पार्ने हानी नोक्सानी बारेमा छलफल गर्न थाले । २०७१ पौष २५ गते थारुहरूको परम्परागत संस्थाका नेता बडघर रामबहादुर थारुको अगुवाइमा भएको सामुदायिक भेलाले उद्योग समुदायको हितमा नभएको निष्कर्ष निकाल्यो । सोही निष्कर्ष अनुरुप उनीहरूले धधबार गाविस र घरेलु तथा साना उद्योग कार्यालयमा उद्योग दर्ता खारेजीको लागि निवेदन दिए । तर कुनै सुनुवाई भएन ।

सम्बन्धित निकायहरूले सुनुवाई नगरेपछि प्रभावितहरूले विरोधका कार्यक्रमहरू शुरु गरे । यसै क्रममा उद्योग संचालक र पूर्वाधार निर्माणमा संलग्न ठेकेदारहरूले थारु अगुवाहरूलाई ३ पटकसम्म स्थानीय प्रहरी प्रशासन लगाई दवाब दिए ।

२०७२ जेठ २ गते आन्दोलनको भावी रणनीति तय गर्न बसेको प्रभावितहरूको सामुहिक बैठकमा प्रहरीहरूले हस्तक्षेप गर्‍यो । तर, प्रभावित समुदायका सबै सदस्यहरूले गिरफ्तारी दिने भएपछि विवादलाई जिल्ला प्रशासन कार्यालय बर्दिया पठाइयो ।

२०७२ जेठ १३ गते जब्दी गाउँका बडघर रामबहादुर थारु, भग्गु थारु र पहारी थारुलाई जिल्ला प्रशासन कार्यालय लगी पूर्वाधार निर्माण कार्यलाई अवरोध नगर्न दवाब दिइयो । तर समुदायका नेतृत्वहरूले उद्योग दर्ता खारेज गर्नुपर्ने आफ्नो अडानलाई छाडेनन् । हाल उद्योगको भौतिक पूर्वाधार निर्माण कार्य बन्द रहेको छ ।

नेपाल पक्ष राष्ट्र भइसकेको अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रत्याभूत गरेको भूमि र प्राकृतिक स्रोतमाथिको अधिकार, स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior and Informed Consent-FPIC)को अधिकार, वातावरणीय अधिकारलगायत उल्लंघन गरी थारुहरूको परम्परागत भूमि अतिक्रमण गरी सम्मानपूर्वक बाँच्न पाउने उनीहरूको अधिकार उल्लंघन गरिएको भनी प्रभावितहरूले विरोध गरिरहेका छन् ।

**ख. घटना घट्नुका सम्भावित कारणहरू**

- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ व्यवहारिक रुपमा कार्यान्वयन गर्न नचाहनु ।
- धधबार गाविस र घरेलु तथा साना उद्योग कार्यालय बर्दियाले

झूठो सरजिमीन गरी आदिवासी तथा स्थानीयलाई जानकारी तथा सूचना समेत नदिई उद्योग दर्ता गर्नमा सहयोग पुऱ्याउनु ।

- स्थानीय प्रहरी प्रशासन र जिल्ला प्रशासन कार्यालयले समुदायको पक्षमा न्याय दिन नसक्नु ।

**ग. घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- घरेलु तथा साना उद्योग कार्यालयको कार्यक्रम सञ्चालन नीति तथा निर्देशिकाहरू आदिवासी अधिकारमैत्री नहुनु ।
- भएका कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन नहुनु ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- परम्परागत पेशा (बबई नदीमा माछा मार्ने, पशुपालन, कृषि) जोखिममा पर्ने ।
- प्रकृति पूजक थारुहरूको धार्मिक, साँस्कृतिक जीवनमा असर पर्ने ।
- वातावरण प्रदुषित भई प्रभावितहरूको स्वास्थ्यमा असर पर्ने ।
- जीविकोपार्जनमा असर पर्ने ।

**६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- उद्योग दर्ता खारेजीको लागि गाविस तथा जिल्ला घरेलु तथा साना उद्योगमा निवेदन दिइएको ।
- प्रमुख जिल्ला अधिकारीलाई विवादको विषयमा जानकारी गराइएको ।
- उद्योग बन्द गर्नको लागि धर्ना तथा विरोधका कार्यक्रमहरू सञ्चालन गरिएको ।

**७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायताः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले प्रभावित समुदायलाई कानूनी परामर्श दिएको ।

- लाहुर्निपसँग आबद्ध आदिवासी मानव अधिकार प्रतिरक्षकले सशक्तीकरण र समस्या समाधानका लागि भूमिका निर्वाह गरेको ।

## ८. सरकारले चालेको कदमहरू

- आदिवासी तथा स्थानीयलाई परेको प्रभाव बारे स्थानीय निकायले चासो नदिएको ।

## ९. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू

## १०. सिफारिशहरू

- जब्दी छाला प्रशोधन नामक उद्योगको दर्ता खारेज गरियोस् ।
- आदिवासीहरूको मानव अधिकारलाई संरक्षण तथा सम्वर्द्धन गरियोस् ।
- झुक्यानमा पारी उद्योग दर्ता गर्ने उद्योग धनी, गाविस सचिवलगायत जिल्ला घरेलु तथा साना उद्योगलाई कारबाही गरियोस् ।

## ११. पेश गर्ने व्यक्ति/संस्थाको विवरण

दस्तावेजीकरण गर्ने व्यक्ति

नाम: काशीराम चौधरी

पद: आदिवासी मानव अधिकार प्रतिरक्षक

जिल्ला: बर्दिया

संस्था: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# राष्ट्रिय मानव अधिकार आयोगमा गैरसवैधानिक नियुक्ति

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- समानताको अधिकार ।
- सहभागिताको अधिकार ।

ख. घटना भएको मिति

- मिति: २०७१ कार्तिक ७ गते

ग. घटना भएको स्थान

- जिल्ला: काठमाडौं
- गाविस/नपा: काठमाडौं महानगरपालिका

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थर:**

- जातीय/आदिवासी समूह:
- संस्थागत आवद्धता:

**ख. पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान: नेपालभित्रका सबै अदिवासीहरू
- समुदाय: नेपालका सम्पूर्ण आदिवासीहरू
- समुदायमा कूल प्रभावितहरूको संख्या: ऐतहासिक रुपमा विभेदमा परेका समुदायहरू तथा सामाजिक रुपमा बहिष्करणमा पारिएका समुदायहरू (आदिवासी जनजाति, मधेशी, दलित, महिला, मुस्लिम आदि)

३. **पीडकको विवरण**

क. पीडक(हरू)को नाम, पद:

- नाम, थर:
- ठेगाना:

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकाय:

- प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरवार काठमाडौं ।
- कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
- संवैधानिक परिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।
- व्यवस्थापिका संसद अन्तर्गतका संसदीय सुनुवाई विशेष समिति, सिंहदरवार, काठमाडौं ।
- राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, हरिहर भवन, ललितपुर ।
- नेपाली कांग्रेस पार्टीको कार्यालय, सानेपा, ललितपुर ।
- नेपाल कम्युनिष्ट पार्टी (एमाले), केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं ।
- एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), केन्द्रीय कार्यालय, पेरिसडाँडा, कोटेश्वर, काठमाडौं ।
- मधेशी जनाधिकार फोरम, केन्द्रीय कार्यालय, साँचल सानेपा, ललितपुर ।
- राष्ट्रिय मानव अधिकार आयोगको नवनियुक्त अध्यक्ष अनुपराज शर्मा, राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर ।
- राष्ट्रिय मानव अधिकार आयोगको नवनियुक्त सदस्य प्रकाश वस्ती, राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर ।

- राष्ट्रिय मानव अधिकार आयोगका नवनियुक्त सदस्य गोविन्द शर्मा पौडेल, राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर ।
- राष्ट्रिय मानव अधिकार आयोगको नवनियुक्त सदस्य सुदिप पाठक, राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर ।
- राष्ट्रिय मानव अधिकार आयोगको नवनियुक्त सदस्य मोहना अन्सारी, राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर ।

## ४. घटनाको विवरण

### क. घटनाको पृष्ठभूमि

**घटनासँग सम्बन्धित सूचना**

लामो समयदेखि पदाधिकारीविहीन रहेको राष्ट्रिय मानव अधिकार आयोगमा २०७१ असोज २ गते संवैधानिक परिषद्ले अध्यक्ष तथा सदस्यहरूमा क्रमश: अनुपराज शर्मा, प्रकाश वस्ती, गोविन्द शर्मा पौडेल, सुदिप पाठक र मोहना अन्सारीको नाम सिफारिश गरी २०७१ असोज ३० र ३१ गते संसदीय सुनुवाई विशेष समितिले सुनुवाई गऱ्यो । सोही सिफारिश सदर गरी २०७१ कात्तिक ३ गते आयोगका आयुक्तहरू नियुक्त गरिए । आयोग एक संवैधानिक निकाय हो, जसले मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्ने अधिकार बहन गर्दछ । नेपालको अन्तरिम संविधान, २०६३ मा आदिवासी जनजाति, महिला, मधेशी, दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकको प्रत्याभूत गरिएको छ । तर सो नियुक्तिले अन्य समुदायहरूको समानताको हकको उल्लंघन गरेको छ ।


गोरखापत्र

GORKHAPATRA DAILY

मानव अधिकार आयोगमा शर्मा

राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जातजाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन भनी संविधानको धारा १३ ले समानताको हकको प्रत्याभूति गरेको छ। तर, संवैधानिक परिषद्को सिफारिशमा नियुक्त भएका अध्यक्ष तथा सदस्यहरू मोहना अन्सारी बाहेक अन्य सबै एकै समुदाय, क्षेत्र, वर्ण र धर्म भएका व्यक्तिहरू हुन्। आयोगको आयुक्तहरू नियुक्तिले नेपालको अन्तरिम संविधानको प्रावधान उल्लंघन गरेको छ।

संविधानको प्रस्तावना र धारा ३ समेतले नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त समाज हो भनी समानतामा आधारित समाज निर्माणको परिकल्पना संवैधानिक रुपमा नै गरेको अवस्थामा सो नियुक्ति समानताको हकको मर्म विरुद्ध छ। जातिगत रुपमा आयोगमा ५ जनाको स्थानमा १ जना मुस्लिम सम्प्रदायको व्यक्ति नियुक्ति गरी बाँकी ४ जना एउटै जात, समुदायबाट अनुपातको हिसाबमा ८० प्रतिशत प्रतिनिधित्व गराइनु नेपालको अन्तरिम संविधान, २०६३ ले आत्मसात गरेको समानुपातिक सहभागिताको विपरीत छ र एकल जातीवादी नियुक्ति भएको छ।

नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय अनुबन्ध, घोषणापत्र तथा महासन्धिहरू जस्तै ICERD, १९६५को धारा १, ICCPR, १९६६ को धारा २, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७को धारा ५, १८, १९, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९को धारा २, ६ विपरीत रहेको छ । यी अनुबन्ध, महासन्धिहरू तथा घोषणापत्रले सहभागिता र समानताको हक सुनिश्चित गरेको छ । साथै कुनै धर्म तथा जातिलाई प्राथमिकता दिनु या प्रश्रय दिनुसमेत जातीय विभेद हो भन्ने व्याख्या गरेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(ड) र नेपाल सन्धि ऐन, २०४७ को दफा ९अनुसार यी अनुबन्ध, घोषणापत्र तथा महासन्धिहरूको कार्यान्वयन बाध्यात्मक रहेको छ ।

## ५. **प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- सामुहिक सरोकारको विषय भएका कारण सामुहिक रुपमा विभिन्न संघसंस्थाहरूले सोको विरोधमा आवाज उठाएको ।

## ६. **नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू (यदि छन् भने)**

- सो गैरसंवैधानिक नियुक्ति उपर सर्वोच्च अदालतमा २०७१ कार्तिक ५ गते रीट निवेदन दिइएको ।
- संसदीय सुनुवाई समितिमा समानुपातिक समावेशी नभएको र जातीय विभेद भएको भनी २०७१ असोज ३० गते निवेदन दर्ता गराएको । निवेदहरूले सो विषयमा समितिका सदस्यहरूलाई प्रष्ट्याएको ।
- नियुक्तिका लागि सिफारिश भएपछि सिफारिशको विरुद्धमा सर्वोच्चमा रीट दर्ता गराएको र हालसम्म विचाराधीन रहेको ।

## ७. सरकारले चालेको कदमहरू

- सो रीट सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको छ ।
- संसदीय सुनुवाई विशेष समितिले निवेदकको पक्षमा सुनुवाई नगरेको केवल कार्यविधि मात्र पूरा गरेको

## ८. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू

- व्यवस्थापिका संसद सो सिफारिश समानुपातिक समावेश नभएको भनी संवैधानिक परिषद्लाई स्पष्टीकरण माग गरिएको ।
- संवैधानिक परिषद्ले संवैधानिक निकायहरूमा आगामी दिनमा थप समावेशी बनाइने भनी स्पष्टीकरण दिएको ।

## ९. सिफारिशहरू

- राष्ट्रिय मानव अधिकार आयोगमा भएको उक्त गैरसंवैधानिक नियुक्ति र सोसँग सम्बन्धित निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी संविधानको उल्लिखित प्रावधान बमोजिम विविधता कायम हुनेगरी अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुरुप र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१, १३१ अनुसारको समानुपातिक समावेशीको आधारमा राष्ट्रिय मानव अधिकार आयोगमा नियुक्ति गर्नुपर्ने ।

## १०. पेश गर्ने व्यक्ति/संस्थाको विवरण दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम

नाम:

पद:

जिल्ला: काठमाडौं

संस्था: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# धरान–चतारा–गाइघाट–कटारी–सिन्धुली–हेटौंडा सडक परियोजना

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- आर्थिक, सामाजिक र नागरिक अधिकार ।

ख. घटना भएको मिति र समय

- मिति: २०७२ साल चैत्र ८ गतेदेखि
- समय:

ग. घटना भएको स्थान

- जिल्ला: सिन्धुली
- गाविस/नपा: कमलामाई नगरपालिका
- वडा नं.: १, ४ र ५
- टोल:

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थर:**

- जातीय/आदिवासी समूह: कमलामाई नगरपालिका वडा नं. १, ४ र ५का स्थानीय समुदाय
- संस्थागत आवद्धता:

**ख. पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान: कमलामाई नगरपालिका, सिन्धुली

- समुदायः  नेवार, तामाङ, सुनुवार, भुजेल, दलित, क्षेत्री
- समुदायमा कूल प्रभावितहरूको संख्याः
- प्रभावित पुरुषको संख्याः
- प्रभावित महिलाको संख्याः
- प्रभावित बालबालिकाको संख्याः
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरूः नेवार, तामाङ, सुनुवार, भुजेल, दलित, क्षेत्री

ग. **आदिवासी नेताहरूको नाम**

नामः सामुहिक

- समुदायका सदस्यहरूको मुख्य पेशाः कृषि, व्यपार वैदेशिक रोजगार

३. **पीडकको विवरण**

क. पीडक(हरू)को नाम, पदः

- नाम, थरः

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकायः

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुखः

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरणः

**४. घटनाको विवरण**

नेपाल सरकारको करीब ११ अर्ब रुपैयाँको लागत रहेको पूर्वी तराई तथा पहाडी जिल्ला हुँदै राजधानी नजिक जोड्ने धरान-चतारा-गाइघाट-कटारी-सिन्धुली-हेटौँडा सडक परियोजना निर्माण कार्य शुरु भएको छ । यस सडक निर्माण सम्बन्धी प्रतिवेदन अनुसार प्रति किलोमिटर सडक निर्माणका लागि ३ करोड ५५ लाख रुपैयाँ खर्च लाग्ने छ । यस मार्ग अन्तर्गत ३ सय १८ किलोमिटरभित्र विभिन्न नदी तथा खोलामा जम्मा ६८ पक्की पूल निर्माण

गर्नुपर्ने छ, जस अन्तर्गत चालु आर्थिक वर्ष (आव)मा सिन्धुली जिल्लामा ३ पक्की पूल निर्माणको काम थालिएको छ ।

ती पूल निर्माणको काम थालनी भएपछि सो निर्माण कार्यबाट प्रभावत हुने आदिवासी तथा स्थानीयवासीहरूले असन्तुष्टि व्यक्त गरेका छन् ।

आफूहरू विकास विरोधी नभए पनि सडक निर्माणले आफ्नो बासै उठ्ने भएपछि संघर्ष समिति गठन गरी मुआब्जाको माग गर्दै कमलामाई नपा १, ४ र ५का स्थानीयहरू विरोधमा छन् । साथै प्रमुख जिल्ला अधिकारीमार्फत आयोजनाको ध्यानाकर्षण गराएको स्थानीयहरूले जनाएका छन् ।

स्थानीयहरूको अनुसार सडक विस्तार गर्ने क्रममा गाउँभरीका एकसय ७३ परिवारको घर जग्गा सडकले अतिक्रमण गर्नेछ । तर सडक निर्माण योजनामा मुआब्जाबारे कुनै पनि व्यवस्था नभएको संघर्ष समितिका अध्यक्ष रामबाबु श्रेष्ठले बताएका छन् ।

यसरी विकासको गर्ने नाममा सडक विस्तार गर्दा स्थानीय समुदायलाई उठिबास लगाउने र उनीहरूलाई विस्थापित मात्र होइन आर्थिक तथा सामाजिक अधिकारबाट बन्चित गर्ने देखिन्छ ।

### क. घटनाको पृष्ठभूमि

कूल ३ सय १८ किलोमिटर लामो सो मार्ग आ.व. ०६४/०६५ बाट निर्माण शुरु गरिएको भएपनि सिन्धुली जिल्ला अन्तर्गत भने चालु आ.व.बाट मात्र निर्माण शुरु गरिएको हो, जसबाट करीब १७३ घरपरिवार प्रत्यक्ष असर पर्ने छ । साथै त्यहाँका स्थानीय मुआवजा नपाई विस्थापित हुने देखिन्छ ।

**घटनासँग सम्बन्धित सूचना**

- अनलाईनहरूले छापेका समाचारहरू

**घटना घट्नुका सम्भावित कारणहरू**

- सडक बिस्तार गर्ने क्रममा विस्थापित हुनेहरूलाई मुआवजाको व्यवस्था कुनै योजनामा नहुनु तथा पीडितहरूसँग परामर्श र छलफल नगर्नु ।

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

**प्रभावित समुदायमा परेको प्रभाव**

- बिस्थापित हुनु पर्ने ।
- जग्गाको मुआवजा नपाउने ।
- पुनर्स्थापनाको व्यवस्था नहुनु ।

**६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- संर्घष समिति गठन गरेको ।
- प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र दिएको ।
- विभिन्न संघसस्थाहरूमा जानकारी गराएको

**७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी परामर्श प्रदान गरेको ।
- आदिवासी मानव अधिकार प्रतिरक्षकले समस्या समाधानका लागि विभिन्न चरणमा छलफलका लागि पहल गरेको ।

८. **सरकारले चालेका कदमहरू**

- हालसम्म सरकारको तर्फबाट यस विषयमा कुनै पनि प्रतिक्रिया आएको छैन ।

९. **मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- पीडित आदिवासी तथा स्थानीय समुदायका प्रतिनिधिहरू संगठित भएको ।
- विभिन्न संघसंस्था तथा स्थानीय प्रशासनमा ज्ञापनपत्र तथा जानकारी दिइएको ।

१०. **सिफारिशहरू**

- प्रभावित क्षेत्रका आदिवासी तथा स्थानीय समुदायसँग परामर्श गरी उनीहरूको सहमति लिएर मात्र काम अगाडि बढाउनुपर्ने ।
- पीडितहरूलाई मुआब्जाको व्यवस्था गरिनुपर्ने ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम :

नाम:

पद: आदिवासी मानव अधिकार प्रतिरक्षक

जिल्ला:

संस्था: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# डंग्राहा फोहोर व्यवस्थापन क्षेत्र निर्माण

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- स्वतन्त्र पूर्व जानकारीसहितको मन्जुरी (Free, Prior and Informed Consent-FPIC) को अधिकार
- सामाजिक तथा साँस्कृतिक अधिकार
- भूमि सम्बन्धी अधिकार

ख. घटना भएको मिति र समय

- मिति : २०६६ सालदेखि २०६९ फागुन महिनासम्म
- समयः

ग. घटना भएको स्थान

- जिल्लाः मोरङ
- गाविसः डंग्राहा
- वडा नंः ५

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थरः**

- जातीय/आदिवासी समूहः थारु उराँव, राजवंशी, मगर, राई, लिम्बू, तामाङ, भुजेल, बाहुन क्षेत्री, दलित र मधेशी
  - नाम :
  - स्थायी ठेगानाः शिशवनी, बडहरा, हाथिमुडा, डंग्राहा, तेतरिया, टंकी सिनुवारी, लखन्तरी गाविस तथा विराटनगर उपमहानगरपालिकाका वडा नं. १, २, ४, १० र ११
- संस्थागत आवद्धता :

**ख. पीडित समुदायको विवरण**

समुदायको निश्चित क्षेत्र/स्थानः मोरङ जिल्लाको शिशवनी, बडहरा, हाथिमुडा, डंग्राहा, तेतरिया, टंकी सिनुवारी, लखन्तरी गाविस तथा विराटनगर उपमहानगरपालिकाका वडा नं.१, २, ४, १० र ११

- समुदायः थारु उराँव, राजवंशी, मगर, राई, लिम्बू, तामाङ, भुजेल, बाहुन क्षेत्री, दलित र मधेशी
- समुदायमा कूल प्रभावितहरूको संख्याः
- प्रभावित पुरुषको संख्याः
- प्रभावित महिलाको संख्याः
- प्रभावित बालबालिकाको संख्याः
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरूः थारु उराँव, राजवंशी, मगर, राई, लिम्बू, तामाङ, भुजेल, बाहुन क्षेत्री, दलित र मधेशी

**ग. आदिवासी नेताहरूको नामः**

नामः

- समुदायका सदस्यहरूको मुख्य पेशाः कृषि र परम्परागत प्रणाली आदि

**३. पीडकको विवरण**

क. पीडक(हरू)को नाम, पदः क्षेत्रीय फोहोर मैला प्रशोधन परियोजना

- नाम, थरः

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकायः

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुखः

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरणः

## ४. घटनाको विवरण

### क. घटनाको पृष्ठभूमि

नेपाल सरकार तथा फिनल्याण्ड सरकारको आयोजना तथा सिम.एन.को प्राविधिक सहयोगमा मोरङ जिल्लाको डंग्राहा गाविस वडा नं. ५ मा मिति २०६७ असारबाट जग्गा खरिद शुरु गरी २७ बिगाहा १६ कट्ठा जग्गामा क्षेत्रीय फोहोर मैला प्रशोधन परियाजेना सञ्चालन गर्न लागिएको थियो । मोरङ जिल्ला विराटनगर उप-महानगरपालिकाको उत्तरमा डंग्राहा गाविस पर्दछ । सो  गाविसको वरिपरी तेतरिया, शिशवनी, बडहरा, हाथिमुडा, टंकी सिनुवारी गाविस पर्दछन् ।

प्राकृतिक नदीनाला सिंगिया खोला, मयादा खोला हालसम्म निरन्तर बगिरहने नदीहरू, जहाँ त्यहाँका आदिवासीहरू थारु, उराँव, राजवंशीलगायतका जातिहरू माछा मार्ने, घुँगी, गंगटा मारेर खान्थे, नदीमा नुहाउथे, गाई भैंसी त्यहाँ चराएर पानी खुवाउथे । साथै त्यहाँ बसोवास गर्ने आदिवासीहरूमा थारु, उराँव, राजवंशी, मगर, लिम्बू, राई, तामाङ जातिहरूको प्रथा, परम्परा पूजाआजा गर्ने गर्थे ।

त्यो परियोजनाको कारणले उनीहरूको भूमि, प्राकृतिक स्रोत, सामाजिक, साँस्कृतिक मूल्यमान्यता लोप हुनसक्ने थियो । सो स्थानको नजिक भएको खोलानाला पनि फोहोर हुने भएकोले पशुपालनमा प्रत्यक्ष असर पर्ने देखिन्थ्यो । साथै उनीहरूले उपभोग गर्ने घुँगी, माछा लोप हुने तथा उपभोग योग्य नहुने अवस्था हुन सक्छ ।  यसै फोहोरको कारण विभिन्न रोगहरू फैलने खतरा छ ।

**घटनासँग सम्बन्धित सूचना**

- संघर्ष समितिको बैठकको निर्णयहरू
- ज्ञापन पत्रहरू
- विभिन्न पत्रपत्रिकामा छापिएका लेख तथा समाचारहरू
- तस्वीरहरू

**घटना घट्नुका सम्भावित कारणहरू**

आदिवासी तथा स्थानीय समुदायलाई पूर्ण सूचना नदिई अझ गलत सूचना दिई, सहमति पनि नगरेको अवस्था थियो । आफू बसेको स्थानको जग्गा अरु नै कामको लागि लिएकोमा पछि झुक्याई फोहोर मैला प्रशोधन परियोजना निर्माण गर्न लागेको थियो । पछि समुदायले अरु नै स्रोतबाट थाहा पाई सो रोक्न पहल कदम गरेको थियो ।

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- संविधानमा व्यवस्था भएका मौलिक हक तथा अन्य सम्बन्धित प्रावधानहरूको कार्यान्वयन नभएको
- जग्गा प्राप्ती ऐन, २०३४ को कार्यविधि, प्रक्रियाहरूको पालना नगरिएको ।
- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७का प्रावधानहरूको सम्मान र कार्यान्वयन नभएको ।

५. **घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- प्रभावित क्षेत्रका आदिवासी तथा स्थानीय समुदायहरू विस्थापनमा पर्ने ।
- प्रभावित क्षेत्रका आदिवासी तथा स्थानीय समुदायलाई आर्थिक रुपमा प्रभाव पर्ने ।

- आदिवासी तथा स्थानीय समुदायमा वातावरणीय असर पर्ने ।
- प्रभावित क्षेत्रका आदिवासी तथा स्थानीय समुदायमा स्वास्थ्य समस्या देखा पर्ने ।

**समुदायमा परेको प्रभावहरू**

- आदिवासीहरूको भूमि गुम्न सक्ने ।
- विभिन्न सरुवा रोगको शिकार बन्नुपर्ने ।
- पशुपालनमा प्रत्यक्ष असर पर्न सक्ने ।
- आदिवासीले प्रयोग गर्दै आएका खोलानाला तथा माछा, घुँगी उपभोगबाट बन्चित हुनुपर्ने ।

६. **प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- सूचना संकलन
- संघर्ष समितिको गठन
- आदिवासी जनजाति महासंघको अगुवाईमा चरणवद्ध आन्दोलनका कार्यक्रम
- पत्रकार सम्मेलन, २०६८/०६/२६
- र्‍याली, २०६८/०६/२९
- विभिन्न स्थानमा ज्ञापनपत्र बुझाइएको, २०६८/०६/३०
- जिल्ला प्रशासन कार्यालयद्वारा सर्वदलीय बैठक, २०६८/०७/१८
- परियोजना स्थलमा स्थानीयको धर्ना कार्यक्रम, २०६९/०१/०२
- अन्तरक्रिया कार्यक्रम (स्थानीय प्रशासन अधिकारी, स्थानीय विकास अधिकारी, प्रमुख विराटनगर उपमहानगरपालिका, परियोजना प्रमुख, राजनैतिक पार्टीका प्रतिनिधिहरू, नागरिक समाज, स्थानीय समुदायहरू), २०६९/०१/१४
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका मञ्चहरूमा यस सवालको उठान गरिएको

## ७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू

- लाहुर्निपद्वारा विभिन्न समयमा छलफल तथा अन्तरक्रियामा सहजीकरण तथा कानूनी परामर्श
- आदिवासी जनजाति जिल्ला समन्वय परिषद मोरङले आन्दोलनको शुरुदेखि अन्त्यसम्मका प्रत्येक चरणमा सहयोग गरेको

## ८. सरकारले चालेका कदमहरू

- पीडितहरूको पहलमा वार्ताको वातावरण बनेको
- यसै विषयमा सर्वदलीय बैठकको आयोजना गरेको

## ९. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू

- पीडितहरूको माग तथा सवालहरू न्यायिक र कानूनसम्मत भएको प्रतिक्रिया ।
- परियोजना सहयोग गर्ने दातृ निकायले गल्ती महशूस गरी परियोजना रद्द गरेको ।

## १०. सिफाशिहरू

- स्थानीय जनताको चाहना, सहभागिता, मञ्जुरी, व्यवस्थापन र नियन्त्रणमा परियोजना संचालन हुनुपर्ने ।

## ११. पेश गर्ने व्यक्ति/संस्थाको विवरण

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम:

नाम : देवराज चौधरी

पद: क्षेत्रीय आदिवासी मानव अधिकार प्रतिरक्षक

जिल्ला: मोरङ

संस्था : नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# साँस्कृतिक तथा पुरातात्विक क्षेत्र अतिक्रमण

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- धार्मिक तथा साँस्कृतिक अधिकार ।
- पहिचानको अधिकार ।

ख. घटना भएको मिति र समय

- घटना भएको मिति र समयः
- घटना भएको स्थानः
- मिति : २०६९ चैत्र ५
- समय :

ग. घटना भएको स्थान

- जिल्लाः काठमाडौं
- नपा/गाविसः
- वडा नं.:
- टोलः

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थरः**

- जातीय/आदिवासी समूहः नेवार
- संस्थागत आबद्धताः

**ख. पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थानः काठमाडौं जिल्लामा बसोवास गर्ने नेवार समुदाय

- समुदायमा कूल प्रभावितहरूको संख्या: अन्दाजी ४५ हजार
- प्रभावित पुरुषको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्या: अन्दाजी २० प्रतिशत
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: नेवार र अन्य समुदायहरू

ग. **आदिवासी नेताहरूको नाम**

- समुदायका सदस्यहरूको मुख्य पेशा : कृषि, व्यापार तथा अन्य रोजगारी

३. पीडकको विवरण

क. पीडक(हरू)को नाम, पद

- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- काठमाडौं महानगरपालिका प्रमुख तथा कार्यकारी अधिकृत केदारबहादुर अधिकारी
- काठमाडौं महानगरपालिका वडा नं. २३ को वडा सचिव सुरेश शाह
- काठमाडौं महानगरपालिका वडा नं. १२ को वडा सचिव रविन्द्र मान श्रेष्ठ
- काठमाडौं महानगरपालिका वडा नं. २५ को वडा सचिव सुदर्शन भट्टराई
- हनुमानढोका दरवार संग्रहालय विकास समितिका कार्यकारी निर्देशक सरस्वती सिंह
- का.म.पा. प्रशासन तथा संगठन विकास विभागीय प्रमुख साधुराम भट्टराई
- साइड वाकर्स ट्रेडर्स प्रा.लि. का अध्यक्ष सिद्धबहादुर गुरुङ

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकाय:

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख:

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था

**३. मानव अधिकार उल्लंघनकर्ताहरूको विवरण**

**४. घटनाको विस्तृत विवरण**

विश्व सम्पदा सूचीमा सूचीकृत पुरातात्विक, साँस्कृतिक, धार्मिक तथा ऐतिहासिक हनुमानढोका दरवार क्षेत्रमा स्थानीयबासीलाई जानकारी नदिई व्यापारिक निजी कम्पनी साइड वाकर्स ट्रेडर्स प्रा.लि. र काठमाडौं महानगरपालिका, हनुमानढोका दरवार संग्रहालय विकास समितिबीच २० वर्षको लागि ठेक्कामा सञ्चालन गर्ने सम्झौता २०६९ चैत्र ५ मा भयो। सो सम्झौता कार्यान्वयन भएमा विश्व सम्पदा सूचीमा रहेको हनुमानढोका दरवारको मौलिकता नाश हुने प्रबल सम्भावना रहेको छ।

कम्पनीको लक्ष्य सो क्षेत्रमा व्यापारिक स्टलहरू राख्ने, विभिन्न संरचनाहरू निर्माण गर्ने, अवलोकन र पर्यटकीय क्षेत्र विकास गर्ने, सोका लागि यातायातको र पार्किङको व्यवस्था गर्ने, व्यापारको निमित्त विभिन्न पोष्टर, पम्पलेट टाँस्ने, बिना अनुमति व्यापारिक निजी कम्पनीका प्रतिनिधिहरूलाई प्रवेश गर्न दिने, फोटो र फिल्मको लागि सुटिङ्गलाई प्रवेश गर्न दिइने भएको छ।

यो क्षेत्रमा परम्परागत रुपमा विभिन्न पर्व, मेला र नाचगानलगायतका साँस्कृतिक, परम्परागत गतिविधिहरू सञ्चालन गरिन्थ्यो। फागु पूर्णिमामा, लिंगो ढाल्ने, मेला र विभिन्न पर्व तथा उत्सव मनाउने साँस्कृतिक तथा मौलिकतासँग गाँसिएको स्थल हो। जुन मेला, पर्व र नाचहरू प्रत्यक्ष रुपमा नेवार समुदायको पहिचान, आस्था र संस्कृतिसँग गाँसिएको छ। उल्लिखित सम्झौताले परम्परागत रुपमा चलिआएको नेवार समुदायको प्रथा परम्परालाई आघात पुऱ्याउने भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल काठमाडौं

मिति : २०७०/१/१३

**प्रेस विज्ञप्ति ।**

श्री प्रधान सम्पादकज्यू/सम्पादकज्यू

काठमाडौं महानगरपालिकाले सुन्धारा-धरहराको प्रवेश प्रक्रियालाई व्यवस्थित रूपमा प्रवाह गर्ने भनी सुन्धारा-धरहरा क्षेत्रसँगै हनुमानढोका दरबार क्षेत्र समेत गाँभेर पर्यटकबाट अनिवार्य एकीकृत शुल्क लिने गरी मिति २०६९/१२/५ का दिन साइड वाकर्स प्रा.लि.सँग सम्झौता गरेबाट राष्ट्रिय सम्पत्तिलाई व्यापारिक कम्पनीको नियन्त्रणमा राख्नुको साथै एकीकृत शुल्क उठाउने प्रस्तुत सम्झौता गर्दा प्रतिस्पर्धा नगराई सोझै सम्झौता गरेको एवं सेवाग्राहीको हितलाई समेत कुण्ठित हुने गरी सम्झौता गरिएको पाइएकोले उक्त सम्झौतालाई कार्यान्वयन नगर्न नगराउन काठमाडौं महानगरपालिकालाई आयोगले निर्णय गरी निर्देशन दिएको छ । साथै उक्त करार सम्झौता गर्दा अनियमितता र भ्रष्टाचार भए नभएको विषयमा समेत थप अनुसन्धान भइरहेको व्यहोरा जानकारी गराइन्छ ।

(केशव प्रसाद घिमिरे)
उपसचिव एवं सहायक प्रवक्ता

नेवार समुदायको पहिचानसँग गाँसिएका साँस्कृतिक क्षेत्रमा स्थानीय नेवार समुदायको सहमति र सहभागिता बिना गरिएको सम्झौताले उनीहरूको सांस्कृतिक अधिकार उल्लंघन गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा २३ मा प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुनेछ भन्ने संवैधानिक प्रावधान विपरीत सम्झौता भएको छ, जसले सो क्षेत्रमा गरिने धार्मिक तथा साँस्कृतिक कार्यको अभ्यास र अवलम्बनमा बन्देज लगाएको छ र एक व्यापारिक निजी कम्पनीको स्वामित्व र नियन्त्रणमा राख्ने काम भएको छ। नेवार समुदाय तथा स्थानीयको सहमति तथा परामर्श बिना गरिएको सम्झौताले अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरू (CERD, ILO Convention. No. 169, UNDRIP, ESCR, etc) ले दिएको धार्मिक र साँस्कृतिक अधिकारसमेत उल्लंघन गरेको छ।

**५. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- सर्वोच्च अदालतमा रीट पेश गरेको ।
- राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दिएको
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएको ।
- पुरातत्व विभागमा निवेदन दिएको ।
- काठमाडौं महानगरपालिकमा निवेदन दिएको ।
- विभिन्न निकाय, राजनीतिक दल तथा संघसंस्थारुलाई ज्ञापनपत्र बुझाएको ।
- धर्ना तथा पत्रकार सम्मेलन गरेको ।

**६. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- कानूनी सहायता: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले पीडितहरूलाई कानूनी परामर्श उपलब्ध गराएको ।
- अभियान र वकालत: छैन
- भौतिक र आर्थिक सहयोग: छैन

**७. सरकारले चालेका कदमहरू**

- अदालतका निर्णयहरू: ऐतिहासिक महत्वको ठाउँ ठेक्कामा दिएको कानूनी र प्रक्रियागत रुपमा नमिलेको भनी रीट जारी भएको ।
- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरू: छैन
- संसदीय समितिको सुनुवाई: छैन

## ८. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा सो सम्झौता कार्यान्वयन नगराउन काठमाडौं महानगरपालिकालाई निर्देशन दिएको ।

## ९. सिफारिशहरू

- गैरसंवैधानिक सम्झौता खारेज गरियोस् ।
- परापूर्वकालदेखि परम्परागत रुपमा सो क्षेत्रमा मनाइँदै र अभ्यास गर्दै आएको धार्मिक तथा साँस्कृतिक परम्पराहरू निरन्तर सञ्चालन गर्न दिइयोस् ।
- नेवारहरूको सम्मानपूर्वक बाँच्न पाउने मानवअधिकारको रक्षा गरियोस् ।
- परम्परागत रुपमा आफ्नो धार्मिक स्थलको संरक्षण गर्दै आएको सो साँस्कृतिक क्षेत्रको संरक्षण गर्न पाउने गरी मानवअधिकारको संरक्षण गरियोस् ।
- समुदायको संलग्नतामा घटनाको अध्ययन गरी प्रतिवेदन सार्वजानिक गरियोस् ।

## १०. पेश गर्ने व्यक्ति/संस्थाको विवरण

**दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम**

नाम:

पद:

जिल्ला: काठमाडौं

संस्था: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# थारु तथा मुसहरको धार्मिक तथा साँस्कृतिक क्षेत्र अतिक्रमण

१. **घटना विवरण**

क. **मानव अधिकार हननको प्रकार**

- धार्मिक तथा साँस्कृतिक अधिकार।
- भूमिमाथिको अधिकार।
- पहिचानको अधिकार।

ख. **घटना भएको मिति र समय**

- मिति: २०६० सालदेखि
- समय:

ग. **घटना भएको स्थान**

- जिल्ला: सुनसरी
- नपा/गाविस: इटहरी उपमहानगरपालिका
- वडा नं.: ७
- टोल: ट्याङ्ग्रा

२. **पीडित(हरू)को विवरण**

क. **पीडित(हरू)को नाम थर:**

- जातीय/आदिवासी समूह: थारु, मुसहर र दलित
- संस्थागत आवद्धता: विभिन्न सामाजिक संघसंस्थाहरूमा आवद्ध रहेको।

ख. **पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान: ट्याङ्ग्रा टोली, इटहरीका विभिन्न भागका किसान

- थारु, मुसहर र दलित
- समुदायमा कूल प्रभावितहरूको संख्या: अन्दाजी ४५ हजार
- प्रभावित पुरुषको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित महिलाको संख्या: अन्दाजी ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्या: अन्दाजी २० प्रतिशत
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरू: मुसहर, थारु तथा अन्य

ग. **आदिवासी नेताहरूको नाम**

नाम: साबित्री चौधरी
पद: सल्लाहकार
संस्था: थारु कल्याणकारिणी सभा, इटहरी नगर समिति

नाम: निर्मला चौधरी
पद: सदस्य
संस्था: थारु कल्याणकारिणी सभा, इटहरी नगर समिति

- समुदायका सदस्यहरूको मुख्य पेशा: कृषि तथा ज्याला मजदुरी

३. **पीडकको विवरण**

क. **पीडक (हरू)को नाम, पद:**

- नाम, थर: जनता उच्च मा.वि. तथा छेउछाउमा जग्गा किनेर बसेका बाहुन क्षेत्री समुदायहरू
- ठेगाना: ट्याङ्ग्रा टोली

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकाय: जनता उच्च मा.वि., इटहरी ७

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख: विद्यालय प्रमुख, सञ्चालक समिति

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था

**४. घटनाको विवरण**

**क. घटनाको पृष्ठभूमि**

**घटनासँग सम्बन्धित सूचना**

इटहरी उपमहानगरपालिका वडा नं. ७ स्थित ट्याङ्ग्रा टोल आदिवासी थारुको थातथलो हो । पशुपालन उनीहरूको परम्परागत पेशा हो । पशुलाई पानी खुवाउने प्रयोजनका लागि धेरै पहिला सो स्थानमा समुदायका तर्फबाट पोखरीको निर्माण गरिएको थियो, जसलाई स्थानीय बोलचालको भाषामा पानीघट्ट भन्ने गरिन्छ । विगतका विभिन्न सामन्ती शासन व्यवस्थामा पनि सो भूमि समुदाय आफैँले व्यवस्थापन र प्रयोग गर्दै आइरहका थिए ।

हाल बसाइँ सराइका कारण सो क्षेत्रमा बाहिरबाट आउनेहरूको बाहुल्यता बढिरहेको छ । थारुहरूको परम्परागत भूमि अतिक्रमण पनि बढ्दो छ । साथै जनता उच्च माध्यमिक विद्यालयका कारण पनि भूमि अतिक्रमण भएको, साथै यस क्षेत्रमा बसोवास गर्दै आइरहेका ऋषिदेव मुसहर समुदायका ४५ घरधुरी अतिक्रमणका कारण उठिबास लाग्ने अवस्थामा छ । त्यहाँ उनीहरूको पितृदेव दिनाभद्रीको मन्दिरसमेत रहेको छ । बाहिरबाट बसाई सरी आएका समुदायका सदस्यहरूले पानीघट्ट र दिनाभद्री मन्दिर रहेको जमीन अनधिकृत रुपमा अतिक्रमण गरी घर बनाउने कार्यले तीब्रता पाएको छ । थारु र मुसहर समुदायको सामाजिक, साँस्कृतिक महत्व भएको सो क्षेत्र हाल उचित संरक्षणको अभावमा दलदले भूमिमा परिणत भएको छ ।

यति मात्र नभई ट्यांग्रा टोल भनेर चिनिने सो ऐतिहासिक स्थानलाई बसाइँ सरेर आएकाहरूले नाम परिवर्तन गरी परिवर्तन टोल नामाकरण गरेका छन्, जसको थारु तथा मुसहर समुदायले विरोध गरेका छन् ।

त्यस क्षेत्रका पुराना बासिन्दा मनबहादुर तामाङका अनुसार १५ बिघाभन्दा बढी जमीनमा फैलिएको पानीघट्टलाई १० कट्ठामा सीमित पारी नापनक्शा परिर्वतन गरियो । हाल पानीघट्टको छेउछाउमा नयाँ घर बनाउने क्षेत्री, बाहुन तथा अन्य समुदायका मानिसहरूले अतिक्रमण गरेर केराखेती गरी आर्थिक लाभ समेत लिइरहेका छन् । जनता उच्च माविले समेत पानीघट्टको जमीन आफ्नो भएको दाबी गरिरहेको छ, जसको प्रतिरोध थारु र ऋषिदेव मुसहर समुदायले गरिरहेका छन् । नगरपालिका तथा प्रहरी कार्यालयमा सो अतिक्रमणको जानकारी गराउँदासमेत सम्बन्धित निकायहरू मुकदर्शक बनेर बसिरहेका छन् ।



**घटना घट्नुका सम्भावित कारण**

- थारु तथा मुसहर समुदायको संरक्षणमा रहेको पानीघट्टलाई उनीहरूको स्वामित्वबाट हटाइनु ।
- क्षेत्री बाहुन तथा अन्य समुदायको बढ्दो बसाईं सराई हुनु ।
- जनता उच्च माविले अनधिकृत तथा अनुचित ढंगबाट पानीघट्टको जमीन दाबी गर्नु र त्यहाँका मुसहर समुदायलाई विस्थापन गर्न खोजिनु ।
- सम्बन्धित निकायले ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षणमा उचित ध्यान नदिनु ।

**घटना घट्नुमा जिम्मेवार नीति तथा कानूनहरू**

- विभेदकारी नीतिहरू
- हिन्दू धर्मलाई मात्र आरक्षण गर्ने कानून तथा नीतिहरू

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- मुसहर समुदायको आस्थाको मन्दिर धरासायी हुने र मुसहर बस्ती उठिबास हुने ।
- पशुपालक आदिवासी कृषक समुदायको परम्परागत पेशा धरापमा पर्ने र जीविकोपार्जनमा गम्भीर असर पर्ने ।
- आदिवासी थारु र मुसहर आफ्नो आदिम भूमिबाट विस्थापनमा पर्ने ।

**समुदायमा परेको प्रभावहरू**

- समुदायको धर्म, संस्कृति र परम्पराको समाप्ति ।
- महिला, बालबालिका, किसानलाई समस्या ।
- भूमि र भू-स्वामित्वमाथिको अधिकार र पहिचानको अन्त्य ।
- समुदायभित्रको सम्बन्धमा जटिलता उत्पन्न ।

## ६. प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम

- इलाका प्रहरी कार्यालय, इटहरीमा मौखिक जाहेरी दिइएको ।
- जिल्ला प्रशासन कार्यालयमा डेलिगेशन र मौखिक जाहेरी दिइएको ।
- इटहरी उपमहानगरपालिकामा उजुरी दिइएको ।

## ७. नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू

- कानूनी सहायता: छैन
- अभियान र वकालत: छैन
- भौतिक र आर्थिक सहयोग: छैन

## ८. सरकारले चालेका कदमहरू

- राष्ट्रिय मानव अधिकार आयोग र अन्य सरकारी निकायहरूमा पठाएका पत्रहरूको जवाफ: छैन
- अदालतका निर्णयहरू: छैन
- मुद्दाहरूमाथि प्रहरी र सरकारी निकायहरूले चालेका कदमहरू: छैन
- संसदीय समितिको सुनुवाई: छैन

## ९. मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू

## १०. सिफारिशहरू

- सम्बन्धित निकायबाट थारु तथा मुसहर समुदायको सामाजिक तथा साँस्कृतिक पहिचानको रुपमा रहेको पानी घट्ट र मन्दिर संरक्षण गरी अतिक्रमणकारीहरूलाई कारबाही गरियोस् ।

- पानीघट्ट पुन:निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गरी प्रभावित समुदायको पहिचानलाई प्रवर्द्धन गरियोस् ।
- प्रभावित समुदायलाई सो ऐतिहासिक भूमिको संरक्षणको जिम्मा दिइयोस् ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम**

| | |
|---|---|
| नाम: | बिनादेवी तामाङ |
| पद: | आदिवासी मानव अधिकार प्रतिरक्षक |
| जिल्ला: | सुनसरी |
| संस्था: | नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) |

# स्थानीय निकायमा बजेट दुरुपयोग

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- सहभागिताको अधिकार ।

ख. घटना भएको मिति र समय

- मितिः आर्थिक वर्ष २०७०/७१

ग. घटना भएको स्थान

- जिल्लाः तेह्रथुम

२. **पीडित(हरू)को विवरण**

**क. पीडित(हरू)को नाम थरः**

- जातीय/आदिवासी समूहः तेह्रथुम जिल्लाको आदिवासी जनजाति
- संस्थागत आवद्धताः

**ख. पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थानः तेह्रथुम जिल्लाको आदिवासी
- समुदायः आदिवासी
- समुदायमा कूल प्रभावितहरूको संख्याः
- प्रभावित पुरुषको संख्याः
- प्रभावित महिलाको संख्याः
- प्रभावित बालबालिकाको संख्याः
- प्रभावित क्षेत्रमा बसोवास गर्ने जात/जातिहरूः लिम्बू, राई, तामाङ, कुलुङ, मगर, गुरुङ,

**ग. आदिवासी नेताहरूको नाम**

नाम:

- समुदायका सदस्यहरूको मुख्य पेशा:

**३. पीडकको विवरण**

क. पीडक (हरू)को नाम, पद:

- नाम, थर: जिल्ला विकास समिति, तेह्रथुम

ख. मानव अधिकार उल्लंघनकर्ता(हरू)को निकाय:

ग. कमाण्ड गर्ने अधिकारी/उल्लंघनकर्ता(हरू)को प्रमुख:

घ. मानव अधिकार उल्लंघनकर्ता संस्था/निकायको सम्पर्क विवरण:

**४. घटनाको विवरण**

**क. घटनाको पृष्ठभूमि**

स्थानीय विकास मन्त्रालय अन्तर्गत जिविसको अनुदान सञ्चालन गर्न बनेको स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार स्थानीय निकायले बजेट के, कसरी विनियोजन गर्ने भन्ने प्रष्ट छ । सो अनुदान सञ्चालन कार्यविधि अनुसार सबै जातजातिका आर्थिक रूपमा विपन्न तथा आर्थिक एवं सामाजिक रूपमा पछाडि परेका र पारिएका वर्ग (जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेशी, मुश्लिम तथा पिछडावर्गलगायत) एवं क्षेत्र तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम १५ प्रतिशत[16] उनीहरूको सहभागिता, परामर्श र सहमतिमा जनसंख्याको अनुपातमा बजेट विनियोजन गर्नुपर्छ भन्ने प्रष्ट उल्लेख गरिएको छ ।

---
[16] स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९, नियम १०(ग) ।

तर आर्थिक वर्ष (आव) २०७०/०७१ को आदिवासी जनजाति सम्बन्धित बजेट विनियोजन गर्ने सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित कानून, नियम तथा नीति विपरीत जिल्लाभरिका आदिवासी जनजातिको एकमात्र आधिकारिक प्रतिनिधिमूलक संस्था नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद् तथा समुदायलाई बहिष्करण गरी हचुवाका भरमा आफू नजिकका व्यक्तिहरूलाई मनोमानी ढंगले रकम उपलब्ध गराउने, बजेट रकमान्तर गर्ने र आफू नजिकका मानिसहरूसँग मिलेमतो गरी अख्तियारको दुरुपयोग गरी भ्रष्टचार गरेको पाइएको छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (ड), नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम अन्तर्राष्टिय् श्रम संगठनको महासन्धि संख्या १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ अनिवार्य रुपमा पालना गर्नुपर्दछ। सो सन्धि अनुसार आदिवासी जनजातिको लागि छुट्टयाएको बजेट तथा उनीहरूसँग सम्बन्धित कार्यक्रम र योजनाहरू उनीहरूको प्रतिनिधिमूलक संस्था (जिल्लाको सन्दर्भमा सबै आदिवासीहरूको प्रतिनिधिमूलक संस्था नेपााल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्)को सहमतिमा उनीहरूलाई नै सञ्चालन र नियन्त्रण गर्ने अधिकार दिनुपर्ने कुरा महासन्धिको धारा ६, ७ र १६ तथा घोषणापत्रको धारा १८, १९, २० र ३२ मा प्रष्ट उल्लेख छ।

यी कानूनहरूले आदिवासीलाई आफ्नो विकासमा प्राथमिकता निर्धारण, व्यवस्थापन, सञ्चालन र नियन्त्रण गर्ने अधिकार दिएको छ। यसलाई योजनाहरूमा[17] समेत किटानीपूर्वक आत्मसात गरेको अवस्था छ *(हे. तालीका ३)*। तर, उल्लिखित संविधान, ऐन, कानून र नीति विपरीत आदिवासीहरूको सशक्तीकरणका निम्ति विनियोजित १,८५,५०० भन्दा बढी रकम विकास बजेटमा रकमान्तर गरी अख्तियार दुरुपयोग गरिएको छ।

[17] त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) र तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

यसप्रकार माथि उल्लिखित संविधान, जिविस अनुदान कार्य सञ्चालन कार्यविधिमा उल्लिखित निर्देशिका, स्थानीय स्वायत्त शासन ऐनको दफा २०७ र २०९ तथा स्थानीय सरोकारवाला र जिविसको २०७१ जेष्ठ २३ को निर्णय विपरीत लक्षित वर्गलाई छुट्टयाइएको ३५ प्रतिशत रकम समुदायहरूलाई थाहा, जानकारी नदिई जिविसले आफू-आफूहरूबीचमा व्यक्तिगत रुपमा बजेट बाँडफाँड गरी लक्षित क्षेत्रमा कार्यक्रम नगरी आदिवासीलाई विकासको अधिकारबाट पाखा पार्ने काम भएको छ ।

**घटनासँग सम्बन्धित सूचना**

- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ।
- २०७१ सालको बैठक निर्णयको प्रतिलिपि ।
- बजेट बाँडफाँडको विवरणको प्रतिलिपि ।

**घटना घट्नुको सम्भावित कारण**

जिल्ला विकास समिति तेह्रथुमले आदिवासी जनजाति जिल्ला समन्वय परिषद् तथा समुदायलाई बहिष्करण गरी हचुवाका भरमा आफू नजिकका व्यक्तिहरूलाई मनोमानी ढंगले रकम उपलब्ध गराउने, बजेट रकमान्तर गर्ने र आफू नजिकका मानिसहरूसँग मिलेमतो गरेका कारण सो घटना घट्न पुगेको हो ।

**तालीका ३: योजनाहरूमा आदिवासी जनजाति सम्बन्धी (स्थानीय स्रोत परिचालन सम्बन्धमा) प्रावधानहरू**

| योजना | रणनीति | कार्यनीति | प्रमुख कार्यक्रम |
|---|---|---|---|
| त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) | ४. लक्षित कार्यक्रमको सञ्चालन गरी सकारात्मक विभेद र समावेशीकरणका माध्यमबाट आदिवासी/जनजाति, अल्पसंख्यक र लोपोन्मुख जाति समुदायहरूको सशक्तीकरण गर्ने । | ३.३ आदिवासी जनजाति, अल्पसंख्यक र लोपोन्मुख जाति तथा समुदायहरू तथा सो भित्रकै सीमान्तकृत समुदायहरूको सामाजिक सुरक्षा, आर्थिक उत्थान तथा सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । | *लक्षित कार्यक्रम:* आदिवासी/जनजातिको लक्षित वर्गलाई सम्बोधन गर्नेगरी उनीहरूको आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक तथा जातीय पहिचानका लागि समूह विशेष अवसर र प्रतिफलमा पहुँच अभिवृद्धि हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br><br>*सहभागितात्मक योजना प्रणाली:* योजनाको हरेक चरणहरूमा आदिवासी/जनजातिलाई र तिनका प्रतिनिधि संस्थाहरूको सहभागी गराइने, उपभोक्ता समूहलाई समावेशी बनाउने, सामाजिक परिचालन माध्यमबाट पहिचान भएका माग तथा आवश्यकतालाई प्राथमिकीकरण गरी सम्बोधन गर्ने र सहभागितात्मक अनुगमन पद्धतिलाई संस्थागत गरिनेछ । |

| योजना | रणनीति | कार्यनीति | प्रमुख कार्यक्रम |
|---|---|---|---|
| तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१- | १. महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक लोपोन्मुख जाति, कर्णाली क्षेत्रलगायतका दुर्गम पहाडी र हिमाली क्षेत्रका बासिन्दा, विपन्न वर्ग जस्ता वञ्चितिमा परेका तथा पारिएका समुदाय तथा व्यक्तिहरूका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने । | ४. लक्षित समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानका लागि विभिन्न सरकारी, निजी एवं गैरसरकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. लक्षित समुदायहरूको सशक्तीकरण तथा सामाजिक सुरक्षाका लागि क्षमता अभिवृद्धि, रोजगारी तथा चेतनामूलक कार्यक्रमहरू अभियानकै रूपमा सञ्चालन गरिनेछ ।<br>६. लक्षित समुदायको परम्परागत शीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासका लागि सम्बन्धित समुदायकै अग्रसरतामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>७. लक्षित समुदायको उत्थानका लागि स्थापना भएका संस्थाहरूको सुदृढीकरण गरिनेछ । | *राज्यको संरचना र नीतिसम्बन्धी* सम्बन्धित जनजातिका प्रतिनिधि संस्थाहरूलाई राज्य सञ्चालनका हरेक चरणमा सहभागिता हुनेगरी संरचनागत सुधार गरिने । यसका लागि संस्थागत क्षमता विकास र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिने ।<br>समावेशी समुदायको परामर्श र सहभागितामा सम्बन्धित नीति, ऐन कानूनहरूको समीक्षा, सुधार तथा नयाँ निर्माण कार्य गरिने ।<br>*आर्थिक विकाससम्बन्धी* आदिवासी जनजाति, दलित समुदाय, पछाडि परेका क्षेत्रका समुदाय, मधेशी एवं पीछडिएको समुदाय, मुस्लिम समुदाय, वादीलगायतका समुदायका जनजातिहरूको पहिचान तथा परिचयपत्र वितरण गर्ने नीति लिई छनौट गरिएका जिल्लाहरूमा आर्थिक विकासका लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने । |

५. **घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

प्रभावित समुदायमा परेको प्रभाव

- सिङ्गो आदिवासी जनजातिको नाममा आएको बजेटबाट बहिष्कृत हुनु परेको छ ।
- आदिवासीको राज्य संयन्त्रमा सहभागी हुने अधिकार खोसिएको छ ।

६. **प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- पत्रकारहरूसँग छलफल गरेको ।
- विभिन्न संघसंस्थामा उजूरी गरेको ।

७. **नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- नेपलका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी सहायत उपलब्ध गरेको छ ।

८. **सरकारले चालेका कदमहरू**

सरकारी निकायबाट हालसम्म कुनै कदम चालेको छैन ।

९. **मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- पीडितहरू संगठित बनेको ।
- विभिन्न निकायहरूमा उजुरी तथा निवेदन पेश गरेको ।
- सचेतनामूलक कार्यक्रमहरू संचालन गरेको ।

१०. **सिफारिशहरू**

- अख्तियार दुरुपयोगमा संलग्नहरूलाई कानूनी कारबाही गरियोस् ।
- लक्षित वर्ग, समुदायका लागि छुट्टयाइएको बजेट उनीहरूको क्षमता विकासका लागि खर्च गरियोस् ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नामः

नामः

पदः

जिल्लाः

संस्थाः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# आदिवासीमाथि प्रहरी दमन, पाँचथर

१. **घटना विवरण**

क. मानव अधिकार हननको प्रकार

- सम्मानपूर्वक बाँच्न पाउने हक
- स्वतन्त्रताको हक
- विकास र सहभागिताको अधिकार
- स्वतन्त्र, अग्रीम जानकारीसहितको मञ्जुरी (Free Prior and Informed Consent-FPIC) को अधिकार
- शान्तिपूर्वक बाँच्न पाउने हक

ख. घटना भएको मिति र समय

- मिति: २०७२ साल चैत्र २ गतेदेखी मिति २०७२ साल चैत्र ७ गतेसम्म

ग. घटना भएको स्थान

- पत्र
- जिल्ला: पाँचथर
- गाविस: याङ्नाम
- वडा नं: १

**र**

- जिल्ला: पाँचथर
- गाविस: भारापा
- वडा नं: ४

२. **पीडित(हरू)को विवरण**

क. **पीडित(हरू)को नाम थर:**

- जातीय/आदिवासी समुह: आदिवासी तथा स्थानीय समुदाय

ख. **पीडित समुदायको विवरण**

- समुदायको निश्चित क्षेत्र/स्थान: याङनाम गाविस वडा नं. १ तथा भारापा गाविस वडा नं. ४, जिल्ला, पाँचथर, मेची ।
- समुदाय: लिम्बू, तामाङ, राई, मगर, गुरुङ, क्षेत्री, बाहुन
- समुदायमा कूल प्रभावितहरूको संख्या: १५ हजार
- प्रभावित पुरुषको संख्या: ५० प्रतिशत
- प्रभावित महिलाको संख्या: ५० प्रतिशत
- प्रभावित बालबालिकाको संख्या: २० प्रतिशत
- प्रभावित क्षेत्रमा वसोबास गर्ने जात/जातिहरू: लिम्बू, तामाङ, राई, मगर, गुरुङ, क्षेत्री, बाहुन
- समुदायका सदस्यहरूको मुख्य पेशा: कृषि, पशुपालन आदि ।

३. **पीडकको विवरण**

- कृष्णराज तिमिल्सिना, आयोजना प्रमुख, पाँचथर हाइड्रो पावर कम्पनी ।
- जिल्ला प्रशासन कार्यालय, फिदिम, पाँचथर ।
- जिल्ला प्रहरी कार्यालय, फिदिम पाँचथर ।

४. **घटनाको विवरण**

करीब २०वर्ष अघि स्थानीयको श्रमदान तथा अगुवाई र कादुरी वेलफेयरको सहयोगमा पाँचथर जिल्लाको याङनाम-१ र भारापा-४ जोड्ने हेवा खोला माथि पूल निर्माण गरिएको थियो । सो पूल मानिसलगायत गाई, बाख्रा, भैंसी तथा अन्य चौपाया आवत जावतमा सहयोगी बनेको थियो ।

पाँचथर पावर कम्पनीले १५ मेघावाटको हेवा 'ए' जलविद्युतको ईन्टेक निर्माण गर्दा सो पूल भत्काउनु पर्ने, सो पूल भत्काई त्यस्तै गुणस्तरको अर्को पूल निमार्ण गर्ने सम्झौता गर्दा स्थानीय प्रयोगकर्ताहरूलाई नराखी प्रशासनसँगको मिलेमतोमा अन्य मानिससँग सम्झौता गरिएको थियो। यसरी स्थानीय समुदायको विकासमा सहभागिताको हक तथा स्वतन्त्र अग्रीम जानकारीसहितको मञ्जुरीको अधिकार हनन गरिएको छ।

साविक पूलको ३५-४० मिटर उत्तरमा २०७२ असारमा नयाँ पूल निर्माण गरिएको छ। सो पूल २०२४ सालमा बाढीले ल्याएको ढुङ्गामाथि निर्माण गरिएको स्थानीयको भनाई रहेको छ। पूल पहिलाको जस्तो बलियो नभएको र विनाशकारी भूकम्प तथा पहिरोले समेत क्षतिग्रस्त तुल्याएको कारण जुनसुकै बेला दूर्घटना हुनसक्ने अवस्थाको रहेको स्थानीय तथा पूल प्रयोगकर्ताहरूको भनाइ रहेको छ।

पहिलाकै स्तरको बलियो र भरपर्दो पूल निर्माण गरिदिन भन्दै स्थानीयहरूले पटक-पटक हाईड्रो पावरसँग आग्रह गरिरहेका थिए। तर परियोजनाले उनीहरूको मागबारे चासो दिएको थिएन। साथै परियोजनाका कारण स्थानीयहरूले उपभोग गर्ने खानेपानीको मुहानमा समेत असर परेको हुँदा सो खानेपानीको बैकल्पिक तथा उचित व्यवस्थापनका लागि समेत प्रभावित समुदायका प्रतिनिधिहरूले परियोजना समक्ष कुरा राखेका थिए।

त्यसका अलावा पीडितहरूको तर्फबाट बाटो घाटोको व्यवस्था, जग्गाको उचित मुआब्जा तथा क्षतिपूर्तिसहित मागसहित पटक-पटक परियोजना तथा स्थानीय प्रशासनसँग जानकारी, ज्ञापनपत्र तथा मौखिक रुपमा अनुरोध गरेका थिए।

उनीहरूको माग पटक-पटक वेवास्ता गरिएपछि २०७२ फागुन २५ गते कोणसभा गरी चैत्र २६ गतेबाट विरोधसभाको कार्यक्रम गर्दै आएका थिए।

यसै सन्दर्भमा २०७२ चैत्र १ गते पावर कम्पनी, स्थानीय प्रशासन तथा स्थानीय समुदायबीच बैठक बसेको भए तापनि कुनै निकास निस्कन सकेन । स्थानीय प्रशासनले जनताको माग माथि छलफल गर्नुको सट्टा परियोजनाको पक्ष लिई डर धम्की दिने, नयाँ पूल नबनिने, जोखिमपूर्ण पूल नै प्रयोग गर्नुपर्ने र विरोध गरे सबैलाई सार्वजनिक मुद्दा हालिदिने भनी स्थानीय समुदायलाई त्रसित र आतंकित बनाएको पीडितहरूको दाबी रहेको छ ।

निकासको लागि छलफल गर्न स्थानीयहरूले पहल गरिरहेको अवस्थामा २०७२ चैत्र २ गतेका दिन बिहान ११ बजेको समयमा अन्दाजी ७० जना सशस्त्र प्रहरी तथा प्रहरीहरू स्थानीयका घर-घरमा गई सार्वजनिक मुद्दा लगाउछु भन्दै धम्काएको कारण सो क्षेत्रका मानिसहरू घर बस्न नसकी जंगलमा बस्नुपर्ने अवस्था सिर्जना भयो ।

सोही दिन दुई ट्रक सशस्त्र प्रहरी तथा नेपाल प्रहरी गाउँ प्रवेश गरी स्थानीयहरूको घर पसी कुटपिट गरेको र चैत्र ३ गते घाम नझुल्की स्थानीय महेश अधिकारी, रन कुमार हाङसरुम्वा, महेन्द्रकुमार हाङसुरुम्वा, टेकबहादुर हाङसुरुम्वालाई पक्राउ गरियो । यसरी जवरजस्ती पक्राउ तथा त्रासमय वातावरण बनाएकोले स्थानीय समुदायको सम्मानपूर्वक र भयरहित वातावरणमा बाँच्न पाउने हकको हनन भएको छ । पक्राउ परेकाहरूलाई कुटपिट तथा निर्मम यातना दिएको र सो मानवअधिकार विरुद्ध भएको घटनाको अनुगमन गर्न मानवअधिकारकर्मी, पत्रकार, नागरिक समाजका अगुवासमेत घटनास्थलमा गएको जानकारी स्थानीयले बताए ।

**क. घटनाको पृष्ठभूमि**

**घटनासँग सम्बन्धित सूचना**

- अनलाईनले छापेका समाचारहरू
- विभिन्न समयमा भएका बैठकको माईन्यूटको प्रतिलिपिहरू
- प्रेस विज्ञप्तीहरू
- तस्वीरहरू
- विभिन्न स्थानमा बुझाएको निवेदन तथा उजुरीहरू

**ख. घटना घट्नुका सम्भावित कारणहरू**

पाँचथर पावर कम्पनीले हेवा 'ए' जलविद्युत निर्माण गर्ने क्रममा इन्टेक निर्माण गर्दा याङ्नाम १ र भारापा ४ जोड्ने पूल भत्काउनु पर्ने भयो । सोही पूलको केही माथि त्यस्तै प्रकृति र गुणस्तरको पूल निर्माण गरिदिने सम्झौता कम्पनी र स्थानीय बीच भयो । सम्झौतामा सडक निर्माण, खानेपानी तथा जग्गाको मुआवजा प्रदान गर्ने समेत रहेको छ । तर सम्झौता बमोजिम पूल बनेन । गुणस्तरहीन सामग्री प्रयोग गरेका कारण पूल भत्कने अवस्थामा पुग्यो । पहिलाभन्दा सानो पूल बनेको कारण पहिलाजस्तो गाईवस्तुसमेत वारपार गर्न नमिल्ने भयो ।

**घटना घटनुमा जिम्मेवार नीति तथा कानूनहरू**

- विभेदकारी नीतिहरू

**५. घटनाको आर्थिक, सामाजिक र साँस्कृतिक प्रभाव**

- आदिवासी तथा स्थानीयहरूलाई यथार्थ सूचना तथा जानकारी नदिई पुरानो पूल भत्काएको ।
- आर्थिक तथा साँस्कृतिक प्रयोजनका लागि एक गाउँबाट अर्को गाउँमा आवतजावत गर्न जाखिम रहेको ।

- वर्षाको समयमा पूलबाट वारपार गर्न समस्या भएको ।
- आर्थिक स्रोतका रुपमा चिनिने पशु एक गाउँबाट अर्को गाउँसम्म लैजान समस्या भएको ।
- नयाँ पूलको वारीपारीको जग पहिरोका कारण दुवैपट्टिको जग चर्किएर लच्किएको कारण वारपार गर्न समस्या भएको ।
- जलविद्युत आयोजनाको कारण खानेपानीको मुहान सुक्दै गएको ।
- जलविद्युत आयोजनाको कारण विभिन्न सडकहरू पहिरोमा परी जोखिमपूर्ण भएको ।

६. **प्रभावित(हरू) र/अथवा उनीहरूको परिवारले लिएको कदम**

- २०७० मंसीर १८मा बैठक बसी मागपत्र तयार पारी पाँचथर पावर कम्पनीलाई बुझाएको ।
- सम्झौता बमोजिमको पूल तयार नभएपछि समुदायका सदस्यहरूले २०७२ फागुन २६मा कोणसभा गरी २७गतेदेखि विरोधमा उत्रिएको ।
- धरपकड गरी स्थानीय समुदायका अगुवाहरूलाई पक्राउ गरेपश्चात् मानवअधिकार तथा अन्य सयन्त्रहरूमा उजुरी पेश गरेको ।

७. **नागरिक समाजका संघसंस्थाहरू र सहयोगी संस्थाहरूले चालेका कदमहरू**

- नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले कानूनी परामर्श तथा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी पेश गर्न सहयोग गरेको ।
- आदिवासी मानव अधिकार प्रतिरक्षकले आन्दोलनको विभिन्न चरणमा प्रहरी प्रशासन तथा कम्पनीसँगको वार्ताका लागि समन्वय तथा सहयोग गरेको ।

- आदिवासी मानवअधिकार प्रतिरक्षकलगायत अन्य नागरिक समाज तथा पत्रकारहरू घटनास्थलमा पुगी घटनाको अवलोकन गरेको ।

८. **सरकारले चालेका कदमहरू**

- पाँचथर पावर कम्पनी र स्थानीय समुदायबीच वार्ताको वातावरण तयार गर्न सहयोग गरेको ।

९. **मुद्दामा कारबाही अघि बढेपछि प्राप्त प्रतिक्रियाहरू**

- वार्ताको वातावरण बनेको ।
- आदिवासी संघसंस्था, पत्रकार तथा मानव अधिकारवादी संघसंस्थाहरूले आवाज उठाएको ।

१०. **सिफारिशहरू**

- आदिवासी तथा स्थानीयहरूको मानव अधिकारको रक्षा गरिनुपर्ने ।
- स्थानीय र कम्पनीबीच भएको सहमति अनुसार पूल निर्माण गरिनुपर्ने ।
- शान्तिपूर्ण रुपमा समस्याको समाधान गरिनुपर्ने
- धरपकड तथा प्रहरी परिचालन रोकिनुपर्ने ।

११. **पेश गर्ने व्यक्ति/संस्थाको विवरण**

दस्तावेजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम

नाम:

संस्था: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

पद:

जिल्ला:

## अनुसूचीहरू

### अनुसूची १: **आदिवासी जनजाति अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र**

*महासभाले,*

संयुक्त राष्ट्रसंघीय बडापत्रका उद्देश्य तथा सिद्धान्तहरू र राज्यहरूले उक्त बडापत्रअनुसार वहन गर्नुपर्ने भनी मानिएका दायित्व पूरा गर्ने कुरामाथिको असल नियतबाट निर्देशित हुँदै,

भिन्न हुने, आफूहरूलाई भिन्न ठान्ने र सोही अनुसार सम्मान पाउनुपर्ने सबै मानिसहरूको अधिकारलाई स्वीकार गरेर आदिवासी जनजाति अन्य सम्पूर्ण मानिसहरूसँग समान छन् भन्ने कुरामा सहमति जनाउँदै,

मानव जातिको साझा सम्पदाभित्र पर्ने सभ्यता तथा संस्कृतिहरूको विविधता तथा सम्पन्नतामा सबै मानिसहरूले योगदान गर्ने कुरामा पनि सहमति जनाउँदै,

राष्ट्रिय उत्पत्ति वा जातिगत, धार्मिक, जातीय वा साँस्कृतिक भिन्नताका आधारमा मानिसहरू वा व्यक्ति-व्यक्तिको उच्चतामा आधारित वा त्यसको पृष्ठपोषण गर्ने सिद्धान्त, नीति तथा प्रचलनहरू जातिवादी, वैज्ञानिक रूपमा गलत, कानूनी रूपमा अवैध, नैतिक रूपमा निन्दनीय तथा सामाजिक रूपमा अन्यायपूर्ण छन् भन्ने कुरामा पनि सहमति जनाउँदै,

आदिवासी जनजाति उनीहरूको अधिकार उपभोग गर्ने क्रममा कुनै पनि किसिमको भेदभावबाट मूक्त हुनुपर्छ भन्ने कुरामा पुन:सहमति जनाउँदै,

आदिवासी जनजाति अन्य कारणका अतिरिक्त उनीहरूको भूमि, क्षेत्र तथा संसाधनहरूमाथि भएको उपनिवेशीकरण वा स्वामित्वहरणले गर्दा इतिहासदेखि नै अन्यायबाट पीडित रहेको र यसरी विशेषगरी आफ्नै

आवश्यकता तथा रुचिअनुसार आफ्नो विकास गर्ने अधिकार उपभोग गर्नबाट उनीहरू बन्चित रहेकोमा चिन्ता व्यक्त गर्दै,

आदिवासीहरूको राजनीतिक, आर्थिक एवं सामाजिक संरचना तथा उनीहरूको संस्कृति, आध्यात्मिक परम्परा, इतिहास एवं दर्शन-विशेषगरी आफ्नो भूमि, क्षेत्र तथा संसाधनहरूमाथिको उनीहरूको अधिकारलाई सम्मान तथा प्रवर्द्धन गर्नुपर्ने अत्यावश्यकतालाई स्वीकार गर्दै,

राज्यहरूसँग भएका सन्धि, सम्झौता तथा अन्य रचनात्मक व्यवस्थाहरूमा घोषणा गरिएका आदिवासी जनजातिका अधिकारलाई सम्मान तथा प्रवर्द्धन गर्नुपर्ने अत्यावश्यकतालाई पनि स्वीकार गर्दै,

आदिवासी जनजातिले राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक विकासका लागि तथा जहाँसुकै भए तापनि सबै किसिमका भेदभाव एवं दमनलाई अन्त्य गर्न आफूहरूलाई सङ्गठित पार्न थालेको कुरालाई स्वागत गर्दै,

आदिवासी जनजाति आफूहरूलाई प्रभाव पार्ने विकास तथा आफ्नो भूमि, क्षेत्र तथा संसाधनमाथिको नियन्त्रणबाट आफ्ना व्यवस्था, संस्कृति र परम्पराहरूलाई कायम राख्न र सशक्त बनाउन तथा आफ्ना आकाङ्क्षा एवं आवश्यकता अनुरूप आफ्नो विकास प्रवर्द्धन गर्न सक्षम हुनेछन् भन्ने कुरामा विश्वस्त हुँदै,

आदिवासीको ज्ञान, संस्कृति तथा परम्परागत प्रचलनहरूप्रतिको सम्मानबाट दिगो एवं समानुपातिक विकास तथा वातावरणको उपयुक्त व्यवस्थापनमा योगदान पुग्ने कुरालाई स्वीकार गर्दै,

शान्ति, आर्थिक एवं सामाजिक प्रगति तथा विकास, विश्वका राष्ट्र तथा

जनताहरूबीच समझदारी एवं मैत्रीपूर्ण सम्बन्धका लागि आदिवासी जनजातिको भूमि तथा क्षेत्रहरूमा असैनिकीकरणले पुऱ्याउने योगदानमा जोड दिँदै,

बालअधिकार अनुरूप आफ्ना बालबालिकाको पालनपोषण, प्रशिक्षण, शिक्षा तथा कल्याणका लागि साझा जिम्मेवारी वहन गर्नेसम्बन्धी आदिवासी परिवार तथा समुदायहरूको अधिकारलाई विशेषगरी स्वीकार गर्दै,

सन्धि, सम्झौता तथा राज्यहरू र आदिवासी जनजातिबीच भएका अन्य रचनात्मक व्यवस्थाहरूमा घोषणा गरिएका अधिकारहरू कुनैकुनै अवस्थामा अन्तर्राष्ट्रिय चासो, अभिरुचि, जिम्मेवारी तथा चरित्रको हुने कुरामाथि विचार पुऱ्याउँदै,

सन्धि, सम्झौता तथा अन्य रचनात्मक व्यवस्था र तिनले प्रतिनिधित्व गर्ने सम्बन्ध आदिवासी तथा राज्यहरूबीचको सुदृढ साझेदारीका आधार हुन् भन्ने कुरामाथि पनि विचार पुऱ्याउँदै,

संयुक्त राष्ट्रसंघीय बडापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि[१] एवं भिएना घोषणापत्र र कार्ययोजनाले[18] सबै मानिसहरूले आफ्नो राजनीतिक स्थितिबारे स्वतन्त्रतापूर्वक निर्णय गर्ने र आफ्नो आर्थिक, सामाजिक र साँस्कृतिक विकासको स्वतन्त्र रूपमा खोजी गर्ने आत्मनिर्णयको अधिकारको मौलिक महत्वप्रति सहमति जनाउँछन् भन्ने कुरालाई मान्दै,

---

[18] हे. प्रस्ताव २२०० क (२१औं), परिशिष्ट । २क/सीओएनएफ । १५७/२४ (भाग १), पाठ ३ ।

अन्तर्राष्ट्रिय कानून अनुरूप अभ्यास गरिएका आत्मनिर्णयसम्बन्धी अधिकारबाट कुनै पनि मानिसलाई बन्चित गर्न यस घोषणापत्रको कुनै पनि कुरालाई प्रयोग गर्न सकिने छैन भन्ने कुरालाई ध्यानमा राख्दै,

यस घोषणापत्रमा आदिवासी जनजातिको अधिकारहरूलाई दिइएको मान्यताले न्याय, प्रजातन्त्र, मानवअधिकारप्रतिको सम्मान, भेदभावहीनता तथा असल नियतसम्बन्धी सिद्धान्तहरूमा आधारित राज्य तथा आदिवासी जनजातिबीच विद्यमान सौहार्दपूर्ण तथा सहयोगी सम्बन्धलाई अभिवृद्धि गर्ने कुरामा विश्वस्त हुँदै,

राज्यका सबै दायित्वहरू अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरू, विशेषगरी मानवअधिकारसम्बन्धी कानुनी दस्तावेज, अन्तर्गत आदिवासी जनजातिमा लागू हुने भएकाले तिनलाई सम्बन्धित मानिसहरूको परामर्श तथा सहयोगमा पालना गर्न तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न राज्यहरूलाई प्रोत्साहित गर्दै,

आदिवासी जनजातिको अधिकारको प्रवर्द्धन तथा संरक्षणमा संयुक्त राष्ट्रसंघले महत्वपूर्ण तथा अनवरत भूमिका निर्वाह गर्नुपर्ने कुरामा जोड दिँदै,

आदिवासी जनजातिको अधिकार तथा स्वतन्त्रतालाई मान्यता प्रदान, प्रवर्द्धन तथा संरक्षण गर्नका लागि र यस क्षेत्रमा संयुक्त राष्ट्रसंघीय प्रणालीका सान्दर्भिक क्रियाकलापहरूको विकासका लागि यो घोषणापत्र थप महत्वपूर्ण कदम हो भन्ने कुरामा विश्वास गर्दै,

आदिवासी व्यक्तिहरू बिना कुनै भेदभाव अन्तर्राष्ट्रिय कानूनद्वारा मान्यता प्रदान गरिएका सम्पूर्ण मानवअधिकारहरूको बिनाभेदभाव हकदार छन् र आदिवासी जनजातिसँग उनीहरूको अस्तित्व, कल्याण तथा मानिसका रूपमा पूर्ण विकसित हुनका लागि अपरिहार्य सामुहिक अधिकारहरू रहेको छ भन्ने कुरालाई स्वीकार गर्दै तथा त्यसप्रति पुनःसहमति जनाउँदै,

आदिवासी जनजातिको स्थिति क्षेत्रक्षेत्रमा तथा राष्ट्रराष्ट्रमा फरक रहेको र राष्ट्रिय तथा क्षेत्रीय विशेषता तथा विभिन्न ऐतिहासिक तथा साँस्कृतिक पृष्ठभूमिलाई ध्यानमा राखिनुपर्ने कुरालाई पनि स्वीकार गर्दै,

साझेदारी तथा आपसी सम्मानको भावना अनुरूप अनुशरण गर्नुपर्ने उपलब्धिको मापदण्डका रूपमा देहायको आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई संवेदनशीलताका साथ घोषणा गर्दछः

**धारा १**

आदिवासी जनजातिसँग सामुहिक रूपमा वा व्यक्तिगत रूपमा संयुक्त राष्ट्रसंघीय बडापत्र, मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र[19] तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनद्वारा स्वीकार गरिएअनुसारका सम्पूर्ण मानवअधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण उपभोग गर्ने अधिकार रहेको छ।

**धारा २**

आदिवासी जनजाति तथा व्यक्तिहरू अन्य सम्पूर्ण मानिस तथा व्यक्तिहरू जतिकै स्वतन्त्र र समान छन् र आफ्नो सम्पूर्ण अधिकार, विशेषगरी उनीहरूको मौलिक उत्पत्ति वा पहिचानमा आधारित अधिकारहरूको उपभोग गर्ने क्रममा कुनै पनि किसिमका भेदभावबाट मूक्त हुने अधिकार राख्दछन्।

---

19 प्रस्ताव २१७ क(३)।

**धारा ३**

आदिवासी जनजातिसँग आत्मनिर्णयको अधिकार छ। त्यस अधिकारका कारण उनीहरू आफ्नो राजनीतिक स्थितिबारे स्वतन्त्र रूपमा निर्णय गर्दछन् र आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासको खोजी गर्दछन् ।

**धारा ४**

आदिवासी जनजातिसँग उनीहरूको आत्मनिर्णयसम्बन्धी अधिकार उपभोग गर्दा आफ्ना आन्तरिक तथा स्थानीय मामिलासँग सम्बन्धित कुराहरू एवं आफ्ना स्वायत्त कार्यहरूमा लगानी गर्ने उपाय र माध्यमहरूबारे स्वायत्त हुने वा स्वशासनको अधिकार छ ।

**धारा ५**

आदिवासी जनजातिसँग आफ्नो पृथक् राजनीतिक, कानूनी, आर्थिक, सामाजिक तथा साँस्कृतिक व्यवस्थालाई कायम राख्ने तथा सबल बनाउने अधिकार छ भने उनीहरूले चाहेमा राज्यको राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्रियाकलापमा पूर्णरूपमा सहभागी हुने अधिकार पनि छ ।

**धारा ६**

प्रत्येक आदिवासी व्यक्तिसँग राष्ट्रियताको अधिकार छ ।

**धारा ७**

१. आदिवासी व्यक्तिहरूसँग बाँच्न पाउने, शारीरिक तथा मानसिक अखण्डता, स्वतन्त्रता तथा व्यक्तिको सुरक्षाको अधिकार छ ।

२. आदिवासी जनजातिसँग अन्य मानिसहरूसँग भएजस्तै पृथक्

मानिसका रूपमा स्वतन्त्रता, शान्ति तथा सुरक्षापूर्वक बाँच्ने सामुहिक अधिकार छ र उनीहरू जातिहत्या वा आफ्नो समुदायका बालबालिकालाई बलपूर्वक अर्को समुदायमा लैजानेलगायतका कुनै पनि किसिमको हिंसामा पर्नुहुँदैन ।

**धारा ८**

१. आदिवासी जनजाति तथा व्यक्तिहरूसँग बलपूर्वक विलयन नहुने वा उनीहरूको संस्कृतिको विनाश नहुने अधिकार छ ।

२. राज्यहरूले देहायका कुराहरू हुन नदिन तथा क्षतिपूर्तिका लागि प्रभावकारी संयन्त्र उपलब्ध गराउनेछन्:

(क) पृथक् मानिसका रूपमा उनीहरूलाई आफ्नो अखण्डता वा आफ्नो साँस्कृतिक मूल्य वा जातीय पहिचानबाट बन्चित पार्ने उद्देश्य भएको वा त्यसमा प्रभाव पार्ने कुनै पनि कार्य;

(ख) आफ्नो भूमि, क्षेत्र वा संसाधनहरूमाथि उनीहरूको स्वामित्व हरण गर्ने उद्देश्य भएको वा त्यसमा प्रभाव पार्ने कुनै पनि कार्य;

(ग) उनीहरूका अधिकारमध्ये कुनै पनि अधिकार उल्लङ्घन गर्ने वा अवमूल्यन गर्ने उद्देश्य भएको वा त्यसमा प्रभाव पार्ने कुनै पनि स्वरूपको बलपूर्वक गरिने सामुहिक बसाइँसराइ;

(घ) कुनै पनि स्वरूपको बलपूर्वक विलयन वा एकीकरणको कार्य;

(ङ) उनीहरूविरुद्ध लक्षित जातिगत वा जातीय भेदभाव प्रवर्द्धन गर्न वा भड्काउन तयार गरिएको कुनै पनि स्वरूपको प्रचारबाजी ।

**धारा ९**

आदिवासी जनजाति तथा व्यक्तिहरूसँग सम्बद्ध समुदाय वा राष्ट्रको परम्परा तथा प्रचलनअनुसार कुनै पनि आदिवासी समुदाय वा राष्ट्रसँग आबद्ध हुने अधिकार छ । यस्तो अधिकार उपभोग गर्दा कुनै पनि किसिमको भेदभाव सिर्जना हुनुहुँदैन ।

**धारा १०**

आदिवासी जनजातिलाई उनीहरूको भूमि वा क्षेत्रबाट बलपूर्वक हटाइने छैन । सम्बन्धित आदिवासी जनजातिको स्वतन्त्र, पूर्व तथा सूचित मञ्जुरीबिना तथा न्यायिक एवं उचित क्षतिपूर्ति दिने सहमति र सम्भव भएमा फिर्ता हुने विकल्प नभई कुनै पुनर्स्थापना कार्य गरिने छैन ।

**धारा ११**

१. आदिवासी जनजातिसँग उनीहरूको आफ्नो साँस्कृतिक परम्परा र प्रचलनहरू मान्ने तथा तिनलाई पुनर्जीवन दिने अधिकार छ । यसमा पुरातात्विक तथा ऐतिहासिक स्थल, कलाकृति, नमूना, उत्सव, प्रविधि तथा दृश्य एवं प्रस्तुति कला र साहित्यजस्ता उनीहरूका संस्कृतिका पूर्व, वर्तमान तथा भावी स्वरूपलाई कायम राख्ने, संरक्षण गर्ने तथा विकास गर्ने अधिकार समेत पर्दछ ।

२. उनीहरूको स्वतन्त्र, पूर्व तथा सूचित स्वीकृतिबिना वा उनीहरूको कानून, परम्परा तथा प्रचलनहरूको उल्लङ्घन हुनेगरी लिइएका उनीहरूको साँस्कृतिक, बौद्धिक, धार्मिक तथा आध्यात्मिक सम्पत्तिहरूका सम्बन्धमा प्रभावकारी संयन्त्रहरू-आदिवासी जनजातिसँगको सहकार्यमा तयार गरिएको प्रत्यवस्थापना समेतका माध्यमबाट राज्यहरूले त्रुटिपूर्ति उपलब्ध गराउनेछन् ।

**धारा १२**

१. आदिवासी जनजातिसँग उनीहरूको आफ्ना आध्यात्मिक तथा धार्मिक परम्परा, प्रचलन र उत्सवहरू प्रदर्शन गर्ने, मान्ने, तिनको विकास गर्ने तथा सिकाउने अधिकार; आफ्ना धार्मिक तथा साँस्कृतिक स्थलको सम्भार गर्ने, संरक्षण गर्ने तथा ती स्थलहरूमा एकान्त पहुँच प्राप्त गर्ने अधिकार; आफ्ना परम्परागत वस्तुहरूको प्रयोग तथा तिनमाथि नियन्त्रण गर्ने अधिकार; र आफ्ना मानव अवशेषहरू स्वदेश फर्काउन पाउने अधिकार छ ।

२. सम्बन्धित आदिवासी जनजातिसँगको सहकार्यमा तयार गरिएको स्वच्छ, पारदर्शी तथा प्रभावकारी संयन्त्रहरूका माध्यमबाट राज्यहरूले उनीहरूको स्वामित्वमा रहेका आनुष्ठानिक वस्तु तथा मानव अवशेषहरूमा पहुँच प्राप्त गर्ने र/वा फिर्ता गर्न सक्ने व्यवस्था खोज्नेछन् ।

**धारा १३**

१. आदिवासी जनजातिसँग उनीहरूको आफ्नो इतिहास, भाषा, मौखिक परम्परा, दर्शन, लेखन प्रणाली तथा साहित्यहरू पुनर्जीवित गर्ने, प्रयोग गर्ने तथा भावी पुस्तालाई हस्तान्तरण गर्ने तथा समुदाय, स्थान र व्यक्तिहरूको आफ्नै नाम राख्ने र तिनलाई कायम राख्ने अधिकार छ ।

२. यो अधिकार संरक्षित भएको कुरा सुनिश्चित गर्नुका साथै आवश्यक भएमा भाषानुवाद वा अन्य कुनै उपयुक्त माध्यमको व्यवस्था गरेर आदिवासी जनजातिले राजनीतिक, कानूनी तथा प्रशासनिक कारबाही बुझ्न सकून् र बुझेका होऊन् भन्ने कुरा सुनिश्चित गर्नका लागि राज्यहरूले प्रभावकारी उपाय अवलम्बन गर्नेछन् ।

**धारा १४**

१. आदिवासी जनजातिसँग पठनपाठनको आफ्नो साँस्कृतिक पद्धतिहरूसँग उपयुक्त हुनेगरी आफ्नै भाषामा शिक्षा उपलब्ध गराउने आफ्ना शिक्षण प्रणाली र संस्थाहरूको स्थापना तथा तिनमाथि नियन्त्रण गर्ने अधिकार छ ।

२. आदिवासी व्यक्तिहरू, विशेषगरी बालबालिकासँग बिना कुनै भेदभाव राज्यको शिक्षाको सम्पूर्ण तह तथा स्वरूपमा अधिकार छ ।

३. आदिवासी व्यक्तिहरू, विशेषगरी आफ्नो समुदायबाहिर जीवनयापन गर्दै आएकालगायतका बालबालिकाका लागि सम्भव भएमा उनीहरूको आफ्नै संस्कृतिमा आफ्नै भाषामा प्रदान गरिएको शिक्षामा पहुँच उपलब्ध गराउन राज्यहरूले आदिवासी जनजातिसँगको सहकार्यमा प्रभावकारी उपाय अवलम्बन गर्नेछन् ।

**धारा १५**

१. आदिवासी जनजातिसँग उनीहरूको आफ्नो संस्कृति, परम्परा, इतिहास तथा आकाङ्क्षाहरूको सम्मान तथा विविधतासम्बन्धी अधिकार छ र यो शिक्षा तथा सार्वजनिक सूचनामा उपयुक्त रूपमा प्रतिविम्बित हुनेछ ।

२. राज्यहरूले पूर्वाग्रहविरुद्ध सङ्घर्ष गर्न र भेदभाव उन्मूलन गर्न तथा आदिवासी जनजाति र समाजका अन्य सम्पूर्ण वर्गहरूबीच सहिष्णुता, समभ्रुदारी र सुसम्बन्ध प्रवर्द्धन गर्न सम्बन्धित आदिवासी जनजातिसँगको परामर्श तथा सहयोगमा प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् ।

**धारा १६**

१. आदिवासी जनजातिसँग उनीहरूका आफ्नै भाषामा आफ्नै सञ्चारमाध्यम स्थापना गर्ने र बिना कुनै भेदभाव सबै प्रकारका गैरआदिवासी सञ्चारमाध्यममा पहुँच प्राप्त गर्ने अधिकार छ ।

२. राज्यहरूले सरकारी सञ्चारमाध्यममा उचित मात्रामा आदिवासी साँस्कृतिक विविधता प्रतिविम्बित होस् भन्ने कुरा सुनिश्चित गर्न प्रभावकारी उपाय अवलम्बन गर्नेछन् । राज्यहरूले अभिव्यक्तिको पूर्ण स्वतन्त्रताको सुनिश्चितताप्रति कुनै पूर्वाग्रह नराखी आदिवासी साँस्कृतिक विविधतालाई पर्याप्त मात्रामा प्रतिविम्बित गर्न निजी स्वामित्वमा रहेका सञ्चारमाध्यमलाई प्रोत्साहित गर्नुपर्छ ।

**धारा १७**

१. आदिवासी जनजाति तथा व्यक्तिहरूसँग लागू हुने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय श्रम कानून अन्तर्गत व्यवस्था गरिएका सम्पूर्ण अधिकारहरूको पूर्ण उपभोग गर्ने अधिकार छ ।

२. राज्यहरूले आदिवासी बालबालिकाको विशेष जोखिमको अवस्था र उनीहरूको सशक्तीकरणका लागि शिक्षाको महत्वलाई ध्यानमा राख्दै उनीहरूलाई आर्थिक शोषणबाट तथा जोखिमपूर्ण हुनसक्ने वा बालबालिकाको शिक्षामा दखल दिनसक्ने वा बालबालिकाको स्वास्थ्य वा शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासमा हानिकारक हुन सक्ने कुनै पनि कामबाट आदिवासीलाई संरक्षण गर्न आदिवासी जनजातिसँगको परामर्श तथा सहयोगमा विशिष्ट उपायहरू अवलम्बन गर्नेछन् ।

३. आदिवासी व्यक्तिहरूसँग श्रम तथा अरू कुराका अतिरिक्त रोजगारी वा तलबसम्बन्धी कुनै पनि भेदभावकारी शर्तहरू आफूहरूमाथि लागू नहुने अधिकार छ ।

**धारा १८**

आदिवासी जनजातिसँग उनीहरूको आफ्नो अधिकारमाथि प्रभाव पार्ने विषयहरूको निर्णय प्रक्रियामा आफ्नै प्रक्रियाअनुरूप आफैँले छानेका प्रतिनिधिमार्फत् सहभागी हुने एवं आफ्नै मौलिक निर्णय गर्ने संस्थाहरूलाई कायम राख्ने तथा सृजना गर्ने अधिकार छ ।

**धारा १९**

आदिवासी जनजातिलाई प्रभाव पार्ने कानूनी वा प्रशासनिक उपायहरू अवलम्बन वा कार्यान्वयन गर्नुपूर्व राज्यहरूले आदिवासी जनजातिको स्वतन्त्र, पूर्व र सूचित मञ्जुरी प्राप्त गर्न सम्बन्धित आदिवासी जनजातिका आफ्नै प्रतिनिधिमूलक संस्थाहरूमार्फत् उनीहरूसँग असल नियतपूर्वक परामर्श र सहयोग गर्नेछन् ।

**धारा २०**

१. आदिवासी जनजातिसँग आफ्नो राजनीतिक, आर्थिक र सामाजिक प्रणाली वा संस्थाहरूको विकास गर्ने, जीविकोपार्जन तथा विकासका आफ्नै माध्यमहरूको उपभोगका सन्दर्भमा सुरक्षित हुने र आफ्ना सम्पूर्ण परम्परागत एवं अन्य आर्थिक क्रियाकलापहरूमा स्वतन्त्रतापूर्वक संलग्न हुने अधिकार छ ।

२. जीविकोपार्जन तथा विकासका आफ्नै साधनहरूबाट बन्चित आदिवासी जनजाति उचित र स्वच्छ त्रुटिपूर्तिका हकदार छन् ।

**धारा २१**

१. आदिवासी जनजातिसँग शिक्षा, रोजगारी, व्यावसायिक प्रशिक्षण र पुन:प्रशिक्षण, आवास, सरसफाई, स्वास्थ्य तथा सामाजिक सुरक्षणका क्षेत्रलगायतमा आफ्नो आर्थिक तथा सामाजिक अवस्थामा बिना कुनै भेदभाव सुधार हुने अधिकार छ।

२. राज्यहरूले उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा नियमित सुधार सुनिश्चित गर्नका लागि प्रभावकारी उपाय र उपयुक्त भए विशेष उपाय अवलम्बन गर्नेछन् । आदिवासी जेष्ठ नागरिक, महिला, युवा, बालबालिका तथा अपाङ्गहरूको अधिकार तथा विशेष आवश्यकताहरूप्रति विशेष ध्यान दिइनेछ ।

**धारा २२**

१. यस घोषणापत्रको कार्यान्वयन गर्दा आदिवासी जेष्ठ नागरिक, महिला, युवा, बालबालिका तथा अपाङ्गका अधिकार तथा विशेष आवश्यकताहरूप्रति विशेष ध्यान दिइनेछ ।

२. आदिवासी महिला तथा बालबालिकाले पूर्ण संरक्षण उपभोग गरून् भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले आदिवासी जनजातिसँगको सहकार्यमा उपायहरू अवलम्बन गर्नेछन् तथा सबै प्रकारका हिंसा र भेदभाव नहुने कुराको प्रत्याभूति गर्नेछन् ।

**धारा २३**

आदिवासी जनजातिसँग विकाससम्बन्धी आफ्नो अधिकार उपभोग गर्नका लागि प्राथमिकता तथा रणनीतिहरू निर्धारण गर्ने तथा तय गर्ने अधिकार छ। विशेषगरी, आदिवासी जनजातिसँग स्वास्थ्य, आवास तथा आफूहरूलाई प्रभावित बनाइरहेका अन्य आर्थिक तथा

सामाजिक कार्यक्रमहरू तर्जूमा तथा निर्धारण गर्न सक्रिय रूपमा सहभागी हुने र सम्भव भएसम्म उनीहरूका आफ्नै संस्थाहरूबाट त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने अधिकार छ ।

**धारा २४**

१. आदिवासी जनजातिसँग आफ्ना परम्परागत औषधि तथा औषधिजन्य वनस्पति, जनावर तथा खनिजहरूको संरक्षणलगायत स्वास्थ्यसम्बन्धी आफ्ना परम्परागत प्रचलनहरूलाई कायम राख्न पाउने अधिकार छ । आदिवासी व्यक्तिहरूसँग बिना कुनै भेदभाव सम्पूर्ण सामाजिक तथा स्वास्थ्य सेवाहरूमा पहुँचको अधिकार पनि छ ।

२. आदिवासी व्यक्तिहरूसँग प्राप्त गर्न सकिने उत्कृष्ट शारीरिक तथा मानसिक स्वास्थ्यस्तर उपभोग गर्ने समान अधिकार छ । यस अधिकारको पूर्ण प्राप्तिका दिशामा प्रगति हासिल गर्ने दृष्टिकोणबाट राज्यहरूले आवश्यक कदम चाल्नेछन् ।

**धारा २५**

आदिवासी जनजातिसँग परम्परादेखि नै उनीहरूले आफ्नो स्वामित्वमा राखेका वा अन्य किसिमबाट कब्जा गरी प्रयोग गर्दै आएको भूमि, क्षेत्र, पानी र तटवर्तीय समुद्र तथा अन्य संसाधनसँगको उनीहरूको पृथक् आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने तथा यस सम्बन्धमा भावी पुस्ताप्रतिको आफ्नो उत्तरदायित्व बहन गर्ने अधिकार छ ।

**धारा २६**

१. आदिवासी जनजातिसँग उनीहरूले परम्परादेखि नै आफ्नो स्वामित्वमा राखेको, कब्जा गरेको वा अन्य किसिमबाट

प्रयोग गर्दै आएको वा हासिल गरेको भूमि, क्षेत्र तथा संसाधनहरूमाथिको अधिकार छ ।

२. आदिवासी जनजातिसँग परम्परागत स्वामित्व वा अन्य परम्परागत कब्जा वा प्रयोगका कारण उनीहरूसँग रहेको तथा उनीहरूले अन्य किसिमबाट हासिल गरेको भूमि, क्षेत्र तथा संसाधनहरूको स्वामित्व पाउने, तिनको प्रयोग गर्ने, विकास गर्ने तथा नियन्त्रण गर्ने अधिकार छ ।

३. राज्यहरूले यी भूमि, क्षेत्र तथा संसाधनहरूलाई कानूनी मान्यता तथा संरक्षण दिनेछन् । त्यस्तो मान्यता सम्बन्धित आदिवासी जनजातिको प्रचलन, परम्परा तथा भूमिस्वामित्व प्रथालाई ध्यानमा राख्दै प्रदान गरिनेछ ।

**धारा २७**

परम्परागत रूपमै स्वामित्वमा रहँदै आएका वा अन्य किसिमबाट कब्जा वा प्रयोग गरिँदै आएकासमेत आदिवासी जनजातिका भूमि, क्षेत्र र संसाधनहरूमा उनीहरूको अधिकारलाई मान्यता प्रदान गर्न र न्याय निरूपण गर्न राज्यहरूले सम्बन्धित आदिवासी जनजातिसँगको सहकार्यमा उनीहरूको कानून, परम्परा, प्रचलन र भूमिस्वामित्व प्रणालीलाई उचित मान्यता दिँदै एउटा स्वच्छ, स्वतन्त्र, निष्पक्ष, खुला र पारदर्शी प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्नेछन् । आदिवासी जनजातिसँग यस प्रक्रियामा सहभागी हुने अधिकार हुनेछ ।

**धारा २८**

१. आदिवासी जनजातिसँग उनीहरूले परम्परागत रूपमै स्वामित्व हासिल गरेका वा अन्य ढङ्गबाट कब्जामा राख्दै आएका वा प्रयोग गर्दै आएका भूमि, क्षेत्र तथा संसाधनहरू

आफ्नो स्वतन्त्र, पूर्व तथा सूचित सहमतिबिना अधिग्रहण गरिए, लिइए, कब्जा गरिए, प्रयोग गरिए वा नष्ट गरिएमा प्रत्यवस्थापनालगायतका माध्यमबाट त्रुटिपूर्ति प्राप्त गर्ने वा सम्भव नभएमा उचित, स्वच्छ र न्यायोचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार छ ।

२. सम्बन्धित मानिसहरूले स्वतन्त्रतापूर्वक सहमति जनाएको अवस्थामा बाहेक क्षतिपूर्ति समान गुणस्तर, आकार र कानूनी हैसियतको भूमि, क्षेत्र र संसाधनका रूपमा वा वित्तीय क्षतिपूर्तिका रूपमा वा अन्य उपयुक्त त्रुटिपूर्तिका रूपमा हुनेछ ।

**धारा २९**

१. आदिवासी जनजातिसँग उनीहरूको वातावरण तथा भूमि वा क्षेत्र र संसाधनको उत्पादन क्षमताको संरक्षण तथा सुरक्षण गर्ने अधिकार छ । यस्ता संरक्षण तथा सुरक्षणका लागि राष्ट्रले बिना कुनै भेदभाव आदिवासी जनजातिका लागि सहयोग कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्नेछ ।

२. आदिवासी जनजातिको स्वतन्त्र, पूर्व तथा सूचित सहमतिबिना उनीहरूको भूमि वा क्षेत्रमा जोखिमयुक्त पदार्थहरूको भण्डारण वा विसर्जन गरिनेछैन भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् ।

३. त्यस्ता पदार्थहरूबाट प्रभावित भएका आदिवासी जनजातिद्वारा तयार तथा कार्यान्वयन गरिए जस्तै गरी आदिवासी जनजातिको स्वास्थ्यको अनुगमन गर्ने, सुस्वास्थ्य कायम राख्ने तथा पुनःस्वस्थ बनाउने कार्यक्रमहरू उचित रूपमा कार्यान्वयन होऊन् भन्ने कुरा सुनिश्चित गर्न पनि राज्यहरूले आवश्यकताअनुसार प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् ।

**धारा ३०**

१. सान्दर्भिक रूपमा सार्वजनिक हितका दृष्टिबाट उल्लेख्य खतरा नरहेसम्म वा सम्बन्धित आदिवासी जनजातिद्वारा स्वतन्त्रतापूर्वक सहमति दिइएको वा अनुरोध गरिएको अवस्थामा बाहेक आदिवासी जनजातिको भूमि वा क्षेत्रमा सैनिक गतिविधि गरिनेछैन ।

२. सैनिक गतिविधिका लागि आदिवासी जनजातिको भूमि वा क्षेत्र प्रयोग गर्नुपूर्व राज्यहरूले उपयुक्त प्रक्रियाका माध्यमबाट र विशेष रूपमा प्रतिनिधिमूलक संस्थाहरूमार्फत् सम्बन्धित आदिवासी जनजातिसँग प्रभावकारी परामर्श गर्नेछन्।

**धारा ३१**

१. आदिवासी जनजातिसँग आफ्नो साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान तथा परम्परागत साँस्कृतिक अभिव्यक्ति एवं आफ्नो विज्ञान, प्रविधि तथा संस्कृतिका अतिरिक्त मानव तथा आनुवंशिक संसाधन, बीउबिजन, औषधि, जीवजन्तु एवं वानस्पतिक सम्पदासम्बन्धी ज्ञान, लोक परम्परा, साहित्य, नमूना, खेलकूद एवं परम्परागत खेल तथा दृश्य एवं प्रस्तुति कलाहरूलाई कायम राख्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने तथा विकास गर्ने अधिकार छ। उनीहरूसँग यस्ता साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान तथा परम्परागत साँस्कृतिक अभिव्यक्तिहरूमाथि आफ्नो बौद्धिक सम्पत्ति कायम राख्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने तथा विकास गर्ने अधिकार पनि छ ।

२. यी अधिकारहरूको उपभोगलाई मान्यता प्रदान गर्न तथा संरक्षण गर्न आदिवासी जनजातिसँगको सहकार्यमा राज्यहरूले प्रभावकारी कदमहरू चाल्नेछन् ।

**धारा ३२**

१. आदिवासी जनजातिसँग आफ्नो भूमि वा क्षेत्र वा अन्य संसाधनहरूको विकास वा प्रयोगका लागि प्राथमिकता र रणनीतिहरू निर्धारण गर्ने तथा तयार गर्ने अधिकार छ।

२. आदिवासी जनजातिको भूमि वा क्षेत्र वा अन्य संसाधन विशेषगरी खनिज, जल वा अन्य संसाधनको विकास, उपयोग वा शोषणसँग सम्बन्धितलाई प्रभावित पार्ने कुनै आयोजना स्वीकृत गर्नुपूर्व राज्यहरूले आदिवासी जनजातिको स्वतन्त्र तथा सूचित सहमति प्राप्त गर्नका लागि उनीहरूको आफ्नै प्रतिनिधिमूलक संस्थाहरूका माध्यमबाट सम्बन्धित आदिवासी जनजातिसँग असल नियतपूर्वक परामर्श तथा सहयोग गर्नेछन्।

३. राज्यहरूले त्यस्ता कुनै पनि क्रियाकलापका लागि उचित तथा न्यायपूर्ण क्षतिपूर्तिका लागि प्रभावकारी संयन्त्र उपलब्ध गराउनेछन् र नकारात्मक वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक वा आध्यात्मिक प्रभाव न्यूनीकरणका लागि उपाय अवलम्बन गरिनेछ।

**धारा ३३**

१. आदिवासी जनजातिसँग उनीहरूको आफ्नो प्रचलन तथा परम्परा अनुरूप आफ्नै मौलिक पहिचान वा सदस्यतासम्बन्धमा निर्णय गर्ने अधिकार छ। आदिवासी जनजाति बसोवास गर्दै आएका राज्यको नागरिकता प्राप्त गर्न पाउने आदिवासी व्यक्तिहरूको अधिकारलाई यसले हनन गर्नेछैन।

२. आदिवासी जनजातिसँग उनीहरूको आफ्नै प्रक्रिया अनुरूप आफ्ना संस्थाहरूको संरचनात्मक स्वरूप निर्धारण गर्ने तथा सदस्यता छनोट गर्ने अधिकार छ।

**धारा ३४**

आदिवासी जनजातिसँग अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू अनुरूप आफ्ना संस्थागत संरचना र आफ्ना पृथक् प्रचलनहरू, आध्यात्मिकता, परम्परा, प्रक्रिया, प्रचलन र अस्तित्वमा रहेको अवस्थामा न्यायिक प्रणाली र प्रचलनहरूको प्रवर्द्धन गर्ने, विकास गर्ने तथा कायम राख्ने अधिकार छ ।

**धारा ३५**

आदिवासी जनजातिसँग आफ्नो समुदायप्रति व्यक्तिहरूको जिम्मेवारी निर्धारण गर्ने अधिकार छ ।

**धारा ३६**

१. आदिवासी जनजाति, विशेषगरी अन्तर्राष्ट्रिय सीमाबाट विभाजित भएकाहरू, सँग उनीहरूका आफ्नै सदस्य एवं सीमापारिका अन्य मानिसहरूसँग आध्यात्मिक, साँस्कृतिक, राजनीतिक, आर्थिक तथा सामाजिक उद्देश्यका क्रियाकलापलगायतमा सम्पर्क, सम्बन्ध र सहयोग कायम गर्ने र अभिवृद्धि गर्ने अधिकार छ ।

२. राज्यहरूले आदिवासी जनजातिसँगको परामर्श तथा सहयोगमा यस अभ्यासलाई सहज बनाउन तथा यस अधिकारको कार्यान्वयन सुनिश्चित गर्नका लागि प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् ।

**धारा ३७**

१. आदिवासी जनजातिसँग राज्य वा तिनका उत्तराधिकारीहरूसँग गरिएका सन्धि, सम्झौता तथा अन्य रचनात्मक व्यवस्थाहरूको मान्यता दिने, पालना गर्ने तथा कार्यान्वयन गर्नेसम्बन्धी

अधिकारका साथै त्यस्ता सन्धि, सम्झौता एवं अन्य उपयोगी व्यवस्थाका लागि राज्यबाट सम्मान तथा आदर प्राप्त गर्ने अधिकार छ ।

२. यस घोषणापत्रका कुनै पनि कुरालाई सन्धि, सम्झौता एवं अन्य रचनात्मक व्यवस्थाहरूमा समावेश गरिएका आदिवासी जनजातिका अधिकारहरू न्यून गर्ने वा निर्मूल गर्ने भनी व्याख्या गरिनेछैन ।

**धारा ३८**

राज्यहरूले आदिवासी जनजातिसँगको परामर्श तथा सहयोगमा यो घोषणापत्रका उद्देश्य हासिल गर्नका लागि कानूनीलगायतका उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

**धारा ३९**

आदिवासी जनजातिसँग यस घोषणापत्रमा समावेश गरिएका अधिकारहरूको उपभोगका लागि राज्यबाट तथा अन्तर्राष्ट्रिय सहयोगमार्फत् आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने अधिकार छ ।

**धारा ४०**

आदिवासी जनजातिसँग राज्य वा अन्य पक्षहरूसँगका द्वन्द्व एवं विवादको समाधानका लागि उचित एवं निष्पक्ष प्रक्रियाका माध्यमबाट शीघ्र निर्णयमा पुग्ने एवं आफ्नो सामुहिक एवं व्यक्तिगत अधिकारहरूको सम्पूर्ण उल्लङ्घनका लागि प्रभावकारी न्यायिक उपचार प्राप्त गर्ने अधिकार छ । त्यस्तो निर्णयले सम्बन्धित आदिवासी जनजातिको प्रचलन, परम्परा, नियम एवं कानूनी प्रणाली तथा अन्तर्राष्ट्रिय मानवअधिकारमाथि उचित विचार पुऱ्याउनेछ ।

**धारा ४१**

संयुक्त राष्ट्रसंघीय प्रणालीका अङ्ग एवं विशिष्टीकृत निकायहरू तथा अन्य अन्तरसरकारी सङ्गठनहरूले वित्तीय सहयोग तथा प्राविधिक सहयोगको परिचालनलगायत अन्य माध्यमबाट यस घोषणापत्रका प्रावधानहरूको पूर्ण कार्यान्वयनका लागि योगदान गर्नेछन् । आदिवासी जनजातिलाई प्रभावित बनाइरहेका मुद्दाहरूमा उनीहरूको सहभागिता सुनिश्चित गर्ने उपाय तथा माध्यमहरूको व्यवस्था गरिनेछ ।

**धारा ४२**

संयुक्त राष्ट्रसंघ, आदिवासी मुद्दाहरूसम्बन्धी स्थायी मञ्चलगायतका यसका अङ्गहरू र राष्ट्रिय स्तरका समेत यसका विशिष्टीकृत निकाय तथा राज्यहरूले यस घोषणापत्रका प्रावधानहरूप्रतिको सम्मान र पूर्ण कार्यान्वयनको प्रवर्द्धन तथा घोषणापत्रको प्रभावकारिताको अनुगमन गर्नेछन् ।

**धारा ४३**

यहाँ पहिचान गरिएका अधिकारहरूले विश्वका आदिवासी जनजातिको जीवन, प्रतिष्ठा तथा कल्याणका लागि न्यूनतम मापदण्ड स्थापित गरेका छन् ।

**धारा ४४**

यहाँ पहिचान गरिएका सम्पूर्ण अधिकार तथा स्वतन्त्रता आदिवासी महिला तथा पुरुष प्रत्येकका लागि समान रूपमा प्रत्याभूत गरिएको छ ।

**धारा ४५**

यस घोषणापत्रका कुनै पनि कुरालाई आदिवासी जनजातिले अहिले उपभोग गरिरहेका वा भविष्यमा प्राप्त गर्ने अधिकारहरूलाई न्यूनीकरण गर्ने वा निर्मूल गर्ने अर्थमा लिइने छैन ।

**धारा ४६**

१. कुनै राज्य, जनता, समूह वा व्यक्तिसँग संयुक्त राष्ट्रसंघीय बडापत्र विपरीत कुनै क्रियाकलापमा संलग्न हुन वा कुनै कार्य गर्न अधिकार हुने अर्थ लाग्ने गरी वा सार्वभौम तथा स्वतन्त्र राज्यको क्षेत्रीय अखण्डता वा राजनीतिक एकाइलाई पूर्ण वा आंशिक रूपमा खण्डित पार्ने वा कमजोर पार्ने कुनै कार्य गर्न अनुमति दिने वा प्रोत्साहित गर्ने अर्थ लाग्ने गरी यस घोषणापत्रका कुनै पनि कुरालाई व्याख्या गर्न सकिनेछैन ।

२. प्रस्तुत घोषणापत्रमा उल्लेख गरिएका अधिकारहरू उपभोग गर्दा सबैको मानव अधिकार तथा मौलिक स्वतन्त्रताको सम्मान गरिनेछ । यस घोषणापत्रमा उल्लेख गरिएका अधिकारहरूको उपभोग गर्दा कानूनद्वारा निर्धारण गरिएका तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दायित्व अनुरूपका जस्ता सीमाभित्र मात्र रहनुपर्नेछ । यस्ता कुनै पनि सीमाहरू गैरभेदभावकारी हुनुका साथै अरूका अधिकार एवं स्वतन्त्रताहरूको उचित पहिचान तथा सम्मान सुनिश्चित गर्ने एवं प्रजातान्त्रिक समाजको उचित तथा सर्वाधिक बाध्यात्मक आवश्यकताहरू समाधान गर्ने उद्देश्यका लागि एकदम आवश्यक हुनेछन् ।

३. यस घोषणापत्रमा उल्लेख गरिएका प्रावधानहरूको व्याख्या न्याय, प्रजातन्त्र, मानवअधिकारप्रतिको सम्मान, समानता, भेदभावहीनता, सुशासन तथा असल नियतका सिद्धान्तहरू अनुरूप गरिनेछ ।

## अनुसूची २

अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १६९
आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९

अन्तर्राष्ट्रिय श्रम संगठनको महासम्मेलनले,

अन्तर्राष्ट्रिय श्रम कार्यालयको संचालक निकायबाट जेनेभामा बोलाइएको र ७ जुन १९८९मा आफ्नो ७६ औं अधिवेशन सम्पन्न गरेको,

आदिवासी जनजाति सम्बन्धी महासन्धि तथा सिफारिश, १९५७मा समाविष्ट अन्तर्राष्ट्रिय मापदण्डहरूलाई उल्लेख गर्दै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र भेदभाव निवारण सम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय लिखतका व्यवस्थाहरूलाई स्मरण गर्दै,

सन् १९५७ देखि अन्तर्राष्ट्रिय कानूनको क्षेत्रमा भएका विकासहरू तथा विश्वका सबै क्षेत्रहरूमा आदिवासी जनजातिका अवस्थाका सम्बन्धमा भएका विकासहरूले यस विषयमा पहिलेका मापदण्डहरूको समिकरणमूलक अभिमुखीकरण हटाउने उद्देश्यले नयाँ अन्तर्राष्ट्रिय मापदण्डहरू स्वीकार गर्न उपयुक्त भएको कुरा विचार गर्दै,

आफ्नो बसोवास रहेका राज्यहरूको संरचनाभित्र आफ्ना संस्थाहरू, जीवनपद्धति तथा आर्थिक विकासमाथि नियन्त्रण गर्न पाउने, आफ्ना पहिचान, भाषा र धर्म कायम राख्ने र विकास गर्ने यी जातिहरूको आकांक्षालाई मान्यता दिदैं,

विश्वका कैयन भागहरूमा यी जातिहरू आफ्नो बसोवास रहेको राज्यभित्र अन्य जनताहरू सरह आफ्ना मौलिक मानव अधिकारहरू उपभोग गर्न असमर्थ रहेको र उनीहरूका कानून, मूल्य, परम्परा र दृष्टिकोणहरू प्राय: हराउँदै गएको कुरा उल्लेख गर्दै,

साँस्कृतिक विविधतामा तथा मानव जातिको सामाजिक तथा पर्यावरणीय सामन्जस्यता तथा अन्तर्राष्ट्रिय सहयोग र समझदारीमा आदिवासी जनजातिले पुऱ्याएको विशिष्ट योगदानतर्फ ध्यानाकर्षण गर्दै,

संयुक्त राष्ट्र संघ, संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन, संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन र विश्व स्वास्थ्य संगठन एवं अन्तर अमेरिकी इण्डियन इन्स्टिच्युटबाट उपयुक्त तह र सम्बन्धित क्षेत्रमा प्राप्त सहयोगमा देहायका व्यवस्थाहरू तर्जूमा गरिएको र यी व्यवस्थाहरूको प्रयोग प्रवर्द्धन र सुनिश्चित गर्न यस्तो सहयोग जारी राख्न प्रस्ताव गरिएको कुरा उल्लेख गर्दै,

यस अधिवेशनको चौथो कार्यसूचीको रुपमा रहेको आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९५७ (संख्या १०७) को आंशिक संशोधन सम्बन्धी केही प्रस्तावहरू ग्रहण गर्ने निर्णय गर्दै, तथा

यी प्रस्तावहरूले आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९५७ लाई संशोधन गरी एउटा अन्तर्राष्ट्रिय महासन्धिको रुप लिने कुराको निर्णय गर्दै,

आज एक हजार नौ सय उनानब्बे सालको जुन महिनाको सत्ताइसौं तारिखका दिन आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ भनिने देहायको महासन्धिलाई पारित गरेको छ ।

## भाग १ सामान्य नीति

### धारा १

१. यो महासन्धि देहायका जनजाति तथा जनताहरूको हकमा लागू हुनेछ,

(क) सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाहरूले राष्ट्रिय समुदायका अन्य समूहहरूबाट फरक रहेका, जसको अवस्था आफ्नै परम्परा वा प्रथा वा विशेष कानून वा नियमहरूको कारणबाट पूर्ण वा आंशिक रुपमा नियमित हुने हैसियत भएका स्वतन्त्र मुलुकका आदिवासी जनजातिहरू ।

(ख) विजय गरिएका वा औपनिवेशीकरणका वर्तमान राज्य सीमानाको स्थापना हुँदाका बखत कुनै मुलुक वा सो मुलुक रहेको कुनै भौगोलिक क्षेत्रमा बसोवास गरेका बासिन्दाहरूको वंश भएको कारणले आदिवासी मानिने र आफनो कानूनी हैसियत जस्तोसुकै भए तापनि आफ्नो केही वा सबै सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक संस्थाहरू कायम राख्ने स्वतन्त्र मुलुकका जनताहरू ।

२. आदिवासी जनजातिको रुपमा स्व-पहिचान यस महासन्धिका व्यवस्थाहरू लागू हुने समूहहरूको निर्धारण गर्नका लागि एउटा मौलिक मापदण्ड मानिनेछ ।

३. यस महासन्धिमा प्रयुक्त जनता शब्दलाई अन्तर्राष्ट्रिय कानून अन्तर्गत सो शब्दले जनाउन सक्ने अधिकारहरूका सम्बन्धमा कुनै पनि प्रभाव पार्ने गरी व्याख्या गरिने छैन ।

### धारा २

१. सम्बन्धित जनताको सहभागितामा ती जनताको अधिकार संरक्षण गर्न र निजहरूको अखण्डताको सम्मानलाई प्रत्याभूत गर्न समन्वित र प्रणालीवद्ध कार्यको विकास गर्ने जिम्मेवारी सरकारहरूको हुनेछ ।

२. यस्तो कार्यमा देहायका उपायहरू समेत समावेश हुनेछन्

(क) राष्ट्रिय कानून तथा नियमहरूले मुलुकको जनसंख्याका अन्य सदस्यहरूलाई प्रदान गरेको अधिकार तथा अवसरहरूबाट यी जनताका सदस्यहरूले समान रुपमा फाइदा लिएको सुनिश्चित गर्ने,

(ख) यी जनताको सामाजिक तथा साँस्कृतिक पहिचान, परम्परा तथा प्रथा र संस्थाहरूप्रतिको सम्मान राख्दै निजहरूका सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारहरूको पूर्ण कार्यान्वयनको प्रवर्द्धन गर्ने,

(ग) यी जनताहरूको आकाँक्षा तथा जीवन पद्धतिसँग अनुकूल हुने गरी आदिवासी तथा राष्ट्रिय समुदायका अन्य सदस्यहरूबीच मौजुदा सामाजिक, आर्थिक खाडलहरू उन्मूलन गर्न सम्बन्धित जनताका सदस्यहरूलाई सहयोग गर्ने ।

**धारा ३**

१. आदिवासी जनजातिहरूले मानव अधिकार तथा मौलिक स्वतन्त्रताका सबै उपायहरू निर्वाध रुपमा वा कुनै भेदभाव बिना उपभोग गर्नेछन् । यस महासन्धिका व्यवस्थाहरू यी जनताका पुरुष तथा महिला सदस्यहरूका हकमा बिना कुनै भेदभाव लागू हुनेछन् ।

२. यस महासन्धिमा उल्लिखित अधिकारहरूलगायत सम्बन्धित जनताका मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको उल्लङ्घन गर्ने कुनै किसिमको बल वा शक्ति प्रयोग गरिने छैन ।

**धारा ४**

१. सम्बन्धित जनताका संस्थाहरू, सम्पत्ति, श्रम, संस्कृति र

वातावरण तथा व्यक्तिहरूको सुरक्षाको लागि उपयुक्ततानुसार विशेष उपायहरू पारित गरिनेछन् ।

२. यस्ता विशेष उपायहरू सम्बन्धित जनताका स्वतन्त्र रुपमा अभिव्यक्त भएका इच्छाहरू विपरित हुने छैनन् ।

३. यस्ता विशेष उपायहरूले नागरिकका साधारण अधिकारहरूको भेदभावरहित उपभोगमा कुनै पनि किसिमले प्रतिकूल प्रभाव पार्ने छैनन् ।

**धारा ५**

यस महासन्धिका व्यवस्थाहरू लागू गर्दा,

(क) यस्ता जनताका सामाजिक, साँस्कृतिक, धार्मिक तथा आध्यात्मिक मूल्य तथा प्रचलनहरूलाई मान्यता दिई संरक्षण गरिने छ र निजहरूले समूहगत तथा व्यक्तिगत रुपमा झेल्नु परेका समस्याहरूको प्रकृतिलाई समुचित ध्यान दिइनेछ ।

(ख) यस्ता जनताका मूल्य, अभ्यास तथा संस्थाहरूको अखण्डतालाई सम्मान गरिनेछ ।

(ग) प्रभावित जनताको सहभागिता र सहयोगमा, यस्ता जनताले जीवन तथा कामका नयाँ अवस्थाहरूको सम्बन्धमा अनुभव गरेका कठिनाईहरू न्यूनीकरण गर्ने उद्देश्य भएका नीतिहरू ग्रहण गरिनेछ ।

**धारा ६**

१. यस महासन्धिका अवस्थाहरू लागू गर्दा, सरकारले देहाय बमोजिम गर्नेछन्

(क) यी जनतालाई प्रत्यक्ष रुपमा प्रभाव पार्नसक्ने कानूनी वा प्रशासनिक कामहरूका सम्बन्धमा विचार गर्दा उपयुक्त कार्यविधिहरू र खासगरी निजहरूका प्रतिनिधिमूलक

संस्थाहरूमार्फत सम्बन्धित जनतासँग परार्मश गर्ने,

(ख) निजहरूसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको लागि जिम्मेवार निर्वाचित संस्था तथा प्रशासनिक र अन्य निकायहरूमा निर्णय गर्ने सम्पूर्ण तहहरूमा जनसंख्याका अन्य तहहरू जुन हदसम्म सहभागी भएका छन्, कम्तीमा सोही हदमा यी जनताहरू स्वतन्त्र ढँगले सहभागी हुनसक्ने माध्यम स्थापित गर्ने,

(ग) यी जनताका आफ्नै संस्था तथा पहलहरूको पूर्ण विकासका लागि माध्यम खडा गर्ने तथा उपयुक्त भएको अवस्थामा यस प्रयोजनका लागि आवश्यक स्रोतहरू उपलब्ध गराउने ।

२. यस महासन्धिको कार्यान्वयन गर्दा गरिने परामर्श असल नियतले र परिस्थिति अनुकूल हुनेगरी प्रस्तावित उपायहरूका सम्बन्धमा सहमति वा सम्झौता हासिल गर्ने उद्देश्यले गरिनेछ ।

**धारा ७**

१. सम्बन्धित जनताहरूलाई आफ्नो जीवन, आस्था, संस्था तथा आध्यात्मिक कल्याण तथा निजहरूले ओगटेको वा अन्य किसिमले प्रयोग गरेको भूमिमा प्रभाव पार्ने विकासको प्रक्रियाका लागि आफ्नो प्राथमिकता निर्धारण गर्ने तथा सम्भव भएको हदसम्म आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास उपर नियन्त्रण कायम राख्ने अधिकार हुनेछ । यसका अतिरिक्त निजहरूलाई प्रत्यक्ष रुपमा प्रभाव पार्नसक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका योजना र कार्यक्रमहरूको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कनमा निजहरू सहभागी हुनेछन् ।

२. प्रभावित जनताको सहभागिता र सहयोगमा निजहरूको जीवन र कार्य अवस्था तथा स्वास्थ्य र शिक्षाको तहमा

सुधार ल्याउने विषय, निजहरू बसोवास गर्ने क्षेत्रहरूको समग्र आर्थिक विकास गर्ने योजनाहरूमा प्राथमिकता प्राप्त विषय हुनेछ । यस्ता क्षेत्रहरूको विकासका लागि तय गरिने विशेष आयोजनाहरू समेत यस्तो सुधार प्रवर्द्धन गर्ने किसिमले तय गरिनेछ ।

३. सरकारहरूले उपयुक्त भएको अवस्थामा सम्बन्धित जनताको सहयोगमा योजनाबद्ध विकासका काम कारवाहीहरूबाट निजमा पर्ने सामाजिक, आध्यात्मिक, साँस्कृतिक र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अध्ययनहरू संचालन गर्ने कुरा सुनिश्चित गर्नेछन् । त्यस्ता अध्ययनका निष्कर्षहरूलाई कार्यक्रम कार्यान्वयनका लागि मुख्य आधारको रुपमा लिइनेछ ।

४. सरकारहरूले, सम्बन्धित जनताहरूको सहयोगमा, निजहरू बसोवास गर्ने भू-क्षेत्रहरूको वातावरण संरक्षण र बचावट गर्ने उपायहरू अपनाउनेछन् ।

**धारा ८**

१. सम्बन्धित जनताहरूको हकमा राष्ट्रिय कानून र नियमहरू लागू गर्दा निजहरूको परम्परा वा परम्परागत कानूनहरूलाई समुचित ध्यान दिइनेछ ।

२. राष्ट्रिय कानून प्रणाली तथा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानव अधिकारबाट परिभाषित भएका मौलिक अधिकारसँग नबाझिएको अवस्थामा यी जनताहरूलाई आफ्नो परम्परा तथा संस्थाहरू कायम राख्ने अधिकार हुनेछ । यो सिद्धान्त लागू गर्दा उत्पन्न हुनसक्ने विवाद समाधान गर्न आवश्यक भएको अवस्थामा, कार्यविधिहरू स्थापित गरिनेछन् ।

३. यस धाराका प्रकरण १ र २ कार्यान्वयन भएको कारणले यी

जनताका सदस्यहरूलाई सम्पूर्ण नागरिकहरूलाई प्रदान गरिएका अधिकारहरूको प्रयोग गर्न तथा तदअनुरुपका कर्तव्यहरू पालना गर्नबाट रोक लगाउने छैन ।

**धारा ९**

१. राष्ट्रिय कानून प्रणाली तथा अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त मानव अधिकारसँग अनुकूल भएको हदसम्म सम्बन्धित जनताहरूबाट आफ्ना सदस्यहरूले गरेको कसूरलाई नियमित गर्ने सम्बन्धमा परम्परागत रुपमा अभ्यास हुँदै आएका विधिहरूको सम्मान गरिने छ ।

२. दण्ड सजायका व्यवस्था सम्बन्धी यी जनताका परम्पराहरूलाई त्यस्ता मुद्दाहरू हेर्ने अधिकारी तथा अदालतहरूले ध्यान दिनेछन् ।

**धारा १०**

१. यी जनताका सदस्यहरू उपर सामान्य कानूनले व्यवस्था गरेको दण्ड सजाय लागू गर्दा निजहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक विशिष्टताहरूलाई ध्यान दिइनेछ ।

२. कारागारमा बन्द गर्ने बाहेकका दण्ड सजायका विधिहरूलाई प्राथमिकता दिइनेछ ।

**धारा ११**

कानूनले सम्पूर्ण नागरिकहरूको हकमा लागू हुनेगरी तोकेको अवस्थामा बाहेक, पारिश्रमिक भुक्तानी गरी वा नगरी सम्बन्धित जनताका सदस्यहरूबाट अनिवार्य रुपमा कुनै पनि किसिमले वैयक्तिक सेवा लिने कार्यलाई कानूनद्वारा निषेधित र दण्डनीय मानिनेछ ।

**धारा १२**

सम्बन्धित जनताको अधिकारहरूको दुरुपयोग भएको विरुद्धमा यस्ता अधिकारहरूको प्रभावकारी कार्यान्वयनको लागि निजहरूले व्यक्तिगत रुपमा वा आफना प्रतिनिधिमूलक निकायहरूमार्फत कानूनी कारवाही चलाउन सक्नेगरी निजको अधिकार सुरक्षित गरिनेछ। यी जनताका सदस्यहरूले आवश्यक भएको अवस्थामा अनुवादको माध्यमबाट वा अन्य प्रभावकारी माध्यमबाट निजहरूले कानूनी कारवाही बुझ्न सकेको र निजहरूलाई बुझ्न सकिएको कुरा सुनिश्चित गर्ने उपायहरू अपनाइनेछन्।

## भाग २ भूमि

**धारा १३**

१. महासन्धिको यस भागका व्यवस्थाहरू लागू गर्दा सरकारले सम्बन्धित जनताका संस्कृति र आध्यात्मिक मूल्यहरूको लागि अवस्थानुसार निजहरूले ओगटेका वा अन्य कुनै पनि किसिमले प्रयोग गरेका भूमि वा भू-क्षेत्र वा दुवैसँग निजहरूको सम्बन्धको र खासगरी यस सम्वन्धको सामूहिक पक्षको विशेष महत्वलाई सम्मान गर्नेछन्।

२. धारा १५ र १६मा प्रयुक्त भूमि भनिने शब्दले सम्बन्धित जनताले ओगटेका वा अन्य किसिमले प्रयोग गरेका क्षेत्रहरूको समग्र पर्यावरणलाई समेट्ने भू-क्षेत्रको अवधारणा समेतलाई जनाउनेछ।

**धारा १४**

१. सम्बन्धित जनताले परम्परागत रुपमा ओगट्दै आएको भूमिमा निहित निजहरूको स्वामित्व र भोगाधिकारलाई

मान्यता दिइनेछ। यसका अतिरिक्त, सम्बन्धित जनताहरूले एकलौटी रुपमा नओगटेका तर जीविकोपार्जन र परम्परागत गतिविधिको लागि परम्परागत रुपमा पहुँच प्राप्त गरेका भूमि प्रयोग गर्ने निजहरूको अधिकारको रक्षा गर्नको लागि उपयुक्त अवस्थाहरूमा उपायहरू अपनाइने छन्। यस सम्बन्धमा फिरन्ते जनता र घुमन्ते किसानहरूको अवस्था उपर विशेष ध्यान दिइनेछ।

२. सरकारहरूले सम्बन्धित जनताहरूले परम्परागत रुपमा ओगटेको भूमि पहिचान गर्न तथा निजहरूको स्वामित्व र भोगाधिकारको प्रभावकारी संरक्षणको प्रत्याभूति दिन आवश्यक कदमहरू चाल्नेछन्।

३. सम्बन्धित जनताहरूले गरेका भूमिसम्बन्धी दावीहरू समाधान गर्न राष्ट्रिय कानून प्रणालीमा पर्याप्त कार्यविधिहरूको व्यवस्था गरिनेछ।

**धारा १५**

१. सम्बन्धित जनताका भूमिसम्बन्धी प्राकृतिक स्रोतहरूको अधिकारलाई विशेष रुपमा सुरक्षित गरिनेछ। यस्ता अधिकारहरूमा यस्ता स्रोतहरूको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागी हुने यी जनताको अधिकारसमेत समावेश छ।

२. खनिज पदार्थ वा अन्य भूमिगत स्रोतहरूको स्वामित्व वा भूमिसम्बन्धी अन्य स्रोतहरूको अधिकार राज्यमा निहित रहने अवस्थामा राज्यले यस्ता जनताका भूमिसम्बन्धी यस्ता स्रोतहरूको अन्वेषण वा उपयोगका लागि कुनै पनि कार्यक्रम संचालन गर्दा वा संचालन गर्ने अनुमति दिनु पूर्व निजहरूको हितमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने वा पर्ने भए कुन हदसम्म प्रतिकूल प्रभाव पार्न सक्ने हो सो कुरा निर्धारण गर्ने उद्देश्यले यी जनताहरूसँग परामर्श गर्ने कार्यविधिहरू स्थापित

गर्ने वा कायम राख्नेछ। सम्बन्धित जनताहरू सम्भव भएसम्म यस्ता काम कारवाहीबाट हुने लाभमा सहभागी हुनेछन् र यस्ता काम कारवाहीको कारणबाट आफूलाई कुनै हानी, नोक्सानी हुन गएमा निजहरूले सो वापत मुनासिब क्षतिपूर्ति प्राप्त गर्नेछन्।

**धारा १६**

१. यस धाराका देहायका प्रकरणको अधीनमा रही सम्बन्धित जनताहरूले ओगटेका भूमिबाट निजहरूलाई हटाइने छैन्।

२. अपवादजनक उपायका रुपमा यस्ता जनताहरूको ठाउँसारी आवश्यक देखिएको अवस्थामा निजहरूको स्वतन्त्र र जानकारीसहितको सहमति लिएर मात्र यस्तो ठाउँसारी गरिनेछ। निजहरूको सहमति प्राप्त गर्न नसकिने भएमा सम्बन्धित जनताको प्रभावकारी प्रतिनिधित्वको लागि मौका दिनुपर्ने व्यवस्था तथा उपयुक्त भएमा सार्वजनिक जाँचबुझ गर्नेसमेत व्यवस्था गर्ने राष्ट्रिय कानून र नियमहरूबाट स्थापित उपयुक्त कार्यविधिहरू अवलम्बन गरेर मात्रै त्यस्तो ठाउँसारी गरिने छ।

३. जहाँ जहिले सम्भव हुन्छ, यी जनताहरूलाई ठाउँसारी गर्नुपर्ने कारणहरू समाप्त हुनेबित्तिकै निजहरूको परम्परागत भूमिमा फर्कन पाउने अधिकार हुनेछ।

४. त्यसरी फर्कन सम्भव नभएको अवस्थामा सम्झौतामा निर्धारण भए बमोजिम वा यस्तो सम्झौता नभएको अवस्थामा उपयुक्त कार्यविधि अनुसार यी जनताहरूलाई सर्म्पूण सम्भावित अवस्थाहरूमा निजहरूको वर्तमान आवश्यकता र भावी विकासको लागि व्यवस्था गर्न उपयुक्त र कम्तीमा निजहरूले पहिले ओगटेका भूमिको गुणस्तर र कानूनी हैसियत सरहको भूमि उपलब्ध गराइनेछ। सम्बन्धित जनताहरूले

मौद्रिक वा जिन्सी क्षतिपूर्तिलाई प्राथमिकता दिएकोमा निजहरूलाई उपयुक्त जमानतमा त्यसरी क्षतिपूर्ति उपलब्ध गराइनेछ ।

५. यसरी ठाउँसारी भएका जनताहरूलाई त्यसबाट हुनजाने कुनै पनि हानी वा नोक्सानी वापत पूर्ण रुपमा क्षतिपूर्ति उपलब्ध गराइनेछ ।

**धारा १७**

१. सम्बन्धित जनताहरूले निजहरूका सदस्यहरूलाई भूमिसम्बन्धी अधिकार हस्तान्तरण गर्न स्थापित गरेका कार्यविधिहरूलाई सम्मान गरिनेछ ।

२. आफ्नो समुदाय बाहिर निजहरूको भूमि बिक्री गर्ने वा अन्य तरिकाले हकहस्तान्तरण गर्ने निजहरूको सक्षमताका सम्बन्धमा विचार गर्दा सम्बन्धित जनताहरूसँग परार्मश गरिनेछ ।

३. यी जनताहरूको भूमिको स्वामित्व, भोगचलन वा उपयोग प्राप्त गर्न निजहरूसँग असम्बन्धित व्यक्तिलाई यी जनताहरूको परम्परा वा निजहरूको सदस्यले कानून नबुझ्केको कारणबाट पाउने फाइदा लिनबाट रोक लगाइनेछ ।

**धारा १८**

सम्बन्धित जनताहरूको भूमिको अनधिकृत अतिक्रमण वा भोग गरे वापत कानूनद्वारा पर्याप्त दण्ड सजायको व्यवस्था गरिनेछ र यस्ता कसूरहरू रोक्न सरकारहरूले उपायहरू अपनाउने छन् ।

**धारा १९**

राष्ट्रिय कृषि कार्यक्रमहरूले देहायका विषयहरूका सम्बन्धमा

जनसंख्याको अन्य क्षेत्रहरूलाई प्रदान गरिएको व्यवहार सरहको समान व्यवहार सम्बन्धित जनताहरूलाई प्रदान गरिएको कुरा सुनिश्चित गर्नेछन् ।

(क) आफ्नो सामान्य जीवनयापनका लागि अत्यावश्यक कुराहरूको वा निजहरूको संख्यामा हुने सम्भाव्य वृद्धिको व्यवस्थापन गर्न आवश्यक क्षेत्र नभएको अवस्थामा यी जनताहरूलाई अधिकतम भूमि हुने व्यवस्था,

(ख) यी जनताहरूको भोगचलनमा रहेको भूमिको विकास प्रवर्द्धन गर्न आवश्यक साधनहरूको व्यवस्था ।

## भाग ३ भर्ना तथा रोजगारीका अवस्थाहरू

**धारा २०**

१. राष्ट्रिय कानून र नियमहरूको संरचनाभित्र रही तथा सम्बन्धित जनताहरूको सहयोगमा, सरकारहरूले सामान्य रुपमा कामदारहरूको हकमा लागू हुने कानूनहरूबाट निजहरूको संरक्षण प्रभावकारी रुपले नभएको हदसम्म यस्ता जनताहरूसँग सम्बन्धित कामदारहरूको भर्ना र रोजगारीका अवस्थाहरूसँग सम्बन्धित प्रभावकारी संरक्षण सुनिश्चित गर्न विशेष उपायहरू अवलम्बन गर्नेछन् ।

२. सरकारहरूले सम्बन्धित जनताहरूसँग सम्बन्धित कामदारहरू र अन्य कामदारहरूबीचको कुनै पनि भेदभाव रोक्नको लागि र खासगरी देहायका कुराहरूका सम्बन्धमा सम्भव हरेक कार्यहरू गर्नेछन् ।

(क) दक्ष रोजगारीलगायत रोजगारमा प्रवेश र बढुवा तथा पदोन्नतिका उपायहरू,

(ख) समान मूल्यको कामको लागि समान पारिश्रमिक,

(ग) औषधोपचार र सामाजिक सहायता, पेशागत सुरक्षा र स्वास्थ्य, सम्पूर्ण सामाजिक सूरक्षाका लाभहरू तथा पेशागत रुपमा सम्बन्धित अन्य कुनै पनि लाभ तथा आवास,

(घ) संघ, संस्थाको अधिकार तथा कानूनी ट्रेड युनियन गतिविधिहरू गर्ने सम्पूर्ण स्वतन्त्रता तथा रोजगारदाताहरू वा रोजगारदाता संस्थाहरूसँग सामुहिक सम्झौताहरू गर्ने अधिकार ।

३. अवलम्बन गरिएका उपायहरूमा देहायका कुराहरू सुनिश्चित गर्ने उपायहरू समेत समावेश हुनेछन्,

(क) सम्बन्धित जनताहरूसँग सम्बन्धित कामदारहरू, कृषिजन्य तथा अन्य रोजगारीमा संलग्न मौसमी, आकस्मिक र आप्रवासी कामदारहरूलगायत श्रम ठेकेदारहरूले रोजगारीमा लगाएका कामदारहरूसमेतले राष्ट्रिय कानून तथा अभ्यासबाट सोही क्षेत्रमा संलग्न अन्य त्यस्तै कामदारहरूलाई प्रदान गरिएको संरक्षण उपभोग गर्ने र निजहरूलाई श्रम कानून अन्तर्गतका निजहरूका अधिकार तथा निजहरूलाई उपलब्ध भएका उपचारका उपायहरूको बारेमा पूर्णजानकारी गराउने कुरा,

(ख) यी जनताहरूसँग सम्बन्धित कामदारहरूलाई र खासगरी किटनाशक वा अन्य विषालु पदार्थहरूको संसर्ग हुने अवस्थामा निजहरूको स्वास्थ्यको लागि जोखिमपूर्ण हुने कार्य वातावरणमा काम गर्न नलगाइने कुरा,

(ग) यी जनताहरूसँग सम्बन्धित कामदारहरूलाई बधुवा श्रम वा ऋृण तिर्न नसकेको कारणले दास हुनुपर्ने अन्य किसिमको कामलगायत बलपूर्वक भर्ना प्रणालीहरू अन्तर्गत भर्ना नगरिने कुरा,

(घ) यी जनताहरूसँग सम्बन्धित कामदारहरूले महिला र पुरुषका लागि रोजगारीमा समान अवसर र समान व्यवहार उपयोग गर्ने र यौनजन्य दुर्व्यवहार विरुद्ध संरक्षण पाउने कुरा ।

४. प्रस्तुत महासन्धिको यस भागका व्यवस्थाहरूको पालना भएको कुरा सुनिश्चित गर्ने उद्देश्यले सम्बन्धित जनताहरूसँग सम्बन्धित कामदारहरूले ज्यालादारी रोजगारी गरेका क्षेत्रहरूमा पर्याप्त श्रम निरीक्षण सेवाहरू स्थापित गर्नेतर्फ विशेष ध्यान दिइनेछ ।

## भाग ४ व्यावसायिक तालीम, हस्तकला र ग्रामीण उद्योगहरू

**धारा २१**

सम्बन्धित जनताका सदस्यहरूले व्यावसायिक तालीमका उपायहरूको सम्बन्धमा कम्तीमा अन्य नागरिकहरूले पाउने सरह समान अवसरहरू उपभोग गर्नेछन् ।

**धारा २२**

१. सामान्य प्रयोगका व्यावसायिक तालीम कार्यक्रमहरूमा सम्बन्धित जनताका सदस्यहरूको स्वेच्छिक सहभागिता प्रवर्द्धन गर्ने उपायहरू अपनाइनेछन् ।

२. सामान्य प्रयोगका व्यावसायिक तालीम कार्यक्रमहरूले सम्बन्धित जनताहरूका विशेष आवश्यकताहरूलाई पूरा नगरेको अवस्थामा सरकारहरूले यी जनताहरूको सहभागितामा विशेष तालीम कार्यक्रम र सुविधाहरूको व्यवस्था मिलाउनेछन् ।

३. कुनै पनि विशेष तालीम कार्यक्रम सम्बन्धित जनताहरूको आर्थिक वातावरण, सामाजिक र साँस्कृतिक अवस्था तथा व्यवहारिक आवश्यकतामा आधारित हुनेछ । यस सम्बन्धमा गरिएको कुनै पनि अध्ययन यी जनताहरूसँगको सहयोगमा गरिनेछ र यस्ता कार्यक्रमको संगठन र संचालनका सम्बन्धमा यी जनताहरूसँग परामर्श गरिनेछ । सम्भव भएको अवस्थामा यी जनताहरूले त्यस्तो निर्णय गरेमा यस्ता विशेष तालीम कार्यक्रमको संगठन र संचालनको लागि प्रगतिशील रुपमा जिम्मेवारी बहन गर्नेछन् ।

**धारा २३**

१. हस्तकला, ग्रामीण र समुदायमा आधारित उद्योगहरू तथा सम्बन्धित जनताहरूको निर्वाहमुखी अर्थतन्त्र र शिकार खेल्ने, माछा मार्ने, पासो थाप्ने र जम्मा गर्ने जस्ता परम्परागत कृयाकलापहरूलाई निजहरूको संस्कृतिको सर्म्बद्धन तथा आर्थिक आत्मनिर्भरता विकासमा महत्वपूर्ण तत्वहरूको रुपमा मान्यता दिइनेछ । सरकारहरूले उपयुक्त भएको अवस्थामा यस्ता जनताहरूको सहभागितामा त्यस्ता कृयाकलापहरू सुदृढ गरिएको र प्रर्वद्धन गरिएको कुरा सुनिश्चित गर्नेछन् ।

२. सम्बन्धित जनताको अनुरोधमा सम्भव भएको अवस्थामा त्यस्ता जनताको परम्परागत प्रविधि र साँस्कृतिक विशेषताहरू तथा दिगो र समन्यायिक विकासलाई दृष्टिगत गरी उपयुक्त प्राविधिक र वित्तीय सहायता उपलब्ध गराइनेछ ।

## भाग ५ सामाजिक सुरक्षा तथा स्वास्थ्य

**धारा २४**

सम्बन्धित जनताको रक्षावरण गर्नेगरी सामाजिक सुरक्षासम्बन्धी योजनाहरूको विकास प्रगतिशील रुपमा गरिने छ र निजहरू विरुद्ध कुनै पनि भेदभाव नगरी यस्ता योजनाहरूको कार्यान्वयन गरिनेछ ।

**धारा २५**

१. सरकारहरूले सम्बन्धित जनताहरूलाई पर्याप्त स्वास्थ्य सेवाहरू उपलब्ध भएको सुनिश्चित गर्ने वा निजहरूले शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चतम उपलब्ध स्तर उपभोग गर्न सक्नेगरी निजहरूको आफ्नै जिम्मेवारी र नियन्त्रण अन्तर्गत यस्ता सेवाहरू तय गरी उपलब्ध गराउन निजहरूलाई स्रोतहरू उपलब्ध गराउनेछन् ।

२. स्वास्थ्य सेवाहरू सम्भव भएसम्म समुदायमा आधारित हुनेछन् । सम्बन्धित जनताको सहयोगमा यस्ता सेवाहरूको तर्जूमा गरी संचालन गरिनेछ र यस्ता सेवाहरूले निजहरूको आर्थिक, भौगोलिक, सामाजिक र साँस्कृतिक अवस्था तथा निजहरूको निरोधात्मक हेरचाह, उपचारात्मक अभ्यास र औषधिलाई ध्यान दिनेछन् ।

३. स्वास्थ्य उपचार प्रणालीले स्थानीय समुदायका स्वास्थ्यकर्मीहरूको तालीम र रोजगारीलाई प्राथमिकता दिने र स्वास्थ्य उपचार सेवाका अन्य तहहरूसँग सवल सम्बन्ध कायम राख्दै प्राथमिक स्वास्थ्य सेवामा जोड दिनेछ ।

४. यस्ता स्वास्थ्य सेवाहरूको व्यवस्था गर्दा मुलुकमा अपनाइएका अन्य सामाजिक, आर्थिक र साँस्कृतिक उपायहरूसँग समन्वय गरिनेछ ।

## भाग ६ शिक्षा तथा संचार माध्यम

**धारा २६**

सम्बन्धित जनताका सदस्यहरूलाई कम्तीमा राष्ट्रिय समुदायका अन्य जनतासँग समान आधारमा सबै तहमा शिक्षा हासिल गर्ने अवसर उपलब्ध भएको कुरा सुनिश्चित गर्न उपायहरू अपनाइनेछन् ।

**धारा २७**

१. सम्बन्धित जनताको लागि शैक्षिक कार्यक्रम र सेवाहरू त्यस्ता जनताका विशेष आवश्यकताहरूलाई सम्वोधन गर्न निजहरूसँगको सहयोगमा विकास र कार्यान्वयन गरिनेछ र त्यस्ता कार्यक्रम र सेवाहरूले निजहरूको इतिहास, ज्ञान र प्रविधि, मूल्य प्रणाली (भ्यालु सिष्टम्स्) र उत्तरोत्तर सामाजिक, आर्थिक तथा साँस्कृतिक आकाँक्षाहरूलाई समेट्नेछन् ।

२. सक्षम अधिकारीले उपयुक्तता अनुसार यस्ता जनताका लागि यस्ता कार्यक्रमहरूको संचालनको लागि प्रगतिशील रुपमा जिम्मेवारी हस्तान्तरण गर्ने उद्देश्यले शैक्षिक कार्यक्रमहरूको तर्जूमा र कार्यान्वयनका सम्बन्धमा सम्बन्धित जनताका सदस्यहरूलाई तालीम दिइएको र त्यसमा निजहरूको संलग्नता रहेको सुनिश्चित गर्नेछ ।

३. यसका अतिरिक्त सरकारहरूले आफ्नो शैक्षिक संस्था तथा सुविधाहरू स्थापित गर्ने यी जनताको अधिकारलाई मान्यता दिनेछन् । तर यस्ता संस्थाहरूले यी जनताहरूसँग परामर्श गरी सक्षम अधिकारीबाट स्थापित न्यूनतम मापदण्डहरू पूरा गरेको हुनुपर्दछ । यस प्रयोजनका लागि उपयुरक्त स्रोतहरू उपलब्ध गराइनेछ ।

**धारा २८**

१. सम्बन्धित जनताका बालबालिकालाई व्यवहारिक भएसम्म निजहरूको आफ्नै मातृभाषा वा निजहरूको समूहबाट सबभन्दा बढी बोलिने भाषामा पढ्न र लेख्न सिकाइनेछ। यो व्यवहारिक नभएमा, सक्षम अधिकारीहरूले यो उद्देश्य हासिल गर्ने उपायहरू अपनाउने अभिप्रायले यी जनतासँग परामर्श गर्नेछन्।

२. यी जनतालाई मुलुकको राष्ट्रिय भाषा वा मुलुकको कुनै एक औपचारिक भाषामा सहज ढंगले बोल्न अवसर प्राप्त भएको कुरा सुनिश्चित गर्न पर्याप्त उपायहरू अपनाइनेछन्।

३. सम्बन्धित जनताका मातृभाषाको संरक्षण, विकास र अभ्यास तथा प्रवर्द्धन गर्ने उपायहरू अपनाइनेछन्।

**धारा २९**

निजहरूको आफ्नै समुदायमा र राष्ट्रिय समुदायमा पूर्ण रुपले तथा समान आधारमा सहभागी हुन सम्बन्धित जनताका बालबालिकालाई सहयोग गर्ने सामान्य ज्ञान र शीप उपलब्ध गराउनु नै यी जनताका लागि शिक्षाको लक्ष्य हुनेछ।

**धारा ३०**

१. सरकारहरूले सम्बन्धित जनताको परम्परा र संस्कृति अनुरुपका उपायहरूद्वारा तथा खासगरी श्रम, आर्थिक अवसर, शिक्षा र स्वास्थ्यसम्बन्धी कुराहरू, सामाजिक कल्याणसम्बन्धी निजहरूका अधिकार तथा कर्तव्यहरू र यस महासन्धिबाट नि:सृत निजहरूका अधिकारहरूका सम्बन्धमा निजहरूलाई जानकारी गराउने उपायहरू अपनाउनेछन्।

२.	आवश्यक भएमा लिखित अनुवादको माध्यमबाट तथा यस्ता जनताका भाषाहरूमा आम संचारको प्रयोगमार्फत यो कार्य गरिने छ ।

**धारा ३१**

राष्ट्रिय समुदायका सबै समूहहरू र खासगरी सम्बन्धित जनतासँग निकटतम प्रत्यक्ष सम्पर्क भएका समूहहरूबीच यस्ता समूहहरूले यी जनताका सम्बन्धमा राख्नसक्ने पूर्वाग्रहहरू उन्मूलन गर्ने उद्देश्यले शैक्षिक उपायहरू अपनाइने छ । इतिहासका पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरूले यस्ता जनताका समाज तथा संस्कृतिहरूको स्वच्छ, यथार्थपरक र जानकारीमूलक तस्वीर उपलब्ध गराएको सुनिश्चित गर्ने प्रयत्न गरिनेछ ।

## भाग ७ सीमा वारपारको सर्म्पक र सहयोग

**धारा ३२**

आर्थिक, सामाजिक, साँस्कृतिक, आध्यात्मिक र वातावरणीय क्षेत्रहरूमा गरिने क्रियाकलापहरूलगायतका क्षेत्रमा सीमा वरिपरिका आदिवासी तथा जनजातिहरूबीचको सम्पर्क र सहयोग सहज बनाउन सरकारहरूले अन्तर्राष्ट्रिय सम्झौताहरू समेतका उपयुक्त उपायहरू अपनाउने छन् ।

## भाग ८ प्रशासन

**धारा ३३**

१.	यस महासन्धिमा समेटिएका कुराहरूको लागि जिम्मेवार सरकारी अधिकारीले सम्बन्धित जनतालाई प्रभाव पार्ने

कार्यक्रमहरू संचालन गर्ने विद्यमान निकायहरू वा अन्य उपयुक्त संयन्त्रहरूले त्यस्ता निकाय र संयन्त्रलाई सुम्पिएका कामहरू उपयुक्त किसिमले सम्पन्न गर्न आवश्यक साधन त्यस्ता निकाय र संयन्त्रमा रहेको कुरा सुनिश्चित गर्नेछ ।

२. यस्ता कार्यक्रमहरूमा देहायका कुराहरू समावेश हुनेछन्:

(क) सम्बन्धित जनताको सहयोगमा यस महासन्धिमा व्यवस्था भएका उपायहरूको लागि योजना तर्जूमा, समन्वय, कार्यान्वयन र मूल्याङ्कन गर्ने,

(ख) सम्बन्धित जनताको सहयोगमा सक्षम निकायहरू समक्ष कानूनी तथा अन्य उपायहरू प्रस्ताव गर्ने र अपनाइएका उपायहरूको प्रयोगको सुपरीवेक्षण गर्ने ।

## भाग ९ सामान्य प्रावधानहरू

### धारा ३४

प्रत्येक मुलुकको विशिष्ट अवस्थाहरूलाई दृष्टिगत गर्दै यस महासन्धिलाई कार्यान्वयन गर्ने उपायहरूको प्रकृति र क्षेत्र लचिलो किसिमले निर्धारण गरिनेछ ।

### धारा ३५

यस महासन्धिका व्यवस्थाहरूको प्रयोगले अन्य महासन्धि तथा सिफारिश, अन्तर्राष्ट्रिय लिखत, सन्धि वा राष्ट्रिय कानून, निर्णय, परम्परा वा सम्झौताहरू बमोजिम जनताका अधिकार तथा लाभहरू उपर प्रतिकूल प्रभाव पार्ने छैन ।

## भाग १० अन्तिम प्रावधानहरू

**धारा ३६**

यस महासन्धिले आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९५७ लाई संशोधन गरेको छ ।

**धारा ३७**

यो महासन्धिको अनुमोदन गरिएको औपचारिक लिखत दर्ता गर्नको लागि अन्तर्राष्ट्रिय श्रम कार्यालयका महानिर्देशक समक्ष पठाइने छ ।

**धारा ३८**

१. महानिर्देशक समक्ष अनुमोदनको लिखत दर्ता गराएका अन्तर्राष्ट्रिय श्रम संगठनका सदस्यहरूको हकमा मात्र यो महासन्धि बन्धनकारी हुनेछ ।

२. महानिर्देशक समक्ष दुई सदस्यहरूको अनुमोदनको लिखित दर्ता भएको मितिले बाह्र महिनादेखि यो महासन्धि प्रारम्भ हुनेछ ।

३. त्यसपछि यो महासन्धिको अनुमोदनको लिखत दर्ता गराउने सदस्यको हकमा त्यसरी दर्ता गराएको मितिले बाह्र महिनापछि प्रारम्भ हुनेछ ।

**धारा ३९**

१. यो महासन्धिको अनुमोदन गरेको सदस्यले यो महासन्धि प्रारम्भ भएको मितिले शुरुको दश वर्ष समाप्त भएपछि अन्तर्राष्ट्रिय श्रम कार्यालयका महानिर्देशक समक्ष दर्ताको लागि सूचना सम्प्रेषण गरी यो महासन्धि परित्याग गर्न सक्नेछ । त्यसरी गरिएको परित्याग सूचना दर्ता भएको मितिले एक वर्षसम्म लागू हुने छैन ।

२. यो महासन्धि अनुमोदन गर्ने र यस धारामा व्यवस्था भए बमोजिमको परित्यागको अधिकार अघिल्लो प्रकरणमा उल्लिखित दश वर्षको अवधि समाप्त भएपछिको वर्षभित्र प्रयोग नगर्ने प्रत्येक सदस्यको हकमा यो महासन्धि दश वर्षको अर्को अवधिसम्म बन्धनकारी हुनेछ र त्यसपछि त्यस्तो सदस्यले यस धारामा उल्लिखित शर्तहरू अन्तर्गत दश वर्षको प्रत्येक अवधि समाप्त भएपछि यो महासन्धि परित्याग गर्न सक्नेछ।

**धारा ४०**

१. अन्तर्राष्ट्रिय श्रम कार्यालयको महानिर्देशकले संगठनका सदस्यहरूले सम्प्रेषण गरेका सबै अनुमोदन र परित्यागहरूको दर्ताको सूचना अन्तर्राष्ट्रिय श्रम संगठनका सबै सदस्यहरूलाई दिनेछन्।

२. महानिर्देशकले संगठनका सदस्यहरूलाई निजसमक्ष पठाएको दोस्रो अनुमोदनको दर्ताको जानकारी दिंदा सो मितिसम्म यो महासन्धि लागू हुने कुरामा संगठनका सदस्यहरूको ध्यानाकर्षण गराउनेछन्।

**धारा ४१**

अन्तर्राष्ट्रिय श्रम कार्यालयका महानिर्देशकले यस अघिका धाराहरूको व्यवस्था बमोजिम आफू समक्ष दर्ता भएका अनुमोदनहरू र परित्यागका सबै कार्यहरूको सम्पूर्ण विवरण दर्ताको लागि संयुक्त राष्ट्र संघको बडापत्रको धारा १०२ अनुसार संयुक्त राष्ट्र संघको महासचिवलाई दिनेछन्।

**धारा ४२**

आफूले आवश्यक ठानेका बखत अन्तर्राष्ट्रिय श्रम कार्यालयको संचालक निकायले यस महासन्धिको कार्यान्वयनसम्बन्धी प्रतिवेदन महासम्मेलनमा प्रस्तुत गर्ने र यस महासन्धिका आंशिक वा पूर्ण संशोधनको प्रश्न सम्मेलनको कार्यसूचीमा राख्न वाञ्छनीय भए वा नभएको एकिन गर्नेछ ।

**धारा ४३**

१. सम्मेलनले यो महासन्धिलाई पूर्ण वा आंशिक रुपमा संशोधन गरी नयाँ महासन्धि स्वीकार गरेमा नयाँ महासन्धिले अन्यथा व्यवस्था गरेकोमा बाहेक,

(क) कुनै सदस्यबाट संशोधन गर्ने नयाँ महासन्धि अनुमोदन भएमा संशोधन गर्ने नयाँ महासन्धि प्रारम्भ हुँदाका बखत उपर्युक्त धारा ३९ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो महासन्धि तुरुन्तै विधिवत परित्याग गरिएको मानिनेछ ।

(ख) संशोधन गर्ने नयाँ महासन्धि प्रारम्भ भएको मितिदेखि यो महासन्धि सदस्यहरूबाट अनुमोदन हुनका लागि खुला रहने छैन ।

२. यो महासन्धि अनुमोदन गरेका, तर संशोधन गर्ने महासन्धि अनुमोदन नगरेका सदस्यहरूको हकमा कुनै पनि अवस्थामा यो महासन्धि वर्तमान स्वरुप र अन्तरवस्तुमा नै लागू रहनेछ ।

**धारा ४४**

प्रस्तुत महासन्धिका अंग्रेजी र फ्रान्सेली भाषाका प्रतिहरू समान रुपमा आधिकारिक रहेका छन् ।